NCC Bank
नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि.
Nepal Credit & Commerce Bank Ltd.

# नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेडको प्रवन्धपत्र तथा नियमावलीमा प्रस्तावित संशोधनको तीनमहले

NCC Bank
नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि.
Nepal Credit & Commerce Bank Ltd.

# नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेडको प्रवन्धपत्रमा प्रस्तावित संशोधनको तीनमहले

**नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड को प्रवन्धपत्रमा**
**प्रस्तावित संशोधनको**
**तीनमहले**

| हालको व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित<br>नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेडको<br>प्रबन्धपत्र | **कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित**<br>**नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेडको**<br>**प्रबन्धपत्र** | |
| १. **बैंकको नाम :** यस बैंकको नाम नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड हुनेछ, जसलाई अंग्रेजीमा Nepal Credit & Commerce Bank Ltd. भनिनेछ र यसपछि बैंक भनिएको छ। | १. **कम्पनीको नाम :** यस कम्पनीको नाम "नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड" हुनेछ र यसलाई "Nepal Credit & Commerce Bank Ltd." भनिनेछ । यसलाई छोटकरीमा नेपालीमा "एन.सी.सी. बैंक" र अंग्रेजीमा "NCC Bank" भनिनेछ । जसलाई यसपछि "बैंक" भनि सम्वोधन गरिनेछ। | १. नेपाल राष्ट्र बैंकले तोकिदिएको प्रवन्धपत्रको ढाँचा अनुसार साथै प्रचलनमा रहेको बैंकको छोटकरीमा नामलाई समावेश गरिएको। |
| २.(१) **बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगानाः**<br>यस बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय लुम्बिनी अञ्चल, रुपन्देही जिल्ला, सिद्धार्थनगर नगरपालिका वडा नं. ५ मा रहनेछ । यसको कर्पोरेट कार्यालय बागमती अञ्चल, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. ३१, बागबजारमा रहनेछ।<br><br>(२) बैंकको कारोबार गर्ने स्थान : यस बैंकको कारोबार गर्ने स्थान नेपालको जुनसुकै स्थानमा रहनेछ र आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई शाखा, उपशाखा वा अन्य कार्यालय खोली कारोबार गर्न सकिनेछ। प्रचलित कानूनको रीत पुऱ्याई नेपाल राष्ट्र बैंकको स्वीकृति लिई यस बैंकले विदेशमा पनि शाखा, उपशाखा तथा सम्पर्क कार्यालय खोली कारोबार गर्न सक्नेछ। | २. **बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना :** (१) यस बैंकको रजिष्टर्ड (केन्द्रिय) कार्यालय काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वार्ड नं. २८ (साविक ३१) बागबजारमा रहनेछ।<br><br>(२) यस बैंकको कार्यक्षेत्र नेपाल भर हुनेछ। नेपाल राष्ट्र बैंकको स्वीकृति लिई आवश्यकता अनुसार शाखा, उपशाखा वा अन्य कार्यालय खोली बैंकिङ्ग तथा वित्तीय कारोबार गर्न सकिनेछ।<br><br>(३) प्रचलित कानूनको रीत पुऱ्याई नेपाल राष्ट्र बैंकको स्वीकृति लिई यस बैंकले विदेशमा पनि शाखा, उपशाखा तथा सम्पर्क कार्यालय खोली बैंकिङ्ग तथा वित्तीय कारोबार गर्न सकिनेछ। | २. नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि. मा इन्फ्रास्ट्रक्चर, एपेक्स,सुप्रिम र इन्टरनेशनल डेभलपमेन्ट बैंक लि. एक आपसमा गाभ्न/गाभिन नेपाल राष्ट्र बैंकबाट अन्तिम स्वीकृति प्रदान गर्दा बुँदा नं ४ मा बैंकको केन्द्रिय कार्यालय काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं ३१( साविक) हाल वडा नं. २८ बागबजारमा रहने गरी स्वीकृत प्राप्त भएकोले सोही अनुसार मिलाइएको। |
| ३.**बैंकको मुख्य उद्धेश्य :** १) नेपाल राष्ट्र बैंक ऐन, २०५८, प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, प्रचलित कम्पनी सम्बन्धी कानून तथा अन्य प्रचलित कानूनको अधीनमा रही वित्तीय कारोबार (बैंकिङ्ग व्यवसाय) गर्ने यस बैंकको मुख्य उद्धेश्यहरु देहाय बमोजिम हुनेछ :-<br><br>(क) बैंकका निक्षेपकर्ता तथा शेयरधनीको हकहितको संरक्षण र सम्वर्द्धन गर्दै सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने, | ३. **बैंकले गर्ने व्यवसाय वा कारोवारको प्रकृति** : बैंकले बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन, २०७३ को दफा ४९ को उपदफा (१) तथा यस प्रवन्धपत्र र नियमावली बमोजिम बैंकिङ्ग तथा वित्तीय व्यवसायको कारोवार गर्नेछ। | ३. नेपाल राष्ट्र बैंकले तोकिदिएको प्रवन्धपत्रको ढाँचा अनुसार मिलाइएको |

| | | |
|---|---|---|
| (ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशिल व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवं उत्पादकत्व वृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरीक तथा बाह्य स्रोतबाट जुटाई देशको आद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुर्‍याउने,<br><br>(ग) उपलब्ध सीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवं रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास विस्तार एवं प्रबर्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुर्‍याउने र<br><br>(घ) मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने ।<br><br>२) बैंकले उपदफा (१) बमोजिमको उद्धेश्य प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा ईजाजत प्राप्त गर्नुपर्ने भएमा सो प्राप्त गरी मात्र कार्यान्वयन गरिने छ ।<br><br>३) उपदफा (१) मा उल्लेखित उद्धेश्यको सम्बन्धमा अनुमति वा इजाजत प्राप्त गरेको पन्ध्र दिनभित्र त्यस्तो अनुमति वा ईजाजतपत्रको प्रतिलिपि कार्यालयमा पेश गरिनेछ । | | |
| ४. **बैंकको उद्धेश्य प्राप्त गर्न गरिने कामहरु** : यस बैंकले माथि दफा ३ बमोजिमको उद्धेश्य हासिल गर्न प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून बमोजिम कु वर्गको ईजाजतपत्र प्राप्त संस्थाको रुपमा रही प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, प्रचलित कम्पनी सम्बन्धी कानून तथा अन्य प्रचलित कानूनको अधीनमा रही देहाय बमोजिमका कार्यहरु गर्न सक्नेछ<br><br>(क) व्याज वा विना व्याजमा निक्षेप स्वीकार गर्ने तथा त्यस्तो निक्षेपको भुक्तानी दिने,<br><br>(ख) नेपाल राष्ट्र बैंकले समय-समयमा तोकेको तरिका अनुसार जमीन, भवन वा अन्य कुनै सम्पत्तिको धितामा वा धितो बिना वा बैंकलाई मान्य हुने अन्य कुनै सम्पत्तिको धितो वा सुरक्षणमा कृषि, उद्योग, व्यापारको प्रयोजनका लागि कर्जा तथा वित्तीय सुविधा प्रदान गर्ने,<br><br>(ग) प्रचलित कानूनको अधीनमा रही विदेशी विनिमय कारोबार गर्ने,<br><br>(घ) हायर पर्चेज, हाइपोथिकेशन, लिजिङ्ग, हाउजिङ्ग, तथा सेवा व्यवसायको | ४. **<u>बैंकको मुख्य उद्देश्य</u>** : (१) नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधीनमा रही बैंकिङ्ग तथा वित्तीय कारोवार गर्ने यस बैंकको मुख्य उद्देश्यहरू देहाय बमोजिम हुनेछः-<br><br>(क) बैंकको निक्षेपकर्ताको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै स्वस्थ्य प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो बैंकिङ्ग तथा वित्तीय मध्यस्थता सेवा उपलब्ध गराउने,<br><br>(ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रूपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, बिस्तार र क्षमता एवम् उत्पादकत्व बृद्धिका लागि आवश्यक बैंकिङ्ग तथा वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, ब्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुर्‍याउने,<br><br>(ग) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित रुपमा परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रबर्धन गर्ने र सो कार्यको लागि | ४. नेपाल राष्ट्र बैंकले तोकिदिएको प्रवन्धपत्रको ढाँचा अनुसार मिलाइएको |

| | | |
|---|---|---|
| लागि कर्जा दिने,<br><br>(ङ) नेपाल राष्ट्र बैंकले दिएको निर्देशनको अधीनमा रही मर्चेन्ट बैंकिङ्ग कारोबार गर्ने,<br><br>(च) अन्य बैंक तथा वित्तीय संस्थासँग मिली सहवित्तीयकरणको आधारमा धितो विभाजन (पारीपासु) गर्ने गरी आपसमा भएको सम्झौता अनुसार संयुक्त रुपमा कर्जा दिने दिलाउने व्यवस्था गर्ने,<br><br>(छ) आफ्नो ग्राहकको तर्फबाट जमानतपत्र जारी गर्ने र सो वापत ग्राहकसंग आवश्यक शर्त गराउने, सुरक्षण लिने, निजको चल अचल सम्पत्ति धितोबन्धक लिने वा तेस्रो व्यक्तिको जेथा जमानत लिने,<br><br>(ज) स्वदेशी वा विदेशी बैंक वा वित्तीय संस्थाको जमानतमा कर्जा दिने,<br><br>(झ) प्रतीत-पत्र, विनिमयपत्र, प्रतिज्ञापत्र, चेक, यात्रुचेक, ड्राफ्ट वा अन्य वित्तीय उपकरण निष्काशन गर्ने, स्वीकार गर्ने, भुक्तानी दिने, डिस्काउण्ट गर्ने वा खरिद बिक्री गर्ने,<br><br>(ञ) नेपाल राष्ट्र बैंकले दिएको निर्देशनको अधीनमा रही टेलिफोन, टेलेक्स, फ्याक्स, कम्प्युटर वा म्याग्नेटिक टेप वा अन्य त्यस्तै प्रकारका विद्युतीय उपकरण वा साधनको माध्यमबाट निक्षेप लिने, भुक्तानी दिने, रकमान्तर गर्ने,<br><br>(ट) नेपाल राष्ट्र बैंकले दिएको निर्देनको अधीनमा रही क्रेडिट कार्ड, डेविट कार्ड, चार्ज कार्ड लगायतका अन्य वित्तीय उपकरणहरु जारी गर्ने, स्वीकार गर्ने र सो सम्बन्धी कार्य गर्न एजेण्ट नियुक्त गर्ने,<br><br>(ठ) अटोमेटेड टेलर मेशिन र क्यास डिस्पेन्सिङ्ग मेशिनको माध्यमबाट निक्षेप लिने, भुक्तानी दिने र कर्जा दिने,<br><br>(ड) आफूले पत्याएको व्यक्तिलाई अधिविकर्ष कर्जा दिने,<br><br>(ढ) आफूकहाँ पहिले नै धितो रहिसकेको चल अचल सम्पत्तिको मूल्यले खामेसम्मको रकम पुनः एकैपटक वा पटक-पटक गरी कर्जा दिने वा अन्य बैंक तथा वित्तीय संस्थामा धितो रहिसकेको चल अचल सम्पतिको पुनः धितोमा त्यसको मूल्यले खामेसम्मको रकम पुनः एकैपटक वा पटक-पटक गरी कर्जा दिने,<br><br>(ण) नेपाल राष्ट्र बैंकले तोकेको शर्तमा नेपाल राष्ट्र बैंकको एजेण्ट भई नेपाल सरकारको तर्फबाट सरकारी कारोबार लगायत अन्य कारोबार गर्ने, | आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रूपमा संलग्न भई सहयोग पुऱ्याउने,<br><br>(घ) बैंकिङ्ग तथा वित्तीय सेवामा जोखिम कम गर्दै बैंकिङ्ग तथा वित्तीय क्षेत्रको उदारीकरणमा मद्दत पुऱ्याउने र देशको अर्थतन्त्रलाई सवल तथा सुदृढ बनाउन सहयोग पुऱ्याउने, र<br><br>(ङ) देशको समग्र वित्तीय प्रणाली प्रति सर्वसाधारणको विश्वसनियता अभिवृद्धि गर्ने सहयोग पुऱ्याउने ।<br><br>(च) नेपाल धितोपत्र बोर्डले स्वीकृत प्रदान गरेको धितोपत्र निक्षेप सम्वन्धी सम्पूर्ण सेवा प्रदान गर्ने ।<br><br>(छ) बिमा कम्पनीहरुको एजेण्ट भई विविध कार्यहरु गर्ने ।<br><br>(२) बैंकले उपदफा (१) मा बमोजिमको उद्देश्यहरु कार्यान्वयन गर्न प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गर्नु पर्ने भएमा सो प्राप्त भएपछि मात्र कार्यान्वयन गरिनेछ ।<br><br>(३ ) उपदफा (१) मा उल्लेखित उद्देश्यको सम्बन्धमा अनुमति वा इजाजत प्राप्त गरेको पन्ध्र दिन भित्र त्यस्तो अनुमति वा इजाजतपत्रको प्रतिलिपि कार्यालयमा पेश गरिनेछ । | (च) धितोपत्र निक्षेप सम्वन्धी थप सेवा प्रदान गर्न आवश्यक भएकोले ।<br>(छ) विमा कम्पनीहरुसंग व्यवसायिक समवन्ध कायम गरी ग्राहकहरुलाई सुविधा प्रदान गर्नुपर्ने भएकोले |

| | | |
|---|---|---|
| (त) नेपाल राज्यभित्र वा विदेशमा विनिमयपत्र, चेक वा अन्य वित्तीय उपकरणद्वारा रकम पठाउने वा चलान गर्ने, सुन, चाँदी, शेयर, डिवेन्चर, बण्ड आदि खरिद गर्ने र शेयरको लाभांश तथा प्रतिज्ञापत्र, डिवेन्चर, बण्ड आदिको व्याज असुलउपर गर्ने,<br><br>(थ) ग्राहकको निमित्त कमिशन एजेण्ट भई शेयर, डिवेन्चर वा सुरक्षणको जिम्मा लिने, खरिद बिक्री गरिदिने, शेयरको लाभांश, डिवेन्चर वा सुरक्षणको व्याज आदि उठाई दिने र सो को लाभांश, मुनाफा वा व्याज नेपाल राज्यभित्र वा विदेशमा समेत पठाउने,<br><br>(द) नेपाल सरकार वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋण पत्र खरिद बिक्री गर्ने वा सकार गर्ने,<br><br>(ध) सेफ डिपोजिट भल्टको व्यवस्था गर्ने,<br><br>(न) नेपाल राष्ट्र बैंकले तोकिदिएको शर्तमा वासलात वाहिरको कारोबार गर्ने ,<br><br>(प) विपन्न वर्ग, न्यून आय भएका परिवार, दैवी प्रकोप पिडित तथा देशको कुनै क्षेत्रका वासिन्दाको आर्थिक उत्थानको लागि व्यक्तिगत वा सामूहिक जमानीमा नेपाल राष्ट्र बैंकले तोके बमोजिम रकमसम्म कर्जा दिने,<br><br>(फ) आफू तथा अन्य बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिने ऋणी वा ग्राहकको विवरण, सूचना वा जानकारी नेपाल राष्ट्र बैंक वा कुनै अन्य बैंक तथा वित्तीय संस्था बीच लिनेदिने,<br><br>(ब) अन्य कुनै बैंक तथा वित्तीय संस्थाबाट आफ्नो ग्राहकलाई कर्जा उपलब्ध गराउन जमानी बस्ने,<br><br>(भ) नेपाल राष्ट्र बैंकले तोकिदिएको सिमाभित्र रही शेयर, डिवेन्चर, बण्ड, ऋणपत्र बचतपत्र वा अन्य वित्तीय उपकरणको माध्यमबाट पूँजी परिचालन गर्ने,<br><br>(म) आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकबाट पुनरकर्जा लिने वा अन्य बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिने,<br><br>(य) परियोजना स्थापना संचालन र मूल्याङ्कन सम्बन्धि अध्ययन, अनुसन्धान, सर्वेक्षण गर्ने गराउने तथा तालिम, परामर्श र अन्य जानकारी उपलब्ध गराउने,<br><br>(र) परियोजनाको प्रबर्द्धनका लागि नेपाल सरकार वा अन्य स्वदेशी वा विदेशी निकायबाट प्राप्त भएको रकम कर्जाको रुपमा प्रवाह गर्ने वा कर्जाको व्यवस्थापन गर्ने, | | |

| | | |
|---|---|---|
| (ल) कुनै व्यक्ति वा संस्थालाई कर्जा दिंदा वा निजसंग कुनै कारोबार गर्दा आफ्नो हितको संरक्षणका लागि आवश्यकता अनुसार शर्त गराउने,<br><br>(व) आफ्नो चल अचल जायजेथा धितो राखी कर्जा लिने,<br><br>(श) संचालक समितिले बनाएको विनियमको अधीनमा रही कर्जा अपलेखन गर्ने,<br><br>(ष) आफ्नो जायजेथाको उचित प्रबन्ध वा बिक्री गर्ने,<br><br>(स) नेपाल राष्ट्र बैंकले तोकेका अन्य काम गर्ने,<br><br>(ह) बैंकलाई आवश्यक पर्ने जग्गा, भवन, सवारी साधन र आवश्यक उपकरण खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्ने,<br><br>(क्ष) बैंकलाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाको शर्तहरु निर्धारण गर्ने,<br><br>(त्र) बैंकमा लगानी भएको शेयरको रकम तथा त्यसबाट आर्जित रकम बैंकमा जम्मा गरी बैंक खाता संचालन गर्ने ,<br><br>(ज्ञ) बैंकलाई आवश्यक पर्ने रकम बैंक वा कुनै वित्तीय संस्थाबाट धितो राखी वा नराखी कर्जा लिने,<br><br>(कक) कर्जा प्रवाह गर्दा धितो स्वरुप लिईएको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने, सो को प्रबन्ध तथा बिक्री गर्ने,<br><br>(कख) बैंकको नामबाट शेयर तथा डिवेन्चर खरीद गर्न तथा त्यसलाई बिक्री गर्न सक्ने,<br><br>(कग)प्रचलित कानुन र सम्बन्धित निकायको स्वीकृति लिई आफ्ना ग्राहकहरुको लागि मात्र वीमा अभिकर्ताको रुपमा कार्य गर्ने । | | |
| **५. बैंकको अधिकृत पूँजीको अङ्क र विभिन्न प्रकारको शेयर संख्या :** १) बैंकको अधिकृत पूँजीको अङ्क, पूँजी संरचना र विभिन्न प्रकारको शेयर संख्या देहाय बमोजिम हुनेछ :-<br><br>(क) बैंकको अधिकृत पूँजी रू. १०,००,००,००,०००।- (अक्षरेपी रु. दश अर्ब) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रू. १००।- का दरले १०,००,००,०००/- (दश करोड) थान साधारण शेयरमा बिभाजित गरिएको छ । | ५. **<u>बैंकको उद्देश्य प्राप्ति गर्न गरिने कार्यहरू</u> :** यस बैंकले दफा ४ बमोजिमको उद्देश्य प्राप्त गर्न कम्पनी ऐन २०६३ को दफा १८ को उपदफा (१) को खण्ड (घ) र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ४९ को उपदफा (१) वमोजिम "क" वर्गको इजाजतपत्र प्राप्त संस्थाको रुपमा रहने गरी सो ऐन, कम्पनी कानुन तथा अन्य प्रचलित कानुनको अधिनमा रही देहाय वमोजिमका कार्यहरु गर्न सक्नेछः- | ५. नेपाल राष्ट्र बैंकले तोकिदिएको प्रवन्धपत्रको ढाँचा अनुसार मिलाइएको र बैंक तथा वित्तिय संस्था सम्वन्धि ऐन, २०७३ को दफा ४९(१) बमोजिमका उद्देश्यहरु राखिएका छन साथै अन्य उद्देश्य साविकको व्यवस्थालाई समावेश गरिएको । |

| | | |
|---|---|---|
| ख) बैंकको तत्काल जारी गर्ने शेयर पूँजी रू. ४,६७,९०,५८,२००।- अक्षरेपी रु. चार अर्ब सतसट्ठी करोड नब्बे लाख अन्ठाउन्न हजार दुईसय) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १००।- का दरले ४,६७,९०,५८२ (चार करोड सतसट्ठी लाख नब्बे हजार पाँच सय बयासी) थान साधारण शेयरमा विभाजन गरिएको छ ।<br><br>ग) बैंकको तत्काल चुक्ता पूँजी रू. ४,६७,९०,५८,२००।- (अक्षरेपी रु. चार अर्ब सतसट्ठी करोड नब्बे लाख अन्ठाउन्न हजार दुईसय) हुनेछ ।<br><br>(२) (क)बैंकको जारी पूँजीको समूहगत शेयर स्वामित्व देहाय अनुसार हुनेछः-<br><br>(क) संस्थापक शेयरधनीहरुलाई समुह "क" मा वर्गिकरण गरिएको छ । यो समुहको शेयर स्वामित्व न्युनतम ५१ प्रतिशत हुनेछ ।<br><br>ख) सर्वसाधारणमा बिक्री गरिने शेयरका शेयरधनीलाई समूह ख मा वर्गीकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व ४९ प्रतिशत सम्म हुनेछ । यस समूहको शेयर मध्येबाट बढिमा ५ प्रतिशत सम्म शेयर बैंकका कर्मचारीलाई छुट्याई संचालक समितिको निर्णय बमोजिम बिक्री वितरण गर्न सकिनेछ ।<br><br>(३) जुन समूह, उपसमूहको शेयर खरीद गरेको हो, सो खरिद गर्ने व्यक्तिलाई सोही समूह, उपसमूहमा राखिनेछ ।<br><br>(४) प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, प्रचलित कम्पनी सम्बन्धी कानून तथा अन्य प्रचलित कानूनको अधीनमा रही बैंकले आफ्नो पूँजी तथा स्वामीत्वको संरचनामा हेरफेर गर्न सक्नेछ । | (क) बैंकलाई आवश्यक पर्ने जग्गा, भवन, सवारी साधन र आवश्यक उपकरण खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्ने ,<br><br>(ख) बैंकलाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाको शर्तहरु निर्धारण गर्ने ,<br><br>(ग) बैंकको नाममा बैंक तथा वित्तीय संस्थामा खाता खोल्ने र संचालन गर्ने ,<br><br>(घ) बैंकलाई आवश्यक पर्ने रकम बैंक तथा कुनै वित्तिय संस्थाबाट धितो राखी वा नराखी कर्जा लिने ,<br><br>(ङ) बैंकको नामबाट शेयर तथा डिवेन्चर खरीद गर्ने वा त्यसलाई विक्री गर्ने ,<br><br>(च) ब्याज वा बिना ब्याजमा निक्षेप स्वीकार गर्ने वा विभिन्न वित्तीय उपकरण मार्फत निक्षेप परिचालन गर्ने र तिनको भुक्तानी दिने,<br><br>(छ) विद्युतीय उपकरण वा साधनको माध्यमबाट निक्षेप स्वीकार गर्ने, भुक्तानी दिने, लेनदेन गर्ने, मध्यस्थताको काम गर्ने र रकमान्तर गर्ने,<br><br>(ज) हायर पर्चेज, लिजिङ्ग, हाउजिङ्ग, अधिविकर्ष लगायतका कर्जा दिने,<br><br>(झ) परियोजना तथा हाइपोथिकेशन धितो राखी कर्जा दिने एवं सहवित्तीयकरणको आधारमा धितो विभाजन (पारी पासु) गर्ने गरी आपसमा भएको सम्झौता अनुसार संयुक्त रुपमा कर्जा दिने दिलाउने व्यवस्था गर्ने,<br><br>(ञ) विदेशी बैंक वा वित्तीय संस्थाको जमानतमा कर्जा दिने,<br><br>(ट) आफूकहाँ पहिले नै धितो रहिसकेको चल अचल सम्पत्तिको मूल्यले खामेसम्मको रकम कर्जा दिने वा अन्य बैंक वा वित्तीय संस्थामा धितो रहिसकेको चल अचल सम्पत्तिको पुनः धितोमा त्यसको मूल्यले खामेसम्मको रकम कर्जा दिने,<br><br>(ठ) आफ्नो ग्राहकको तर्फबाट जमानतपत्र जारी गर्ने र सो बापत ग्राहकसँग आवश्यक शर्त गराउने, निजको चल अचल सम्पत्ति धितोबन्धक लिने वा तेस्रो व्यक्तिको जेथा जमानत लिने र धितोबन्धक, सुरक्षणमा लिएको सम्पत्ति प्राप्त गर्ने, धारण गर्ने तथा सो सम्बन्धी अन्य कारोवार गर्ने,<br><br>(ड) आवश्यकता अनुसार राष्ट्र बैंकबाट पुर्नकर्जा लिने वा अन्य बैंक वा वित्तीय संस्थाबाट कर्जा लिने दिने, | ६. पूँजी संरचनालाई साविक अनुसार राखी नेपाल राष्ट्र बैंकले तोकिदिएको ढाँचामा मिलाइएको । |

| | | |
|---|---|---|
| | (ढ) परियोजनाको प्रवर्द्धनको लागि नेपाल सरकार वा अन्य स्वदेशी वा विदेशी निकाय मार्फत प्राप्त भएको रकमबाट कर्जा प्रवाह गर्ने वा कर्जा व्यवस्थापन गर्ने,<br><br>(ण) प्रचलित कर्जा अपलेखन विनियमावलीको अधीनमा रही कर्जा अपलेखन गर्ने,<br><br>(ट) पूँजीकोष पुरा गर्ने प्रयोजनका लागि शेयर, डिबेन्चर, ऋणपत्र आदि जारी गर्ने,<br><br>(त) प्रतितपत्र, विनिमयपत्र, प्रतिज्ञापत्र, चेक, यात्रु चेक, ड्राफ्ट वा अन्य वित्तीय उपकरण निष्काशन गर्ने, स्वीकार गर्ने, भुक्तानी दिने, डिस्काउण्ट गर्ने वा खरिद-बिक्री गर्ने,<br><br>(थ) विद्युतीय कारोबारका लागि डिजिटल वा कार्ड लगायतका वित्तीय उपकरण जारी गर्ने, स्वीकार गर्ने, व्यवस्थापन गर्ने र सो सम्बन्धी कार्य गर्न एजेण्ट नियुक्त गर्ने,<br><br>(द) प्रचलित कानूनको अधीनमा रही विदेशी विनिमय कारोबार गर्ने,<br><br>(ध) राष्ट्र बैंकले तोकेको सीमा, शर्त वा निर्देशन बमोजिम सरकारी कारोबार गर्ने,<br><br>(न) नेपाल सरकार वा राष्ट्र बैंकले जारी गरेको ऋणपत्र खरिद-बिक्री गर्ने वा सकार गर्ने,<br><br>(प) नेपालभित्र वा विदेशमा विनिमयपत्र, चेक वा अन्य वित्तीय उपकरणद्वारा रकम पठाउने वा चलान गर्ने, विदेशबाट विप्रेषण प्राप्त गर्ने र सो को भुक्तानी गर्ने,<br><br>(फ) ग्राहकको निमित्त कमिशन एजेण्ट भई शेयर, डिबेन्चर वा सुरक्षणको जिम्मा लिने, खरिद-बिक्री गरिदिने, शेयरको लाभांश, डिबेन्चर वा सुरक्षणको ब्याज आदि उठाई दिने र सोको लाभांश, मुनाफा वा ब्याज नेपालभित्र वा विदेशमा पठाउने, ग्राहकको लागि सेफ डिपोजिट भल्टको व्यवस्था गर्ने,<br><br>(ब) वासलात बाहिरको कारोबार गर्ने,<br><br>(भ) विपन्न वर्ग, न्यून आय भएको परिवार, दैवी प्रकोप पीडित तथा मुलुकका कुनै क्षेत्रका वासिन्दाको आर्थिक उत्थानको लागि व्यक्तिगत वा सामुहिक जमानीमा राष्ट्र बैंकले तोके बमोजिमको रकमसम्म कर्जा दिने, | |

| | | |
|---|---|---|
| | (म) आफू तथा अन्य बैंक वा वित्तीय संस्थाबाट कर्जा लिने वा कुनै प्रकारको सुविधा लिने ऋणी वा ग्राहकको विवरण, सूचना वा जानकारी राष्ट्र बैंक, सम्बन्धित निकाय वा अन्य बैंक वा वित्तीय संस्थाबीच लिने दिने,<br><br>(य) सुन, चाँदी खरिद-बिक्री गर्ने,<br><br>(र) परियोजना स्थापना, सञ्चालन र मूल्याङ्कन सम्बन्धी अध्ययन, अनुसन्धान, सर्वेक्षण गर्ने गराउने तथा तालीम, परामर्श र अन्य जानकारी उपलब्ध गराउने,<br><br>(ल) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र प्रचलित कानून बमोजिम आफ्नो स्वामित्वमा आउने सबै प्रकारका जायजेथाको उचित व्यवस्थापन तथा बिक्री गर्ने,<br><br>(व) प्रचलित कानून बमोजिम दुई वा दुई भन्दा बढी व्यक्तिहरु बीच हुने कुनै कार्य वापत तिर्नु बुझाउनु वा लिनु पर्ने रकम उक्त काम भएपछि भुक्तानी लिने दिने व्यवस्था गर्न दुई पक्षको सहमतिमा जमानी बस्ने,<br><br>(श) नेपाल राष्ट्र बैंकले समय-समयमा तोकेको तरिका अनुसार जमीन, भवन वा अन्य कुनै सम्पत्तिको धितोमा वा धितो बिना वा बैंकलाई मान्य हुने अन्य कुनै सम्पत्तिको धितो वा सुरक्षणमा कृषि, उद्योग, व्यापारको प्रयोजनका लागि कर्जा तथा वित्तीय सुविधा प्रदान गर्ने,<br><br>(स) बैंकमा लगानी भएको शेयरको रकम तथा त्यसबाट आर्जित रकम बैंकमा जम्मा गरी बैंक खाता संचालन गर्ने,<br><br>(ष) कर्जा प्रवाह गर्दा धितो स्वरुप लिईएको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने, सो को प्रबन्ध तथा बिक्री गर्ने,<br><br>(ह) प्रचलित कानुन र सम्बन्धित निकायको स्वीकृति लिई आफ्ना ग्राहकहरुको लागि मात्र बीमा अभिकर्ताको रुपमा कार्य गर्ने ।<br><br>(क्ष) राष्ट्र बैंकले तोकेको अन्य काम गर्ने । | |
| (६) बैंकको शेयरको किसिम : हाल अग्राधिकार शेयरको व्यवस्था नगरिएको हुँदा बैंकको शेयर साधारण शेयर मात्रले बनेको छ । अग्राधिकार शेयर जारी गर्नु परेमा प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गरी, प्रचलित कानूनको रीत पुऱ्याई नेपाल राष्ट्र बैंकको स्वीकृतिमा मात्र त्यस्तो शेयर जारी गर्न सकिनेछ । | ६.**<u>बैंकको पूँजीको संरचना</u> :** बैंकको पूँजीको संरचना देहाय बमोजिम हुनेछ :-<br><br>(क) बैंकको अधिकृत पूँजी रू. १०,००,००,००,०००।- (अक्षरेपी दश अर्ब) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रू. १००।- का दरले १०,००,००,०००।- (दश करोड) थान साधारण शेयरमा बिभाजित गरिएको छ । | ६.बैंकको जारी पूँजी र चुक्ता पूँजी समान कायम रहेको र हाल विद्यमान चुक्ता पूँजीको ५० प्रतिशत अर्थात २:१ को अनुपातमा हकप्रद शेयर जारी पश्चात् बैंकको चुक्ता पूँजी वृद्धि हुने भएकोले । |

<table>
<tr>
<td></td>
<td>(ख) बैंकको तत्काल जारी गर्ने शेयरपूँजी रू. ७,०१,८५,८७,३००।- (अक्षरेपी सात अर्ब एक करोड पचासी लाख सतासी हजार तीन सय) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १००।- का दरले ७,०१,८५,८७३ (सात करोड एक लाख पचासी हजार आठ सय त्रिहत्तर) थान साधारण शेयरमा विभाजन गरिएको छ ।<br><br>(ग) बैंकको तत्काल चुक्ता पूँजी रू. ७,०१,८५,८७,३००।- (अक्षरेपी सात अर्ब एक करोड पचासी लाख सतासी हजार तीन सय) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १००।- का दरले ७,०१,८५,८७३ (सात करोड एक लाख पचासी हजार आठ सय त्रिहत्तर) थान साधारण शेयरमा विभाजन गरिएको छ ।<br><br>(घ) बैंकको जारी पूँजीको समूहगत शेयर स्वामित्व देहाय अनुसार हुनेछः-<br><br>(१) संस्थापक शेयरधनीहरुलाई समूह 'क' मा वर्गीकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व न्यूनतम ५१ प्रतिशत हुनेछ ।<br><br>(२) सर्वसाधारणमा बिक्री गरिने शेयर खरिद गर्ने शेयरधनीलाई समूह 'ख' मा वर्गीकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व ४९ प्रतिशत हुनेछ । यस समूहको कुल शेयर मध्येवाट वढीमा ५ प्रतिशतसम्म शेयर बैंकका कर्मचारीलाई छुट्याई संचालक समितीको निर्णय वमोजिम विक्री वितरण गर्न सकिनेछ ।<br><br>(ङ.) जुन समूहको शेयर खरिद गरेको हो, सो खरिद गर्ने व्यक्तिलाई सोही समूहमा राखिनेछ ।<br><br>(च) नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृती लिई कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन, २०७३ तथा अन्य प्रचलित कानुनका अधिनमा रही बैंकले आफ्नो पूँजी तथा स्वामित्वको संरचनामा हेरफेर गर्न सक्नेछ ।</td>
<td></td>
</tr>
<tr>
<td>(७) शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज : शेयर खरिद तथा हस्तान्तरण गर्न बन्देज सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :-<br><br>(क) नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति नलिई बैंकको शेयर कुनै विदेशी व्यक्ति, बैंक वा वित्तीय संस्थालाई बिक्री वा हस्तान्तरण गरिने छैन ।<br><br>(ख) नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति नलिई संस्थापक र सर्वसाधारण समूहको शेयर स्वामित्व अनुपातमा परिवर्तन गरिने छैन ।</td>
<td>७. <u>बैंकको शेयरको किसिमः</u> हाल साधारण शेयर बाहेक अन्य प्रकारको शेयरको व्यवस्था नगरिएको हुँदा बैंकको शेयरको किसिम साधारण शेयर मात्र हुनेछ । अग्राधिकार शेयर जारी गर्नु परेमा प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गरी प्रचलित कानुनको रीत पुऱ्याई नेपाल राष्ट्र बैंकको स्वीकृती लिएर मात्र त्यस्तो शेयर जारी गर्न सकिनेछ ।</td>
<td>७. नेपाल राष्ट्र बैंकबाट तोकिएको ढाँचा बमोजिम थप गरिएको ।</td>
</tr>
</table>

| | | |
|---|---|---|
| (ग) बैंकले कारोबार संचालन गरेको पाँच वर्ष नपुगेसम्म संस्थापकले आफ्नो शेयर बिक्री वा धितो बन्धक राख्न पाउने छैन । यस व्यवस्था बमोजिम बैंकले कारोबार संचालन गरेको पाँच वर्ष नपुगेता पनि बैंकको संचालनमा कुनै बाधा व्यवधान उत्पन्न भई विशेष परिस्थितिको सिर्जना हुन गएमा नेपाल राष्ट्र बैंकको स्वीकृति लिई संस्थापकहरुका बिचमा शेयर खरिद बिक्री गर्न सकिने छ । तर त्यसरी हक छोड्दा वा हस्तान्तरण गर्दा पहिलो प्राथमिकता जुन समूहको शेयर हो सोहि समूहका शेयरधनीहरुलाई दिनुपर्नेछ । समूह भित्र उपसमूह रहेको अवस्थामा जुन उपसमूहको शेयर हो सोहि उपसमूहका शेयरधनीलाई प्राथमिकता दिईनेछ । यसरी शेयर विक्री गर्दा एक भन्दा बढि शेयरधनीले शेयर खरिद गर्न चाहेमा निजले धारण गरेको शेयरको अनुपातमा वितरण गर्नु पर्नेछ । सो समूहका कुनै पनि संस्थापक शेयरधनीले शेयर लिने ईच्छा नगरेमा मात्र त्यस्तो शेयर संचालक समितिको निर्णय बमोजिम नेपाल राष्ट्र बैंकको स्वीकृति लिई अन्य व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई बिक्री गर्न सकिनेछ ।<br><br>(घ) सर्वसाधारणले शेयर खरीद गर्दा कम्तीमा १० कित्ता र बढीमा बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून र नेपाल राष्ट्र बैंकले दिएको निर्देशनको अधिनमा रही जतिसुकै संख्यामा शेयर खरिद गर्न सकिने छ ।<br><br>(ङ) कुनै संस्थापकको मृत्यू भएमा वा अदालतको आदेशले निजको शेयर हकवालामा नामसारी हुने भएमा वा प्रचलित कानुन बमोजिम पारिवारिक अंशवण्डा भई हक हस्तान्तरण हुने भएमा खण्ड (ग) को बन्देज लागू हुने छैन ।<br><br>(च) बैंकका संचालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, कम्पनी सचिव वा बैंकको व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्तिले त्यस्तो पदमा बहाल रहँदाको बखत वा त्यस्तो पदबाट अवकाश प्राप्त गरेको कम्तीमा एक वर्षसम्म बैंक वा त्यसको सहायक कम्पनीको शेयर आफ्नो वा आफ्नो परिवारको नाम वा निजहरु नियन्त्रणमा रहेको फर्म, कम्पनी वा संस्थाको नाममा खरिद बिक्री गर्न, गराउन, धितो बन्धक राख्न, राख्न लगाउन वा दान वकस लिन, दिन वा लेनदेन गर्न हुँदैन ।<br><br>तर नयाँ शेयर (हकप्रद शेयर वा बोनस शेयर) जारी गरिएको अवस्थामा तथा मृत्यू, नामसारी, अंशबण्डा वा अदालतबाट हक प्राप्त भई प्राप्त हुन आउने शेयरको हकमा यो प्रतिबन्ध लागू हुने छैन ।<br><br>(छ) कसैले खण्ड (च) को विपरीत काम गरेमा त्यस्तो शेयर बैंकले जफत गर्न सक्नेछ र त्यसरी जफत भएको शेयर संचालक समितिले उचित ठहऱ्याएको किसिमबाट बिक्री वितरण गर्न सकिनेछ । | | |

<table>
<tr>
<td>(ज) शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धी अन्य व्यवस्था प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, प्रचलित कम्पनी सम्बन्धी कानून र धितोपत्र कारोबार सम्बन्धी कानून तथा अन्य प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।<br><br>(झ) बैंकले आफ्नो शेयर आफैं खरीद गर्दा प्रचलित बैंक तथा वित्तीय संस्था तथा प्रचलित कम्पनी सम्बन्धी कानून सम्बन्धी व्यवस्थाको अधीनमा रही गर्नुपर्नेछ ।</td>
<td></td>
<td></td>
</tr>
<tr>
<td>८. शेयरको रकम भुक्तानीका शर्तहरु : बैंकको शेयरको रकम भुक्तानी सम्बन्धी शर्त देहाय बमोजिम हुनेछ :-<br><br>(क) बैंकको शेयर वापतको रकम बैंक तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानूनको अधीनमा रही माग गर्नु पर्नेछ ।<br><br>(ख) बैंकले माग गरेको रकमहरु निर्धारित समयमा शेयरधनीले बुझाउनु पर्नेछ ।<br><br>(ग) शेयर माग गर्ने, माग गरेको शेयर निर्धारित समयभित्र बुझाउने म्याद थप गर्ने, म्याद दिने आदि कुराहरु नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ ।<br><br>(घ) बैंकको शेयर खरीद गर्दा शतप्रतिशत रकम भुक्तानी गर्नुपर्नेछ । बैंकको शेयरको रकम भुक्तानी नगदमा नै गर्नुपर्नेछ ।</td>
<td>८. <u>शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज</u> : शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :-<br><br>(क) नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति नलिई बैंकको शेयर कुनै विदेशी बैंक वा विदेशी वित्तिय संस्थालाई बिक्री वा हस्तान्तरण गरिने छैन ।<br><br>(ख) नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति नलिई संस्थापक र सर्वसाधारण समूहको शेयर स्वामित्व अनुपातमा परिवर्तन गरिने छैन ।<br><br>(ग) बैंकले कारोबार संचालन गरेको पाँच वर्ष नपुगसम्म सो संस्थाको संस्थापकले आफ्नो शेयर बिक्री वा धितोबन्धक राख्न पाउने छैन र उक्त अवधिपछि त्यस्तो शेयर बिक्री गर्दा वा धितोबन्धक राख्नु पर्दा नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिनु पर्नेछ । यस व्यवस्था बमोजिम बैंकले कारोबार संचालन गरेको पाँच वर्ष नपुगे तापनि बैंकको संचालनमा कुनै बाधा व्यवधान उत्पन्न भई विशेष परिस्थितिको सृजना हुन गएमा नेपाल राष्ट्र बैंकको स्वीकृति लिई संस्थापकहरुका बीचमा शेयर खरिद बिक्री गर्न सकिनेछ ।<br><br>तर त्यसरी हक छोड्दा वा हस्तान्तरण गर्दा पहिलो प्राथमिकता जुन समूहको शेयर हो सोही समूहका शेयरधनीहरूलाई दिनु पर्नेछ । यसरी शेयर बिक्री गर्दा एक भन्दा बढी शेयरधनीले शेयर खरीद गर्न चाहेमा निजले धारण गरेको शेयरको अनुपातमा वितरण गर्नु पर्नेछ । सो समूहका कुनै पनि संस्थापक शेयरधनीले शेयर लिने इच्छा नगरेमा मात्र त्यस्तो शेयर नेपाल राष्ट्र बैंकको स्वीकृती लिई संचालक समितिको निर्णय बमोजिम अन्य व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई बिक्री गर्न सकिने छ ।<br><br>(घ) कुनै संस्थापक शेयरधनीको मृत्यु भएमा वा प्रचलित कानुन वमोजिम पारिवारिक अंशवण्डा भएमा वा अदालतको आदेशले निजको शेयर हकवालामा नामसारी हुने भएमा खण्ड (ग)को वन्देज लागु हुने छैन ।</td>
<td>८. नेपाल राष्ट्र बैंकले तोकिदिएको प्रवन्धपत्रको ढाँचा अनुसार मिलाइएको ।</td>
</tr>
</table>

| | | |
|---|---|---|
| | (ङ) सर्वसाधारणले शेयर खरिद गर्दा १० अंकले भाग गर्दा शेष नरहने गरी न्युनतम १० कित्ता शेयर वा अधिकतममा विवरणपत्रमा तोकिए वमोजिम शेयर खरिद गर्नका लागी निवेदन गर्न सक्नेछ ।<br><br>तर हकप्रद शेयर र बोनस शेयरको हकमा यो बन्देज लागू हुने छैन ।<br><br>(च) बैंकका संचालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, सचिव वा बैंकको व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्तिले त्यस्तो पदमा बहाल रहंदाको वखत वा त्यस्तो पदबाट अवकाश प्राप्त गरेको कम्तीमा एक वर्षसम्म सम्वन्धित बैंक वा त्यसको सहायक कम्पनीको शेयर आफ्नो वा आफ्नो परिवारको नियन्त्रणमा रहेको फर्म, कम्पनी वा संस्थाको नाममा खरिद बिक्री गर्न, गराउन, गर्न दिन, धितोबन्धक राख्न, राख्न लगाउन वा दान बकस लिन, दिन वा लेनदेन गर्न हुदैन ।<br>तर नयाँ शेयर जारी गरेको अवस्थामा यो प्रतिवन्ध लागु हुने छैन ।<br><br>(छ) कसैले खण्ड (च) को विपरित काम गरेमा त्यस्तो शेयर बैंकले जफत गर्नेछ र त्यसरी जफत भएको शेयर संचालक समितिले उचित ठहऱ्याएको किसिमबाट बिक्री बितरण गर्न सक्नेछ ।<br><br>(ज) शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धी अन्य व्यवस्था बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी कानून, धितोपत्र कारोवार सम्बन्धी कानून तथा अन्य प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ । | |
| ९. **अन्य आवश्यक कुराहरु** :(१) बैंकको संस्थापन गर्दा लागेको खर्च बैंकले नै व्यहोर्नेछ ।<br><br>(२) नेपाल राष्ट्र बैंकको स्वीकृति लिई बैंकले आफ्नो कारोबार संचालनका लागि आवश्यक विनियमहरु बनाई लागू गर्न सक्नेछ ।<br><br>(३) बैंकले नेपाल राष्ट्र बैंकले तोकेबमोजिमको आफ्नो कूल सम्पत्ति वा जोखिम भारीत सम्पत्तिको आधारमा तोकेअनुसारको पूँजीकोषको व्यवस्था गर्नुपर्नेछ ।<br><br>(४) बैंक अविछिन्न उत्तराधिकारवाला एक संगठित संस्था हुनेछ ।<br><br>(५) बैंकको काम कारवाही संचालनका लागि एक छुट्टै छाप हुनेछ । | ९. **शेयर वापतको रकमको भुक्तानी** : (१) बैंकले संचालक समितिको बैठकवाट निर्णय गरी शेयर वापतको रकम अंकित मूल्यको शत प्रतिशत भुक्तानी माग गर्नेछ ।<br><br>(२) शेयर वापत बैंकले माग गरेको रकमहरु निर्धारित समयमा शेयरधनीले वुझाउनुपर्नेछ ।<br><br>(३) शेयर वापतको रकम माग गर्ने, माग गरेको रकम निर्धारित समयावधि भित्र बुझाउने, भुक्तानीको म्याद थप माग गर्ने तथा बैंकले म्याद दिने जस्ता कुराहरुको व्यवस्था नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ । | ९.नेपाल राष्ट्र बैंकले तोकिदिएको प्रवन्धपत्रको ढाँचा अनुसार मिलाइएका |

| | | |
|---|---|---|
| (६) बैंकले आफ्नो नामबाट नालिश, उजुर गर्न र यस उपर पनि सोहि नामबाट नालिश उजुर लाग्न सक्नेछ ।<br><br>(७) बैंकले प्रचलित कानूनको अधीनमा रही व्यक्ति सरह चल अचल सम्पत्ति खरिद बिक्री गर्न धितो बन्धक लिन, दिन वा दान दातव्य दिन सक्नेछ ।<br><br>(८) बैंकका सवै कामहरु नेपाल राष्ट्र बैंक ऐन, २०५८, प्रचलित बैंक तथा वित्तीय संस्था तथा कम्पनी सम्बन्धी कानून र अन्य प्रचलित कानून बमोजिम संचालन हुनेछ ।<br><br>(९) बैंकले नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिई विदेशी व्यक्ति तथा संस्थासंग संयुक्त लगानी संझौता गर्न, व्यवस्थापन तथा प्रविधि सेवा सम्बन्धी सम्झौता गर्न र परामर्श सेवा लिन सक्नेछ ।<br><br>(१०) बैंकको शेयरधनीहरुको दायित्व निजले लिएको वा लिन मन्जुरी गरेको शेयरको अधिकतम रकम सम्म सिमित हुनेछ ।<br><br>(११) खारेजी र बचाउः (क) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ३० को उपदफा (२) बमोजिम बैंकको प्रबन्धपत्र संशोधन गरी ईजाजतपत्र प्राप्त गर्नु भन्दा अगावै नेपाल बैंक अफ सिलोन लि. को नामबाट मिति आषाढ १६, २०५३ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको र मिति भदौ २४, २०५९ मा नेपाल क्रेडिट एण्ड कमर्श बैंक लि. मा नाम परिवर्तन भई संचालित यस बैंकको साबिकको प्रबन्धपत्र खारेज गरिएको छ ।<br><br>ख) खण्ड (क) अन्तर्गत खारेज गरिएको प्रबन्धपत्र बमोजिम भए गरेका काम कारवाही यसै प्रबन्धपत्र बमोजिम भए गरेको मानिनेछ ।<br><br>ग) खण्ड (क) अन्तर्गत खारेज गरिएको प्रबन्धपत्र बमोजिम कम्पनी संस्थापना हुँदाका बखत कायम रहेका संस्थापकहरु र निजहरुले तत्काल लिन कबुल गरेको शेयर संख्या, सहिछाप, साक्षीहरु तथा निजहरुको सहिछाप, सम्बन्धी सम्पूर्ण विवरणहरु यसै प्रबन्धपत्रको दफा १२ मा उल्लेख भए बमोजिम कायम रहेको मानिनेछ । | | |
| १०. **प्रबन्धपत्र बाझिएको हदसम्म निष्कृय हुने :** यस प्रबन्धपत्रका दफाहरु प्रचलित कम्पनी सम्बन्धी कानून, नेपाल राष्ट्र बैंक ऐन, २०५८, प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी तथा अन्य प्रचलित कानून संग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ र यस प्रबन्धपत्रमा उल्लेख नभएका कुराहरुको हकमा उल्लेखित कानून बमोजिम हुनेछ । | १०. **<u>दायित्व सीमित हुने :</u>** यस बैंकको कारेवारको सम्वन्धमा शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबुल गरेको शेयरको अंकित मूल्यसम्म मात्र सीमित रहनेछ ।<br>तर कुनै शेयरधनी वा संचालकले सो हैसियतमा तेस्रो पक्षसंग गरेको व्यक्तिगत जमानत सम्वन्धी सम्झौता वमोजिमको दायित्वको हकमा यो व्यवस्था लागु हुने छैन । | १०.थप व्यवस्था नेपाल राष्ट्र बैंकले तोकिदिएको प्रवन्धपत्रको ढाँचा अनुसार मिलाइएको |

| | | |
|---|---|---|
| **११. प्रबन्धपत्रमा संशोधन भएमा लागू हुने अवस्था :** (१) यस प्रबन्धपत्रमा बैंकले कुनै संशोधन गर्नुपर्ने भएमा प्रचलित कम्पनी सम्बन्धी कानून बमोजिम प्रस्ताव पारीत गरी सो प्रस्ताव कार्यालयबाट अभिलेख भए पछि मात्र प्रबन्धपत्र संशोधन भएको मानिनेछ ।<br><br>(२) नेपाल राष्ट्र बैंक ऐन, २०५८, प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, कम्पनी तथा धितोपत्र कारोबार सम्बन्धी प्रचलित कानून संशोधन भएको खण्डमा यो प्रबन्धपत्र पनि सोही बमोजिम संशोधन भएको मानिनेछ र यस प्रबन्धपत्रको समेत सोही अनुरुप संशोधन गर्नुपर्नेछ । | **११. <u>अन्य आवश्यक कुराहरू</u> :** (१)बैंकको संस्थापन गर्दा लागेको खर्च बैंकले नै व्यहोर्नेछ ।<br><br>(२) बैंकको शेयरको रकम भुक्तानी नगदमा नै गर्नु पर्नेछ ।<br><br>(३) बैंकले काम शुरु गर्दाको अवस्थामा संस्थापक वा अन्य कुनै व्यक्तिबाट कुनै सम्पत्ति प्राप्त गरेको छैन ।<br><br>(४) संस्थापक वा अन्य कुनै व्यक्तिले बैंकबाट कुनै विशेष सहुलियत वा अधिकार पाउने छैन ।<br><br>(५) नेपाल राष्ट्र बैंकको स्वीकृति लिई बैंकले आफ्नो कारोबार सञ्चालनका लागि आवश्यक विनियमहरू बनाई लागू गर्न सक्नेछ ।<br><br>(६) बैंकले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र अन्य प्रचलित कानूनले बन्देज लगाएका कार्यहरू गर्न पाउने छैन ।<br><br>(७) बैंकले आवश्यकता महसुस गरेमा नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त गरी बैंकको हितको लागि आफ्नो व्यवस्थापन जिम्मा दिने वा आवश्यक परामर्शदातासँग परामर्श लिन सक्नेछ ।<br><br>(८) बैंकले नेपाल राष्ट्र बैंकले तोके वमोजिमको आफ्नो कूल सम्पत्ती वा जोखिम भारीत सम्पत्तिको आधारमा तोके अनुसारको पूँजी कोषको व्यवस्था गर्नेछ ।<br><br>(९) बैंक अविच्छिन्न उत्तराधिकारवाला एक संगठित संस्था हुनेछ ।<br><br>(१०)बैंकको काम कारवाही सञ्चालनका लागि एक छुट्टै छाप हुनेछ<br><br>(११)बैंकले आफ्नो नामबाट नालिस उजूर गर्न र यस उपर पनि सोही नाउँबाट नालिस उजूर लाग्न सक्नेछ ।<br><br>(१२)बैंकले प्रचलित कानूनको अधीनमा रही व्यक्ति सरह चल अचल सम्पत्ति खरिद बिक्री गर्न, प्राप्त गर्न, राख्न, निर्माण गर्न, उपभोग गर्न, बहालमा दिन वा अन्य किसिमले व्यवस्था गर्न, धितोबन्धक लिन, दिन वा दानदातव्य दिन सक्नेछ ।<br><br>(१३)बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ र कम्पनी ऐन, २०६३, धितोपत्र कारोवार सम्वन्धि कानुनका व्यवस्थाहरु एक आपसमा बाझिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐनको कानुनी व्यवस्थाले प्राथमिकता पाउने छ । | ११. केही थप व्यवस्था सहित दफा परिवर्तन गरी नेपाल राष्ट्र बैंकले तोकिदिएको प्रवन्धपत्रको ढाँचा अनुसार मिलाइएको |

<table>
<tr>
<td rowspan="3">

**१२.संस्थापकहरुले तत्काल लिन कवुल गरेको शेयर संख्या** : हामी नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड नामक कम्पनीका संस्थापकहरुले देहाय बमोजिमको संख्यामा शेयर लिन कबुल गरी देहायका साक्षीको रोहबरमा यस प्रबन्धपत्रमा सहीछाप गरेका छौं ।

<table>
<tr><th>सि.नं.</th><th>संस्थापकहरुको नाम थर वतन र सहिछाप</th><th>लिन कबुल गरेको शेयर संख्या</th><th>संस्थापक प्रतिनिधिहरुको हस्ताक्षर</th><th>साक्षीको नाम थर वतन र सहीछाप</th></tr>
<tr><td>१</td><td>बैंक अफ सिलोन, श्रीलंका</td><td>२०,००,०००</td><td>द.आर. आशिर्वादम्</td><td>जनार्दन श्रेष्ठ, डिल्ली बजार</td></tr>
<tr><td>२</td><td>एन.वि.ग्रुप (नेपाल) प्रा. लि, बागबजार</td><td>२०,०००</td><td>द. लक्ष्मी बहादुर श्रेष्ठ</td><td>पूजा जोशी, टंगाल</td></tr>
<tr><td>३</td><td>श्री हरि शंकर त्रिपाठी, हाडीगाँउ</td><td>५,०००</td><td>द. हरि शंकर त्रिपाठी</td><td>प्रकाश श्रेष्ठ, टंगाल वार्ड नं. ५</td></tr>
<tr><td>४</td><td>श्री नरेन्द्र भट्टराई, ज्ञानेश्वर</td><td>१,००,०००</td><td>द. नरेन्द्र भट्टराई</td><td>सुन्दर राज पुडासैनी, बागबजार</td></tr>
<tr><td>५</td><td>श्रीमती बिनु श्रेष्ठ, कमलादी</td><td>४,८०,०००</td><td>द. बिनु श्रेष्ठ</td><td>बाबु काजी श्रेष्ठ, का.न.पा. ३१</td></tr>
<tr><td>६</td><td>श्री बाबु काजी श्रेष्ठ, कमलादी</td><td>४,९८,०००</td><td>द. बाबु काजी श्रेष्ठ</td><td>कमल गौतम, सानेपा, ललितपुर</td></tr>
<tr><td>७</td><td>श्रीमती कृष्णा श्रेष्ठ, कमलादी</td><td>३,८५,०००</td><td>द. कृष्णा श्रेष्ठ</td><td>खिम ब.डी.सी, बानेश्वर १०</td></tr>
<tr><td>८</td><td>श्री भरतनरसिंह जोशी, जावलाखेल</td><td>५,०००</td><td>द. भरतनरसिंह जोशी</td><td>प्रेम कष्ण, ल.पु., सुन्धारा</td></tr>
<tr><td>९</td><td>श्री रुबी जोशी, डिल्लीबजार</td><td>७,०००</td><td>द. श्री रुबी जोशी</td><td>अर्जुन थापा, जावलाखेल</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३५,००,०००</td><td></td><td></td></tr>
</table>

ईति सम्वत् २०...साल..महिना....गते....रोज....शुभम

</td>
<td>

१२. **बैंकको प्रकृति अनुरुप थप व्यवस्था** : बैंकका व्यवसायिक कारोवार नेपाल राष्ट्र बैंक ऐन, २०५८, प्रचलित बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम संचालन हुनेछ । बैंकको धितोपत्र कारोवार र साधारण सभा संचालन सम्वन्धी कार्य प्रचलित धितोपत्र कारोवार कानुन तथा कम्पनी ऐन, २०६३ बमोजिम हुनेछ ।

</td>
<td>

१२. थप व्यवस्था नेपाल राष्ट्र बैंकले तोकिदिएको प्रवन्धपत्रको ढाँचा अनुसार मिलाइएको साविक १० को व्यवस्थालाई नेपाल राष्ट्र बैंकले तोकेको ढाँचा बमोजिम दफा १४ मा राखिएको ।

</td>
</tr>
<tr>
<td>

१३. **प्रबन्धपत्रमा संशोधन भएमा लागू हुने अवस्थाः** (१) यस प्रबन्धपत्रमा कुनै संशोधन गर्नुपर्ने भएमा कम्पनी ऐन वमोजिम साधारण सभावाट विशेष प्रस्ताव पारित गरी नेपाल राष्ट्र बैंकवाट स्वीकृती लिई कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भएपछि मात्र प्रवन्धपत्र संशोधन भएको मानिने छ ।

(२) नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन, २०७३, कम्पनी ऐन, २०६३ तथा धितोपत्र कारोवार सम्वन्धी प्रचलित कानुन संशोधन भएको खण्डमा यो प्रवन्धपत्र पनि सोही वमोजिम संशोधन भएको मानिनेछ र यस प्रवन्धपत्रमा समेत सोही अनुरुप संशोधन गर्नु पर्नेछ ।

(३) खारेजी र बचाउः (क) ऐन बमोजिम बैंकको प्रवन्धपत्र संशोधन गरी ईजाजतपत्र प्राप्त गर्नु भन्दा अगावै नेपाल बैंक अफ सिलोन लि. को नामबाट मिति आषाढ १६, २०५३ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको र मिति भदौ २४, २०५९ मा नेपाल क्रेडिट एण्ड कमर्श बैंक लि. मा नाम परिवर्तन भई संचालित यस बैंकको साबिकको प्रवन्धपत्र खारेज गरिएको छ ।

ख) खण्ड (क) अन्तर्गत खारेज गरिएको प्रवन्धपत्र बमोजिम भए गरेका काम कारवाही यसै प्रबन्धपत्र बमोजिम भए गरेको मानिनेछ ।

ग) खण्ड (क) अन्तर्गत खारेज गरिएको प्रवन्धपत्र बमोजिम कम्पनी संस्थापना हुँदाका बखत कायम रहेका संस्थापकहरु र निजहरुले तत्काल लिन कबुल गरेको शेयर संख्या, सहिछाप, साक्षीहरु तथा निजहरुको सहिछाप, सम्वन्धी सम्पूर्ण विवरणहरु यसै प्रबन्धपत्रको दफा १५ मा उल्लेख भए बमोजिम कायम रहेको मानिनेछ ।

</td>
<td>

१३.दफा परिवर्तन गरी नेपाल राष्ट्र बैंकले तोकिदिएको प्रवन्धपत्रको ढाँचा अनुसार मिलाइएको

</td>
</tr>
<tr>
<td>

१४. **प्रबन्धपत्र बाँझिएको हदसम्म अमान्य हुनेः** यस प्रबन्धपत्रमा लेखिएका कुराहरु नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३, कम्पनी ऐन, २०६३ तथा धितोपत्र कारोवार सम्वन्धि प्रचलित कानूनसँग बाँझिएमा वाझिएको हदसम्म स्वतः वदर भई उपरोक्त ऐन वा कानूनका व्यवस्थाहरु नै लागु हुनेछ ।

</td>
<td>

१४. दफा परिवर्तन गरी नेपाल राष्ट्र बैंकले तोकिदिएको प्रवन्धपत्रको ढाँचा अनुसार मिलाइएको

</td>
</tr>
</table>

**१५.संस्थापकले तत्काल लिन कबुल गरेको शेयर संख्या र उद्घोष :** हामी नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेडका संस्थापकहरुले यो बैंक संस्थापना गरी प्रचलित कानुन वमोजिम संचालन गर्न मञ्जुर गरेका छौं । यो प्रवन्धपत्रमा उल्लेखित हाम्रो नाम, ठेगाना, हस्ताक्षर, हामीले लिन कवुल गरेको शेयर र साक्षी सम्वन्धी व्यहोरा ठीक साँचो हो । कुनै कारणले झुट्टा ठहरिन गएमा बैंक दर्ता पश्चात सिर्जना हुने दायित्व व्यहोर्न हामी तयार छौं । यो प्रवन्धपत्रमा लेखिएका कुरा साँचो हो, झुट्टा ठहरे कानुन वमोजिम सहन वुझाउन मञ्जुर छौं भनी सहीछाप गरेका छौं ।

| सि.नं. | संस्थापकहरुको नाम थर वतन र सहिछाप | लिन कबुल गरेको शेयर संख्या | संस्थापक प्रतिनिधिहरुको हस्ताक्षर | साक्षीको नाम थर वतन र सहीछाप |
|---|---|---|---|---|
| १ | बैंक अफ सिलोन, श्रीलंका | २०,००,००० | द.आर. आशिर्वादम् | जनार्दन श्रेष्ठ, डिल्ली बजार |
| २ | एन.वि.ग्रुप (नेपाल) प्रा. लि, बागबजार | २०,००० | द. लक्ष्मी बहादुर श्रेष्ठ | पूजा जोशी, टंगाल |
| ३ | श्री हरि शंकर त्रिपाठी, हाडीगाँउ | ५,००० | द. हरि शंकर त्रिपाठी | प्रकाश श्रेष्ठ, टंगाल वार्ड नं. ५ |
| ४ | श्री नरेन्द्र भट्टराई, ज्ञानेश्वर | १,००,००० | द. नरेन्द्र भट्टराई | सुन्दर राज पुडासैनी, बागबजार |
| ५ | श्रीमती बिनु श्रेष्ठ, कमलादी | ४,८०,००० | द. बिनु श्रेष्ठ | बाबु काजी श्रेष्ठ, का.न.पा. ३१ |
| ६ | श्री बाबु काजी श्रेष्ठ, कमलादी | ४,९८,००० | द. बाबु काजी श्रेष्ठ | कमल गौतम, सानेपा, ललितपुर |
| ७ | श्रीमती कृष्णा श्रेष्ठ, कमलादी | ३,८५,००० | द. कृष्णा श्रेष्ठ | खिम ब.डी.सी, बानेश्वर १० |
| ८ | श्री भरतनरसिंह जोशी, जावलाखेल | ५,००० | द. भरतनरसिंह जोशी | प्रेम कष्ण, ल.पु., सुन्धारा |
| ९ | श्री रुबी जोशी, डिल्लीबजार | ७,००० | द. श्री रुबी जोशी | अर्जुन थापा, जावलाखेल |
| **जम्मा** | | **३५,००,०००** | | |

ईति सम्वत् २०..साल..महिना...गते...रोज....शुभम

१५.बैंक दर्ता गर्दा प्रवन्ध पत्र तथा नियमावलीमा हस्ताक्षर गर्ने संस्थापकहरुको नामावली यथावत राखिएको ।

NCC Bank
नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि.
Nepal Credit & Commerce Bank Ltd.

# नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि.को नियमावलीमा प्रस्तावित संशोधनको तीनमहले

**नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि.को नियमावलीमा**
**प्रस्तावित संशोधनको**
**तीनमहले**

| हालको नियमावली | संशोधितको लागी प्रस्ताव गरिएको | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| **कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि. नियमावली** | **कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड नियमावली** | |
| १. **बैंकको नाम** : यस बैंकको नाम "नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड" हुनेछ र यसलाई अंग्रेजीमा Nepal Credit & Commerce Bank Ltd. भनिनेछ, जसलाई यसपछि "बैंक" भनिने छ । | १. **कम्पनीको नाम** : यस कम्पनीको नाम "नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड" हुनेछ र यसलाई "Nepal Credit & Commerce Bank Ltd." भनिनेछ । यसलाई छोटकरीमा नेपालीमा "एन.सी.सी. बैंक" र अंग्रेजीमा "NCC Bank" भनिनेछ । जसलाई यसपछि "बैंक" भनि सम्वोधन गरिनेछ । | १.नेपाल राष्ट्र बैंकले तोकिदिएको नियमावलीको ढाँचा अनुसार साथै प्रचलनमा रहेको छोटकरीमा नामलाई समावेश गरिएको । |
| २. (१) **बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना** : यस बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय लुम्बिनी अञ्चल, रुपन्देही जिल्ला, सिद्धार्थनगर नगरपालिका वडा नं. ५ मा रहनेछ । यस बैंकको कर्पोरेट कार्यालय बागमति अञ्चल, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. ३१ बागबजारमा रहेनछ ।<br>(२) **बैंकको कारोबार गर्ने स्थान** : यस बैंकले नेपाल राष्ट्र बैंकको स्वीकृति लिई स्वदेश तथा विदेशमा शाखा, उपशाखा वा अन्य कार्यालय खोली कारोबार गर्न सकिनेछ । | २. **बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना** : यस बैंकको रजिष्टर्ड (केन्द्रिय) कार्यालय काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वार्ड नं. २८ (साविक ३१) बागबजारमा रहनेछ । नेपाल राष्ट्र बैंकको स्वीकृती लिई आवश्यकता अनुसार शाखा, उपशाखा वा अन्य कार्यालय खोली कारोबार गर्न सकिनेछ । | २.नेपाल क्रेडिट एण्ड कमर्श बैंक लि. मा इन्फ्रास्ट्रक्चर डेभलपमेन्ट बैंक लि., एपेक्स डेभलपमेन्ट बैंक लि., सुप्रिम डेभलपमेन्ट बैंक लि., इन्टरनेशनल डेभलपमेन्ट बैंक लि. एक आपसमा गाभ्न/गाभिन अन्तिम स्वीकृति प्रदान गर्दाको बुँदा नं ४ मा केन्द्रिय कार्यालय काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं ३१ बागबजारमा रहने गरी स्वीकृत प्राप्त भएकोले सोही अनुसार मिलाइएको । |
| २ क. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,<br>(१)"प्रचलित कम्पनी सम्बन्धी कानून" भन्नाले कम्पनी ऐन, २०६३ सम्झनुपर्छ । उक्त शब्दावलीले त्यस ऐनको सट्टामा जारी हुने अन्य कुनै अध्यादेश वा ऐन तथा त्यसमा समय-समयमा हुने संशोधन समेतलाई जनाउनेछ । | ३. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-<br>(क) "ऐन" भन्नाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ सम्झनुपर्छ ।<br>(ख) "कम्पनी ऐन" भन्नाले कम्पनी ऐन, २०६३ सम्झनु पर्छ ।<br>(ग) "राष्ट्र बैंक" भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ बमोजिम स्थापना भएको नेपाल राष्ट्र बैंक सम्झनु पर्छ । | ३. नेपाल राष्ट्र बैंकले तोकिदिएको नियमावलीको ढाँचा अनुसार मिलाइएको र केही शव्दहरुको परिभाषा साविक नियमावली अनुसार राखिएको । |

| | | |
|---|---|---|
| (२)“प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून” भन्नाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ सम्झनुपर्छ। उक्त शब्दावलीले त्यस ऐनको सट्टामा जारी हुने अन्य कुनै अध्यादेश वा ऐन तथा त्यसमा समय समयमा हुने संशोधन समेतलाई जनाउनेछ। | (घ) “बैंक” भन्नाले नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड सम्झनु पर्छ। | |
| (३) “प्रबन्धपत्र” भन्नाले बैंकको प्रबन्धपत्र सम्झनुपर्छ र त्यस शब्दले समय-समयमा त्यसमा भएको संशोधन समेतलाई जनाउनेछ। | (ङ) “प्रबन्धपत्र” भन्नाले नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेडको प्रबन्धपत्र सम्झनु पर्छ। | |
| | (च) “नियमावली” भन्नाले नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेडको नियमावली सम्झनु पर्छ। | |
| (४)नियमावली भन्नाले बैंकको नियमावली सम्झनुपर्छ र त्यस शब्दले समय-समयमा त्यसमा भएको संशोधन समेतलाई जनाउनेछ। | (छ) “समिति” भन्नाले नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेडको संचालक समिति सम्झनु पर्छ। | |
| (५)“संस्थापक” भन्नाले बैंक संस्थापनाको लागि दाखिल गरिने प्रबन्धपत्र तथा नियमावलीमा शेयर लिन मंजुर गरी संस्थापकको हैसियतले सहीछाप गर्ने व्यक्ति सम्झनुपर्छ। | (ज) “संस्थापक” भन्नाले ऐन बमोजिम बैंक स्थापना गर्नको लागि प्रबन्धपत्र तथा नियमावलीमा उल्लेखित भए बमोजिम संस्थापकको हैसियतले सहीछाप गर्ने व्यक्ति सम्झनु पर्छ। | |
| | (झ) “शेयर” भन्नाले बैंकको शेयर पूँजीको विभाजित अंश सम्झनु पर्छ। | |
| (६)“समिति” भन्नाले बैंकको संचालक समिति सम्झनुपर्छ। | (ञ) “शेयरधनी” भन्नाले बैंकको शेयरमा स्वामित्व भएको व्यक्ति सम्झनु पर्छ। | |
| (७)“संचालक” भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शव्दले अध्यक्ष तथा वैकल्पिक संचालक समेतलाई जनाउँछ। | (ट) “अध्यक्ष” भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ। | |
| (८)“व्यवसायिक संचालक” भन्नाले प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनमा व्यवस्था भए अनुसार नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक विशेषज्ञहरुको सूचिबाट संचालक समितिले नियुक्त गरेको संचालकलाई जनाउंछ। | (ठ) “संचालक” भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शव्दले अध्यक्ष तथा वैकल्पिक संचालक समेतलाई जनाउँछ। | |
| (९)“अध्यक्ष” भन्नाले समितिको अध्यक्ष सम्झनुपर्छ। | (ड) “वित्तीय कारोबार” भन्नाले बैंकले गर्ने बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ४९ मा उल्लेखित भए बमोजिमको कारोबार सम्झनु पर्छ। | |
| (१०)“कम्पनी सचिव” भन्नाले प्रचलित कम्पनी सम्बन्धी कानून बमोजिम नियुक्त भएको बैंकको कम्पनी सचिव सम्झनुपर्छ। | (ढ) “कार्यालय” भन्नाले बैंकको केन्दीय कार्यालय सम्झनुपर्छ र सो शब्दले बैंकको क्षेत्रीय, शाखा, उप शाखा, प्रशाखा, इलाका, प्रतिनिधि, सम्पर्क कार्यालय लगायतका अन्य जुनसुकै कार्यालय समेतलाई जनाउँछ। | |
| (११)“कार्यकारी प्रमुख” भन्नाले बैंकको दैनिक काम कारवाही सुचारू रूपले सञ्चालन गर्न समितिले कार्यकारी प्रमुखको रूपमा कामकाज गर्न नियुक्त गरेको व्यक्ति सम्झनुपर्छ र सो शब्दले | | |

| | | |
|---|---|---|
| कार्यकारी अध्यक्ष, प्रमुख कार्यकारी अधिकृत, कार्यकारी निर्देशक, कार्यकारी संचालक, प्रबन्ध संचालक वा प्रबन्ध निर्देशक समेतलाई जनाउँछ ।<br><br>(१२)“राष्ट्र बैंक” भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ अन्तर्गत स्थापित नेपाल राष्ट्र बैंक सम्झनुपर्छ ।<br><br>(१३) ‘बैंक’ भन्नाले प्रचलित कम्पनी सम्बन्धी कानून अन्तर्गत पब्लिक लिमिटेड कम्पनीको रुपमा संस्थापित नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड सम्झनु पर्दछ । यसलाई छोटकरीमा एनसीसी बैंक (NCC Bank) भनिनेछ ।<br><br>(१४)“सम्बन्धित कार्यालय” भन्नाले नेपाल सरकारको कम्पनी रजिष्ट्रारको कार्यालय वा नेपाल सरकारले तोकेको अन्य कुनै विभाग वा कार्यालय सम्झनुपर्छ ।<br><br>(१५)“साधारण सभा” भन्नाले बैंकका शेयरधनीहरूको वार्षिक साधारण सभा र विशेष साधारण सभा सम्झनुपर्छ ।<br><br>(१६)“शेयर” भन्नाले बैंकको शेयर पूँजीको विभाजित अंश सम्झनुपर्छ ।<br><br>(१७)“शेयरधनी” भन्नाले बैंकको शेयरधनीहरूको लगत किताबमा शेयरधनीको रूपमा नाम दर्ता भएको व्यक्ति सम्झनुपर्छ ।<br><br>(१८)“शेयर प्रमाणपत्र” भन्नाले शेयर किन्ने व्यक्तिलाई बैंकबाट शेयर प्रमाणपत्रको रुपमा दिएको निस्सा सम्झनुपर्छ ।<br><br>(१९)“लाभांश” भन्नाले बैंकले आर्जन गरेको मुनाफाबाट शेयरधनीहरूलाई वितरण गर्ने नगद वा बोनस शेयर सम्झनुपर्छ ।<br><br>(२०)“बोनस शेयर” भन्नाले बैंकले गरेको मुनाफाबाट आफ्ना शेयरधनीहरुलाई नगदको सट्टा शेयरको रुपमा लाभांश स्वरुप वितरण गरेको शेयर सम्झनुपर्छ । | (ण) “पदाधिकारी” भन्नाले बैंकको सञ्चालक, कार्यकारी प्रमुख, प्रबन्धक, कम्पनी सचिव र कर्मचारी सम्झनुपर्छ र सो शब्दले बैंकको लिक्विडेटर, सल्लाहकार, लेखापरीक्षक र व्यवसायिक विज्ञको रुपमा काम गर्ने व्यक्ति समेतलाई जनाउँछ ।<br><br>(त) “कार्यकारी प्रमुख” भन्नाले बैंक वा वित्तीय संस्थाको दैनिक काम कारवाही सुचारु रुपले संचालन गर्न समितिले कार्यकारी प्रमुखको रुपमा कामकाज गर्न नियुक्त गरेको प्रमुख कार्यकारी अधिकृत सम्झनु पर्छ र सो शब्दले कार्यकारी अध्यक्ष, कार्यकारी निर्देशक, कार्यकारी संचालक, प्रबन्ध निर्देशक, प्रबन्ध सञ्चालक, वा महाप्रबन्धक वा सो पदमा रही कामकाज गर्ने अन्य पदाधिकारी मध्ये कुनै एक पदाधिकारीलाई जनाउँछ ।<br><br>(थ) “सभा” भन्नाले बैंकको साधारण सभा सम्झनु पर्छ ।<br><br>(ध) “स्वतन्त्रसंचालक” भन्नाले प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐनमा व्यवस्था गरे बमोजिम संचालक हुन योग्य भएको व्यक्ति मध्येवाट संचालक समितिले नियुक्त गरेको संचालकलाई जनाउंछ ।<br><br>(न) “कम्पनी सचिव” भन्नाले प्रचलित कम्पनी सम्बन्धी कानून बमोजिम नियुक्त भएको बैंकको कम्पनी सचिव सम्झनु पर्छ ।<br><br>(व) “शेयर प्रमाणपत्र” भन्नाले शेयर किन्ने व्यक्तिलाई बैंकबाट शेयर प्रमाणपत्रको रुपमा दिएको निस्सा सम्झनु पर्छ । केन्द्रिय निक्षेप कम्पनीमा विद्युतीय माध्यममा दर्ता गरिएका बैंकका शेयरहरु व्यक्तिको हितग्राही ( D-MAT) खातामा रहेको अभिलेख ( निस्सा) समेतलाई जनाउँनेछ ।<br><br>(स) “लाभांश” भन्नाले बैंकले आर्जन गरेको मुनाफाबाट शेयरधनीहरूलाई वितरण गर्ने नगद वा बोनस शेयर सम्झनु पर्छ ।<br><br>(ष) “बोनस शेयर” भन्नाले बैंकले गरेको मुनाफाबाट आफ्ना शेयरधनीहरुलाई नगदको सट्टा शेयरको रुपमा लाभांश स्वरुप वितरण गरेको शेयर सम्झनु पर्छ । | |

| | | |
|---|---|---|
| (२१)“तरल सम्पत्ति” भन्नाले बैंकको नगद मौज्दात, चल्ती खातामा राखेको मौज्दात, नेपाल राष्ट्र बैंकमा राखेको मौज्दात सम्झनुपर्छ र सो शब्दले नेपाल राष्ट्र बैंकले समय-समयमा तरल सम्पत्ति भनी निर्धारण गरिदिएको बैंकको अन्य सम्पत्तिलाई समेत जनाउँछ ।<br><br>(२२) “निक्षेप” भन्नाले बैंकको चल्ती, बचत वा मुद्दति खातामा जम्मा भएको रकम सम्झनु पर्छ र सो शब्दले बैंकले नेपाल राष्ट्र बैंकले तोकेबमोजिमका विभिन्न वित्तीय उपकरणको माध्यमबाट स्वीकार गर्ने रकम समेतलाई जनाउँछ ।<br><br>(२३)“चल्ती खाता” भन्नाले मागेको बखत जहिले पनि झिक्न पाउने गरी बैंकमा राखिएको रकमको हरहिसाव लेखिएको खाता सम्झनुपर्छ ।<br><br>(२४)“बचत खाता” भन्नाले बैंकमा बचतको रुपमा राखिएको रकमको हर हिसाव लेखिएको खाता सम्झनुपर्छ ।<br><br>(२५)“मुद्दती खाता” भन्नाले बैंकमा निश्चित अवधिसम्म जम्मा रहने गरी राखिएको रकमको हरहिसाव लेखिएको खाता सम्झनुपर्छ ।<br><br>(२६)ग्राहक भन्नाले भन्नाले बैंकसंग कारोबार गर्ने कुनै व्यक्ति, फर्म संस्थान, संस्था, कम्पनी वा अन्य कुनै निकाय सम्झनुपर्छ ।<br><br>(२७)“व्यक्ति” भन्नाले प्राकृतिक व्यक्ति वा प्रचलित कानून अन्तर्गत संगठित संस्थाको रूपमा दर्ता भएको कम्पनी, संस्था वा अन्य संगठित संस्था सम्झनुपर्छ ।<br><br>(२८)“लेखापरीक्षक” भन्नाले बैंकको साधारण सभाद्वारा नियुक्त लेखापरीक्षक सम्झनु पर्छ र सो शब्दले बैंकको प्रथम साधारण सभा हुनु अघि नियुक्त वा साधारण सभाले नियुक्त गरेको लेखापरीक्षकको पद रिक्त हुन गएको अवस्थामा समितिद्वारा नियुक्त वा प्रचलित कानून बमोजिम नियुक्त गरेको | (श) एकवचन जनाउने शब्दले बहुवचन र बहुवचन जनाउने शब्दले एकवचन समेतलाई जनाउँछ ।<br><br>(ह) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा माथि परिभाषित गरिएका शब्दावलीका अतिरिक्त यस नियमावलीमा प्रयुक्त अन्य शब्दावलीका हकमा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा कम्पनी ऐन, २०६३ मा गरिएको परिभाषा लागू हुनेछ । | |

| | | |
|---|---|---|
| लेखापरीक्षकलाई समेत जनाउँछ ।<br><br>(२९) "लेखा परीक्षण समिति" भन्नाले बैंक तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून अनुकूल हुने गरी गठित लेखा परीक्षण समितिलाई जनाउंछ ।<br><br>(३०) "आर्थिक वर्ष" भन्नाले विक्रम सम्बत् अनुसार श्रावण १ गते शुरू भई आगामी आषाढ मसान्तमा समाप्त हुने अवधी सम्झनुपर्छ ।<br><br>(३१) "छाप" भन्नाले बैंकको कार्य संचालनमा प्रयोग हुने छाप सम्झनुपर्छ ।<br><br>(३२) "डिवेञ्चर" भन्नाले जायजेथा धितो राखी वा नराखी बैंकले जारी गरेको ऋणपत्र सम्झनुपर्छ ।<br><br>(३३) "विनिमयपत्र" भन्नाले कुनै निश्चित मितिमा वा कुनै निश्चित अवधिपछि वा मागेको बखत सो पत्रमा लेखिएको कुनै खास व्यक्तिलाई वा निजले अह्राएको व्यक्तिलाई वा सो पत्र लिई आउने व्यक्तिलाई विना शर्त कुनै निश्चित रकम भुक्तानी दिनु भनी कुनै एक व्यक्तिले अर्को व्यक्तिलाई निर्देशन गरी दस्तखत गरिदिएको लिखत सम्झनुपर्छ ।<br><br>(३४) "प्रतिज्ञापत्र" भन्नाले निश्चित मितिमा वा कुनै निश्चित अवधिपछि वा मागेको बखत सो पत्रमा लेखिएको कुनै खास व्यक्तिलाई वा निजले अह्राएको व्यक्तिलाई वा सो पत्र लिई आउनेलाई विना शर्त कुनै निश्चित रकम दिन्छु भनी कबुल गरी दस्तखत गरिदिएको लिखत सम्झनुपर्छ ।<br><br>(३५) "पूँजीकोष" भन्नाले बैंकको प्राथमिक पूँजी र पूरक पूँजीको योग सम्झनु पर्छ र सो शव्दले नेपाल राष्ट्र बैंकले समय समयमा निर्धारण गरेको सो बैंकको अन्य कोष समेतलाई जनाउँछ । | | |

| | | |
|---|---|---|
| (३६) "प्राथमिक पूँजी" भन्नाले बैंकको चुक्ता पूँजी, शेयर प्रिमियम, फिर्ता नहुने अग्राधिकार शेयर, साधारण जगेडा कोष र संचित नाफा-नोक्सान शीर्षकमा रहेको रकम सम्झनुपर्छ र सो शव्दले नेपाल राष्ट्र बैंकले समय समयमा प्राथमिक पूँजी भनी तोकिदिएको अन्य शीर्षकमा रहेको रकम समेतलाई जनाउँछ ।<br><br>(३७) "पूरक पूँजी" भन्नाले नेपाल राष्ट्र बैंकले समय समयमा तोकिदिएका शीर्षकहरुमा रहेको बैंकको रकम सम्झनुपर्छ ।<br><br>(३८)लिखत भन्नाले रंगाईएका, लिथो गरिएका, टाईप गरिएका, फोटोकपि गरिएका र शब्दहरुलाई देखिने गरी अभिव्यक्त गर्ने वा प्रत्युत्पादन गर्ने अन्य तरिकालाई समेत जनाउँछ<br><br>(३९) सुरक्षण (सेक्युरिटि) भन्नाले कर्जा तथा अन्य कुनै ऋण वा वित्तीय सुविधाहरु दिंदा वा लिंदा प्रचलित कानून बमोजिमको कोल्याटरलको रुपमा धितो लिन/राख्न सकिने सम्पत्ति वा तत्सम्बन्धी हकको लिखत वा बैंकलाई मान्य हुने अन्य कुनै सुरक्षण सम्झनुपर्छ ।<br><br>(४०)वित्तीय कारोबार भन्नाले प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून तथा यस नियमावली बमोजिम बैंकले गर्ने कारोबार सम्झनुपर्छ ।<br><br>(४१) विद्युतिय रकमान्तर (इलेक्ट्रोनिक फण्ड ट्रान्सफर) भन्नाले टेलिफोन, टेलेक्स, कम्प्युटर, म्याग्नेटिक टेप वा त्यस्तै प्रकारका अन्य विद्युतिय उपकरणको माध्यामबाट निक्षेप लिने, भुक्तानी दिने, रकमान्तर गर्ने कारोबार सम्झनु पर्छ र सो शब्दले अटोमेटेड टेलर मेशिन र क्यास डिस्पेन्सिङ्ग मेशिनको माध्यामबाट हुने कारोबार र चार्ज कार्ड, डेविट कार्ड तथा क्रेडिट कार्डबाट हुने कारोबार समेतलाई जनाउँदछ ।<br><br>(४२)वित्तीय स्वार्थ भन्नाले संस्थापक वा संचालक, एक प्रतिशत वा | | |

| | | |
|---|---|---|
| सो भन्दा बढी शेयर लिएको शेयरधनी वा कार्यकारी प्रमुख वा त्यस्ता व्यक्तिको परिवारका सदस्य वा संचालक  मनोनित गर्ने अधिकार पाएको व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थाले कुनै फर्म, कम्पनी वा संगठित संस्थाको चुक्ता पुँजीको दश प्रतिशत वा सो भन्दा बढि हुने गरी छुट्टा छुट्टै वा संयुक्त रुपमा शेयर खरिद गरेको रहेछ भने त्यस्तो कम्पनी वा संगठित संस्थामा त्यस्तो संस्थापक वा संचालक वा एक प्रतिशत वा सो भन्दा बढी शेयर लिएको शेयरधनी वा कार्यकारी प्रमुख वा त्यस्ता व्यक्तिको परिवारका सदस्यहरुको वित्तीय स्वार्थ रहेको अवस्था सम्झनुपर्छ ।<br><br>(४३)परिवार भन्नाले सम्बन्धित व्यक्तिको पति वा पत्नि, छोरा छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफुले पालन पोषण गर्नुपर्ने दाजु, भाई र दिदी, बहिनी सम्झनुपर्छ ।<br><br>(४४)  पदाधिकारी भन्नाले बैंकका संचालक, कार्यकारी प्रमुख र कम्पनी सचिव सम्झनुपर्छ र त्यस शब्दले बैंकका सल्लाहकार, लेखापरीक्षक र लिक्वीडेटर भई काम गर्ने व्यक्ति समेतलाई जनाउँदछ ।<br><br>(४५)   प्रतीत-पत्र् भन्नाले कुनै एक बैंक वा वित्तीय संस्थाले कुनै अर्को बैंक वा वित्तीय संस्थाको नाममा कुनै व्यक्तिको निश्चित रकमले खामेसम्मको चेक, ड्राफ्ट, हुण्डी वा विनिमयपत्र स्वीकार गर्नु भनी लेखेको पत्र सम्झनु पर्छ ।<br><br>(४६)इजाजतप्राप्त संस्थ्ाू भन्नाले वित्तीय कारोबार गर्न यस अध्यादेश, बमोजिम इजाजतपत्र प्राप्त गरेको बैंक वा वित्तीय संस्था सम्झनुपर्छ ।<br><br>(४७)  विनिमय भन्नाले विनिमय अधिकारपत्र पाउने कुनै व्यक्तिलाई धारक बन्न सक्ने गरी सो पत्र हस्तान्तरण गर्ने काम सम्झनुपर्छ ।<br><br>(४८) विनिमय अधिकार पत्र् भन्नाले प्रतिज्ञापत्र, विनिमयपत्र वा चेक सम्झनु पर्छ । | | |

(४९) वासलात बाहिरको कारोबार भन्नाले बैंकले दायित्व व्यहोर्नु पर्ने सम्भावना भएको प्रतीत-पत्र, जमानतपत्र, स्वीकारपत्र, प्रतिबद्धता, विदेशी विनिमय सम्बन्धी स्वाप, अप्सन, अग्रिम कारोबार र त्यस्तै प्रकारका अन्य कारोबार सम्झनुपर्छ।

(५०) कर्जा भन्नाले रकम प्रवाह गर्ने, प्रत्यक्ष प्रत्याभूति र त्यसको बदलामा लगानी गरेको रकम असुली गर्ने अधिकार तथा त्यस्ता कर्जाको व्याज वा अन्य दस्तुरको चुक्ता, कर्जा वा लगानीको धितोमा दिईएको पुनर्कर्जा, कर्जाको पुनसंरचना र नविकरण, कर्जा चुक्ताको लागि जारी गरिएको जमानी तथा कर्जा चुक्ताको लागि गरिएको अन्य बचनबद्धता सम्झनुपर्छ र सो शब्दले कुनै पनि किसिमको ऋण समेतलाई जनाउँछ।

(५१) एकवचन जनाउने शब्दले बहुवचन र बहुवचन जनाउने शब्दले एकवचन समेतलाई जनाउँछ।

(५२) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा माथि परिभाषित गरिएका शब्दावलीका अतिरिक्त यस नियमावलीमा प्रयुक्त अन्य शब्दावलीका हकमा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून तथा प्रचलित कम्पनी सम्बन्धी कानूनमा गरिएको परिभाषा लागू हुनेछ।

**३. बैंकको उद्देश्य** : यस बैंकको उद्देश्य प्रबन्धपत्रको दफा ३ मा उल्लेख भए बमोजिम हुनेछ।

३. (क) बैंकको उद्धेश्य प्राप्त गर्न गरिने कामहरु : बैंकले आफ्नो उद्धेश्य पुरा गर्न गर्ने कामहरुको विवरण प्रबन्धपत्रको दफा ४ मा उल्लेख भए बमोजिम हुनेछ।

| | | |
|---|---|---|
| ४. **बैंकको साधारण सभा बोलाउने तरिका र साधारण सभाका लागि दिनुपर्ने सूचना सम्बन्धी कुराहरुः**<br>(१) यस बैंकको साधारण सभा देहाय बमोजिम हुनेछः:-<br>(क) वार्षिक साधारण सभा, र<br>(ख) विशेष साधारण सभा | ४. **<u>बैंकको उद्देश्य</u>** : बैंकको उद्देश्य प्रबन्धपत्रको दफा ४ मा उल्लेख भए बमोजिम हुनेछ ।<br><br>**परिच्छेद २**<br>**<u>शेयर पूँजी संरचना</u>** | ४. फेरवदल नभएको । |
| (२) यस बैंकको प्रथम वार्षिक साधारण सभा बैंकले कारोवार शुरू गर्ने इजाजतपत्र पाएको मितिले एक वर्षभित्रमा गरिनेछ र त्यसपछिका वार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र गरिनेछ । कथंकदाचित तोकिएको समयभित्र साधारण सभा गर्न नसकिने मनासिव कारण भएमा सम्बन्धित कार्यालयमा नियमानुसार म्याद थपको लागि माग गरिनेछ । | ५.**<u>शेयरको अंकित मूल्य</u>** : यस बैंकको शेयरको अंकित मूल्य रु. १००।- हुनेछ ।<br><br>६. **<u>शेयरमा लियन रहने कुरा</u>** : शेयरधनीहरुले बैंकलाई तिर्न बाँकी रहेको शेयर बापतको रकम वा बैंकलाई कानुन बमोजिम बुझाउनु पर्ने बाँकी रकम वापत निजहरुका नाममा दर्ता भएको शेयर र सो वापत बाँडिने लाभाशंमा बैंकको लियन वा दाबी रहनेछ । | ५. नेपाल राष्ट्र बैंकले तोकिदिएको नियमावलीको ढाँचा अनुसार थप गरी मिलाइएको.<br><br>६. साविक नियमावली २२ को व्यवस्थााई नेपाल राष्ट्र बैंकले तोकिदिएको नियमावलीको ढाँचा अनुसार थप गरी मिलाइएको. |
| (३) यस बैंकको वार्षिक साधारण सभा गर्नका लागि सञ्चालक समितिको बहुमतले निर्णय गरी सञ्चालक समितिको अध्यक्षले कम्तीमा २१ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तीमा १५ दिन अगावै साधारण सभा हुने ठाउं, मिति र छलफल गर्ने विषय खोली सबै शेयरधनीलाई सूचना दिइने छ । | ७. **<u>विभिन्न वर्गका शेयरहरु जारी गर्ने भए त्यस्ता शेयरको वर्ग, त्यसमा निहित शेयरधनीको हक, अधिकार तथा बन्देजहरु</u>** : साधारण शेयर बाहेक अन्य वर्गका शेयरको सम्बन्धमा हाललाई कुनै व्यवस्था गरिएको छैन । साधारण शेयरको समूहगत संरचना प्रबन्धपत्रको दफा ६ मा उल्लेख गरिए बमोजिम हुनेछ । | ७. साविक नियमावली २३, २९, ३० को व्यवस्थााई नेपाल राष्ट्र बैंकले तोकिदिएको नियमावलीको ढाँचा अनुसार थप गरी मिलाइएको. |
| (४) उपनियम (३) बमोजिम अध्यक्षले सञ्चालक समितिको बैठक गराई साधारण सभा नबोलाएमा वा अध्यक्षले बैंक छाडी सम्पर्क विहिन भएमा वा निज देशबाहिर रहे बसेमा वा काबूबाहिरको परिस्थितिले निजले सञ्चालक समितिको बैठक तथा साधारण सभामा उपस्थित हुन नसक्ने अवस्था भएमा सञ्चालक समितिको कम्तीमा एकाउन्न प्रतिशत सदस्य उपस्थित भै कारण खुलाई संचालक समितिको बैठक बस्न र साधारण सभा बस्ने निर्णय गर्न सक्नेछन् । यसरी गरिएको निर्णयलाई राष्ट्रिय दैनिक पत्रिकामा सार्वजनिक रुपले प्रकाशन गरी साधारण सभा बस्ने सम्बन्धमा शेयरधनीलाई सूचना | ८. **<u>नियम ७ बमोजिम जारी भएको शेयर खरिद गर्ने शेयरधनीको अधिकारमा हेरफेर गर्दा सम्बन्धित वर्गका शेयरधनीहरुको स्वीकृती चाहिने वा नचाहिने</u>** :हाल विभिन्न वर्गका शेयरहरु जारी गरिएको छैन । सो सम्बन्धी व्यवस्था गर्नु परेको खण्डमा प्रचलित कानुनको अधिनमा रही राष्ट्र बैंकको स्वीकृती लिई विभिन्न वर्गका शेयर खरिद गर्ने शेयरधनीका अधिकारमा हेरफेर गर्दा त्यस्ता वर्गका शेयरधनीहरुको स्वीकृतीको सम्बन्धमा आवश्यक व्यवस्था गर्न सकिनेछ ।<br><br>९. **<u>अग्राधिकार शेयर</u>** : बैंकको सम्पूर्ण शेयरहरु साधारण शेयरले बनेको हुदा हाल अग्राधिकार शेयर सम्बन्धी व्यवस्था गरिएको छैन । सो शेयर सम्बन्धी व्यवस्था गर्नु परेको खण्डमा प्रचलित कानूनको अधीनमा रही राष्ट्र बैंकको स्वीकृती लिई अग्राधिकार शेयर जारी गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न सकिनेछ । | ८. नेपाल राष्ट्र बैंकले तोकिदिएको नियमावलीको ढाँचा अनुसार थप गरी मिलाइएको.<br><br>९. नेपाल राष्ट्र बैंकले तोकिदिएको नियमावलीको ढाँचा अनुसार थप गरी मिलाइएको. |

| | | |
|---|---|---|
| गरिनेछ । यसरी बस्ने सञ्चालक समिति र साधारण सभाको अध्यक्षता सम्बन्धित सञ्चालकहरुले आफूमध्येबाट छानेको व्यक्तिले गर्नेछ । | **१०.संस्थापकले लिनु पर्ने शेयर**: शेयरधनीले बैंकको संस्थापक हुन बैंकको स्थापना गर्ने समयमा कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरिएको प्रबन्धपत्र तथा नियमावली अनुसार कम्तीमा १० कित्ता शेयर लिएको हुनु पर्नेछ । | १०. नेपाल राष्ट्र बैंकले तोकिदिएको नियमावलीको ढाँचा अनुसार थप गरी मिलाइएको. |
| (५) उपनियम (३) वा (४) बमोजिम बोलाइएको साधारण सभामा नियम ५ बमोजिमको गणपूरक संख्या नपुगी सभा हुन नसकेमा कम्तीमा ७ दिनको म्याद दिई पुनः साधारण सभा बोलाइनेछ । यस्तो सूचना राष्ट्रिस्तरको दैनिक पत्रिकामा प्रकाशन गरेमा रीतपूर्वकको सूचना दिएको मानिनेछ । | **११.शेयर वापतको रकमको भुक्तानीको माग तथा शेयर जफत सम्बन्धी व्यवस्था** : बैंकले ऐन अनुसार शतप्रतिशत रकम शेयर वापतको रकमको भुक्तानी माग गर्नेछ । शेयर वापतको रकमको भुक्तानी तथा शेयर जफत सम्बन्धी अन्य व्यवस्था ऐन र कम्पनी ऐन बमोजिम हुनेछ । | ११. साविक नियमावली २५ मा नेपाल राष्ट्र बैंकले तोकिदिएको नियमावलीको ढाँचा अनुसार थप गरी मिलाइएको. |
| **५. गणपूरक संख्या** : बाँडफाँड भएको कूल शेयर संख्याको ५० प्रतिशतभन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधि (प्रोक्सी) द्वारा उपस्थित नभई साधारण सभाको काम कारवाही हुने छैन । तर नियम ४ को उपनियम (५) मा उल्लेख भए बमोजिम पुनः बोलाइएको साधारण सभामा कूल शेयर संख्याको २५ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कम्तीमा ३ जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधि (प्रोक्सी) द्वारा उपस्थित भएमा साधारण सभा गर्न बाधा पर्ने छैन । | **१२.शेयर बिक्री वा धितोबन्धक सम्बन्धी व्यवस्था** :(१) बैंकको शेयर चल सम्पत्ति सरह अर्को व्यक्तिलाई बिक्री गर्न वा धितोबन्धक राख्न सक्नेछ ।<br>(२) शेयर बिक्री वा धितोबन्धक र दाखिल खारेज सम्बन्धी व्यवस्था कम्पनी ऐन तथा धितोपत्र कारोबार सम्बन्धी कानून बमोजिम हुनेछ ।<br>(३) संस्थापक वर्गको शेयर हस्तान्तरण गर्दा ऐन, कम्पनी ऐन तथा धितोपत्र सम्बन्धी प्रचलित कानुन, प्रबन्धपत्र तथा यस नियमावलीको अधिनमा रही गरिनेछ । | १२. साविक नियमावली २६ को व्यवस्थालाइ नेपाल राष्ट्र बैंकले तोकिदिएको नियमावलीको ढाँचा अनुसार थप गरी मिलाइएको ।<br>१३. नेपाल राष्ट्र बैंकले तोकिदिएको नियमावलीको ढाँचा अनुसार थप गरी मिलाइएको. साथै केन्द्रिय निक्षेप कम्पनीमा विद्युतीय माध्यममा दर्ता गरिएका बैंकका शेयरहरुको व्यवस्थालाई समावेश गरिएको । |
| **६. साधारण सभाको कार्यविधि :** (१) साधारण सभाको अध्यक्षता सञ्चालक समितिको अध्यक्षले गर्नेछ ।<br>(२) सञ्चालक समितिको अध्यक्ष अनुपस्थित भएमा उपस्थित संचालकहरुले आफूमध्येबाट छानिएका संचालकले साधारण सभाको अध्यक्षता गर्नेछ ।<br>(३) साधारण सभा शुरु हुनुअघि सभाको वैधता बारे छलफल गरी गणपूरक संख्या पुगे नपुगेको यकिन गरिनेछ ।<br>(४) गणपूरक संख्या पुगेको पाइएमा साधारण सभा विधिवत् सञ्चालन गर्न अध्यक्षले अनुमति दिनेछ ।<br>(५) साधारण सभाको विषय सूची (एजेण्डा) को रुपमा प्रस्तावहरु प्रस्तुत हुनेछन् र प्रत्येक प्रस्तावमा छलफल गरिनेछ । | **१३. शेयरको प्रमाण पत्र :** बैंकले जारी गर्ने शेयरको प्रमाण पत्रमा अध्यक्ष वा कुनै एक सञ्चालक तथा बैंकको कार्यकारी प्रमुख वा कम्पनी सचिव मध्ये कुनै एक गरी जम्मा दुई जनाको दस्तखत हुनेछ ।<br>**१४.शेयर पूँजी हेरफेर गर्ने कुरा :** ऐन, राष्ट्र बैंकबाट जारी गरिएको निर्देशन र कम्पनी ऐनमा उल्लेखित प्रावधान अनुरुप साधारण सभामा विशेष प्रस्ताव पेश गरी सभाको निर्णयबाट बैंकको शेयर पूँजी हेरफेर गर्न सकिनेछ ।<br>**१५.आफ्नो शेयर आफैंले खरिद गर्ने सम्बन्धी व्यवस्था**<br>(१) राष्ट्र बैंकको स्वीकृती लिई ऐनको अधीनमा रही बैंकले आफ्नो शेयर आफैं खरिद गर्न सक्नेछ । | १४. नेपाल राष्ट्र बैंकले तोकिदिएको नियमावलीको ढाँचा अनुसार थप गरी मिलाइएको.<br>१५. नियमावली २८ को व्यवस्थााई नेपाल राष्ट्र बैंकले तोकिदिएको नियमावलीको ढाँचा अनुसार मिलाइएको. |

| | | |
|---|---|---|
| (६) मतदान गरिएको प्रत्येक विषयमा सभाका बहुमत शेयर धारण गर्ने शेयरधनीहरुको रायलाई त्यस सभाको निर्णय मानिनेछ । त्यस्तो राय ध्वनिमत, हात उठाउन लगाउने, शेयरधनीहरुको समूह विभाजन, मतपत्रको प्रयोग लगायत अध्यक्षले तोकेको प्रकृया बमोजिम निर्धारण गर्न सकिनेछ । तर विशेष प्रस्तावको हकमा सभामा उपस्थित शेयरधनीहरु मध्ये ७५ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीहरुले प्रस्तावको पक्षमा मत दिएमा मात्र सो प्रस्ताव सभाबाट स्वीकृत भएको मानिनेछ ।<br><br>(७) साधारण सभामा अध्यक्षले तोकेबमोजिम शेयरधनीले आवश्यकतानुसार पालैपालोसंग बोल्ने गरी छलफलमा भाग लिनेछन् ।<br><br>(८) साधारण सभामा बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र अध्यक्षले मत बराबर भएमा मात्र निर्णायक मत दिन सक्नेछ ।<br><br>(९) साधारण सभामा छलफलका लागि पेश भएका प्रस्तावहरु मध्ये सबै वा कुनै प्रस्ताव उपर छलफल एवं निर्णय हुन बांकी रहेको अवस्थामा सो सभाको अर्को बैठक सात दिनभित्र लगत्तै बस्नसक्नेछ । सो सभामा त्यस्तो प्रस्ताव स्वतः समावेश भएको मानी सो प्रस्ताव उपर पहिले निर्णय गरी अन्य प्रस्ताव उपर छलफल गर्नु पर्नेछ ।<br><br>(१०) देहायका अवस्थामा बाहेक पहिले नै सूचित नगरिएका विषयमा साधारण सभामा कुनै निर्णय गर्न सकिने छैन । | (२) बैंकले आफ्नो शेयर आफैं खरिद गर्दा ऐन तथा कम्पनी ऐनको अधीनमा रही सञ्चालक समितिले तोके बमोजिमको प्रतिशतसम्म खरिद गर्न सकिनेछ ।<br><br>**१६. <u>ऋण वा डिबेञ्चर सम्बन्धी व्यवस्था</u> :** (१) बैंकले नेपाल राष्ट्र बैंकको स्वीकृती लिई प्रचलित कानूनको अधीनमा रही ऋण वा डिबेञ्चर उठाउन सक्नेछ ।<br><br>(२) जारी पूँजी पूर्ण रुपमा चुक्ता नभएसम्म बैंकले डिबेञ्चर उठाउन सक्ने छैन ।<br><br>(३) बैकले जारी गरेको डिबेञ्चर शेयरमा परिणत हुन सक्नेछ । सोलाई साधारण सभाले अनुमोदन गरी राष्ट्र बैंकको स्वीकृती प्राप्त भए पछि लागू हुनेछ ।<br><br>(४) उपनियम (३) बमोजिम डिबेञ्चर शेयरमा परिणत गर्नु पर्दा सो सम्बन्धी कुनै शर्त तोक्नु परेमा सञ्चालक समितिले तोके बमोजिम हुनेछ ।<br><br>(५) बैंकको डिबेञ्चर अन्य चल सम्पत्ति सरह धितोबन्धक राख्न सकिनेछ ।<br><br>(६) ऋण वा डिबेञ्चर सम्बन्धी अन्य व्यवस्था राष्ट्र बैंकबाट जारी निर्देशन, ऐन, कम्पनी ऐन तथा धितोपत्र कारोबार सम्बन्धी कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।<br><br>(७) डिबेञ्चर हस्तान्तरण र दाखिल खारेज सम्बन्धी व्यवस्था कम्पनी ऐनमा उल्लेख भए बमोजिम हुनेछ । | १६. नियमावली ३५ को व्यवस्थालाई नेपाल राष्ट्र बैंकले तोकिदिएको नियमावलीको ढाँचा अनुसार मिलाइएको. |
| क) यस नियमावलीका अन्य नियमहरुमा अन्यथा लेखिएकोमा वाहेक साधारण सभामा मतदान गर्न पाउने बैंकको जम्मा शेयरको ६७ प्रतिशत शेयरलाई प्रतिनिधित्व गर्ने शेयरधनीहरु स्वयं वा प्रतिनिधि मार्फत उपस्थित भई कुनै विषयमा निर्णय लिने पक्षमा मतदान गरेमा, | **१७. <u>शेयरधनी तथा डिबेञ्चरवालाको दर्ता किताबको निरीक्षण</u>:** (१) बैंकको शेयरधनी वा डिबेञ्चरवालाले बैंकको शेयर वा डिबेञ्चर दर्ता किताब निरीक्षण गर्न चाहेमा बैंकले निरीक्षण गर्न दिनु पर्नेछ । | १७. नियमावली ३९ को व्यवस्थााई नेपाल राष्ट्र बैंकले तोकिदिएको नियमावलीको ढाँचा अनुसार मिलाइएको. |

| | | |
|---|---|---|
| ख) स्थगित भएको कुनै साधारण सभामा छलफलका निमित्त सूचित गरिएको कुनै विषय भएमा,<br><br>(११) अध्यक्ष आफैंले वा निजले तोकेको व्यक्तिद्वारा गोप्य मतद्वारा दिएको मतको जाँच गर्नेछन् र त्यसपछि साधारण सभामा त्यसको घोषणा गर्नेछन् ।<br><br>(१२) कुनै विषयमा मतदानको माग गरिएको कारणले त्यस विषयमा बाहेक अन्य कार्य सम्पादन गर्नको लागि सभा चालु राख्न बाधा पुऱ्याउने छैन ।<br><br>(१३) साधारण सभा सम्बन्धी अन्य व्यवस्थाहरु प्रचलित कम्पनी सम्बन्धी कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।<br><br>७. **विशेष साधारण सभा :** (१) प्रचलित कम्पनी सम्बन्धी कानूनमा उल्लेख भए बमोजिमको विशेष साधारण सभा बोलाउन पर्ने कुनै अवस्था उत्पन्न भएमा बैंकको विशेष साधारण सभा बोलाइनेछ ।<br><br>(२)प्रचलित कम्पनी सम्बन्धी कानूनले विशेष साधारण सभाका लागि मात्र भनी विशेष रुपले गरिदिएका व्यवस्थाहरु बाहेक विशेष साधारण सभा सम्बन्धी अन्य व्यवस्थाहरु वार्षिक साधारण सभा सरह हुनेछ ।<br><br>८. **संचालकको संख्या र कार्यकाल** : (१) बैंकको संचालकहरुको नियुक्ति र निर्वाचन प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनको अधीनमा रही वार्षिक साधारण सभाबाट हुनेछ । तर व्यवसायीक विशेषज्ञ संचालकको नियुक्ति संचालक समितिले गर्नेछ ।<br><br>(२) यस बैंकमा नौ (९) जनाको संचालक समिति हुनेछ । सो समितिमा समूहगत प्रतिनिधित्व देहाय बमोजिम हुनेछ : | तर बैंकले आफ्नो सूचना पाटीमा सात दिन अगावै सूचना टाँस गरी एक वर्षमा पैंतालीस दिनमा नबढाई एक पटकमा बढीमा तीस दिनसम्म दर्ता किताबको निरीक्षण बन्द गर्न सक्नेछ ।<br><br>(२) कसैले शेयरधनीको दर्ता किताबको प्रतिलिपी लिन चाहेमा उपनियम (१) को प्रतिबन्धात्मक व्यवस्था बमोजिम निरीक्षण बन्द गरिएको अवस्थामा बाहेक प्रतिपृष्ट रु. १०/- दस्तुर लिई प्रतिलिपी दिईनेछ ।<br><br>**परिच्छेद ३**<br>**<u>साधारण सभा</u>**<br><br>**१८. <u>बैंकको साधारण सभा सम्बन्धी व्यवस्था</u> :** (१)यस बैंकको साधारण सभा देहाय बमोजिम हुनेछन्::-<br>(क) वार्षिक साधारण सभा,<br>(ख) विशेष साधारण सभा<br><br>(२) यस बैंकको प्रथम वार्षिक साधारण सभा बैंकले कारोवार गर्ने स्वीकृती पाएको मितिले एक वर्षभित्रमा गरिनेछ र त्यस पछिका वार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिनाभित्र गरिनेछ ।<br><br>(३) यस बैंकको वार्षिक साधारण सभा गर्नका लागि कम्तीमा एक्काइस दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तीमा पन्ध्र दिन अगावै शेयरधनीहरुलाई निजहरुले बैंकलाई उपलब्ध गराएको ठेगानामा सभा हुने ठाउँ, मिति र छलफल गर्ने विषय खोली सबै शेयरधनीलाई सूचना दिइनेछ। सो सूचना कम्तीमा दुई पटक राष्ट्रियस्तरको दैनिक पत्रिकामा पनि प्रकाशन गरिनेछ।<br><br>(४) समितिको अध्यक्षको निर्देशन बमोजिम कम्पनी सचिवले र कम्पनी सचिवको अनुपस्थितिमा कार्यकारी प्रमुखले वा समितिले तोकेको पदाधिकारीले साधारण सभा बोलाउनेछ ।<br><br>(५) उपनियम (४) मा उल्लेखित पदाधिकारीले साधारण सभा नबोलाएमा वा अन्य कुनै कारणले सञ्चालक समितिको बैठक | <br><br><br><br><br><br><br><br><br><br><br><br>१८. नियमावली ४ को व्यवस्थाआई नेपाल राष्ट्र बैंकले तोकिदिएको नियमावलीको ढाँचा अनुसार मिलाइएको. |

| | | |
|---|---|---|
| क) संस्थापक समूहका शेयरधनीहरुबाट जम्मा ५ जना संचालकहरु आपसी समझदारीबाट मनोनित वा निर्वाचित हुनेछन् ।<br><br>ख) सर्वसाधारण समूहका शेयरधनीबाट निर्वाचित ३ जना ।<br><br>(ग) नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायीक विशेषज्ञहरुको सूचिबाट संचालक समितिले नियुक्त गरेको व्यवसायीक संचालक एक जना ।<br><br>(३) संचालकको पदावधि ४ वर्षको हुनेछ ।अध्यक्ष तथा सञ्चालक लगातार २ पटकभन्दा बढी उक्त पदमा निर्वाचित, मनोनित वा नियुक्त हुन सक्ने छैनन्<br><br>(४) कुनै संगठित संस्था, विदेशी बैंक वा वित्तीय संस्थाले बैंकको शेयर लिएको भए आफुले लिएको शेयरको अनुपातमा संचालक नियुक्ति गर्दा निजको अनुपस्थितिमा काम गर्न सक्ने गरी वैकल्पिक संचालक समेत नियुक्त गर्न सक्नेछ ।<br><br>(५) वार्षिक साधारण सभा हुनुभन्दा अगावै कुनै संचालकको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि संचालकको नियुक्ति संचालक समितिद्वारा गर्न सकिनेछ । कुनै संचालकको पद त्यसरी रिक्त भएमा नयाँ नियुक्त संचालकको कार्यकाल रिक्त भएको संचालकको बाँकी कार्यकाल सम्मका लागि मात्र हुनेछ ।<br><br>९. संचालक समितिको बैठक कसले बोलाउने : संचालक समितिको बैठक अध्यक्षको आदेश बमोजिम कम्पनी सचिवले बोलाउनेछ । अध्यक्षको अनुपस्थितिमा कम्पनी ऐन, २०६३ को दफा ९८ (१) मा उल्लेख भएको प्रावधान बमोजिम बोलाउन सकिनेछ । | बस्न नसकेमा सञ्चालक समितिको कूल सञ्चालकहरु मध्ये कम्तीमा ५१ (एकाउन्न) प्रतिशत सञ्चालक उपस्थित भई सोही कारण खुलाई साधारण सभा बोलाउने निर्णय गर्न सक्नेछन् । यसरी साधारण सभा बोलाउन सबै शेयरधनीलाई उपनियम (३) बमोजिमको सूचना दिनुपर्नेछ । यसरी बस्ने सञ्चालक समितिको बैठक र साधारण सभामा अध्यक्ष उपस्थित भएकोमा निजको अध्यक्षतामा र अध्यक्ष अनुपस्थित भएमा उपस्थित सञ्चालकहरु मध्येबाट बहुमतले छानेको सञ्चालकले समितिको बैठक तथा साधारण सभाको अध्यक्षता गर्नेछ ।<br><br>(६) उपनियम (३) वा (५) बमोजिम बोलाइएको साधारण सभामा नियम २३ बमोजिमको गणपूरक संख्या नपुगी त्यस्तो सभा हुन नसकेमा कम्तीमा सात दिनको म्याद दिई पुःन साधारण सभा बोलाइनेछ । यस्तो सूचना कम्तिमा सात दिन अघि कुनै राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गरेमा रीतपूर्वक सूचना दिएको मानिनेछ ।<br><br>**१९.** **<u>साधारण सभाको कार्यविधि</u>** : (१) साधारण सभाको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ ।<br><br>(२) समितिको अध्यक्ष अनुपस्थित भएमा उपस्थित सञ्चालकहरुले आफू मध्येबाट बहुमतले छानेको सञ्चालकले सभाको अध्यक्षता गर्नेछ।<br><br>तर साधारण सभामा कुनै पनि सञ्चालक उपस्थित नभएमा सभामा उपस्थित शेयरधनीहरुले आफू मध्येबाट बहुमतले छानेको शेयरधनीले साधारण सभाको अध्यक्षता गर्नेछ।<br><br>(३) सभाको काम कारबाही प्रारम्भ हुनु अघि सभाको वैधताबारे छलफल गरी गणपूरक संख्या पुगे वा नपुगेको यकिन गर्नु पर्नेछ र गणपूरक संख्या पुगेको पाइएमा सो सभाको अध्यक्षको अनुमतिले सभा विधिवत् सञ्चालन हुनेछ । | <br><br><br><br><br><br><br><br><br><br>१९ नियमावली ६ को व्यवस्थालाई नेपाल राष्ट्र बैंकले तोकिदिएको नियमावलीको ढाँचा अनुसार मिलाइएको. |

| | | |
|---|---|---|
| **१०. सञ्चालक समितिको बैठक :**<br>(१)(क) र (ख) समुहको मनोनित/निर्वाचित संचालकहरु मध्ये बहुमतबाट कुनै एक जना संचालकलाई समितिको अध्यक्ष छानिनेछ ।<br>(२)सञ्चालक समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ ।<br>(३) अध्यक्षको अनुपस्थितिमा बैठकमा उपस्थित सञ्चालकहरुले आफूहरुमध्येबाट छानेको सञ्चालकले अध्यक्षता गर्नेछ ।<br>(४)सञ्चालक समितिको बैठक वर्षमा कम्तीमा बाह्र पटक बस्नु पर्नेछ । तर दुईवटा बैठकको बीचको फरक दुई महिना भन्दा बढी हुने छैन ।<br>(५)संचालक समितिको बैठक आवश्यकता अनुसार नियम ९ मा उल्लेखित पदाधिकारीले बोलाउने छ । कूल संचालक संख्याको कम्तीमा एक तिहाई संचालकहरुले लिखित अनुरोध गरेमा त्यस्तो पदाधिकारीले पन्ध्र दिनभित्र संचालक समितिको बैठक बोलाउनु पर्नेछ । यसरी निजले पन्ध्र दिनभित्र बैठक नबोलाएमा सो कुरा खुलाई कम्पनी रजिष्ट्रार कार्यालयमा संचालक समितिको बैठक बोलाउन निवेदन दिन सकिनेछ । यसरी प्राप्त भएको निवेदन उपर सो कार्यालयले छानविन गरी अध्यक्षले बैठक नबोलाएको पाईएमा उक्त कार्यालयले एकाउन्न प्रतिशत संचालकको उपस्थितिमा बैठक बस्न अनुमति दिन सक्नेछ ।<br>(६)सञ्चालक समितिको बैठकमा सञ्चालकहरु स्वयम् उपस्थित हुनु पर्नेछ ।<br>(७)सञ्चालकहरुको जम्मा संख्याको कम्तीमा एकाउन्न प्रतिशत सञ्चालकहरु उपस्थित नभई सञ्चालक समितिको बैठक हुने छैन । तर उक्त संख्यामा सञ्चालकहरु उपस्थित नभएको कारणले सञ्चालक समितिको बैठक बस्न नसकेमा कम्तीमा तीन दिनको सूचना दिई अर्को बैठक बोलाउन सकिनेछ । त्यस्तो बैठकमा पनि यस उपनियममा | (४) सभामा छलफल गरिने प्रत्येक विषय (एजेण्डा) प्रस्तावको रुपमा प्रस्तुत हुनेछ र प्रत्येक प्रस्तावमा छलफल गरिनेछ । अध्यक्षले अनुमति दिएकोमा बाहेक एउटा प्रस्तावमा निर्णय नभई अर्को प्रस्तावमा प्रवेश गरिनेछैन<br>(५) सभाको निर्णय बहुमतको आधारमा हुनेछ ।<br>तर विशेष प्रस्तावको हकमा सभामा उपस्थित शेयरधनीहरुमध्ये पचहत्तर प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीले प्रस्तावको पक्षमा मत दिएमा मात्र त्यस्तो प्रस्ताव सभाबाट पारित भएको मानिनेछ ।<br>(६) सभामा मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।<br>(७) कूल शेयर पूँजीको सतसट्ठी प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीहरुले स्वीकृति दिएकोमा बाहेक सभाको सूचनामा उल्लेख नगरिएको विषय (एजेण्डा) उपर सभामा छलफल र निर्णय गरिने छैन् ।<br>(८) कुनै विषयमा शेयरधनीहरुको मत सङ्कलन गर्नु पर्ने भएमा सभाको अध्यक्षले तोकेको प्रक्रिया अनुसार मत सङ्कलन गरिनेछ ।<br>(९) कुनै खास विषयमा खास वर्गका शेयरधनीहरुको व्यवस्था हाल नभएको ।<br>**२०. <u>साधारण सभामा पेश गर्ने अन्य विषय</u> :** कम्पनी ऐनमा उल्लेख भएका विषयहरु बाहेक साधारण सभामा पेश गर्नु पर्ने अन्य केहि विषय भएमा समितिले निर्णय गरी पेश गर्न सक्नेछ ।<br>**२१. <u>विशेष प्रस्ताव</u>** : कम्पनी ऐनमा उल्लेख भएको विषय बाहेकका विषयका सम्बन्धमा विषेश प्रस्ताव पेश गर्नु पर्ने देखि समितिले निर्णय गरेमा विशेष प्रस्ताव सम्बन्धी प्रावधान थप गर्न सकिनेछ ।<br>**२२. <u>विशेष साधारण सभा</u> :** कम्पनी ऐनमा उल्लेख भए बमोजिम बैंकको विशेष साधारण सभा बोलाउन सकिनेछ । | २० नेपाल राष्ट्र बैंकले तोकिदिएको नियमावलीको ढाँचा अनुसार थप गरी मिलाइएको.<br>२१ नेपाल राष्ट्र बैंकले तोकिदिएको नियमावलीको ढाँचा अनुसार मिलाइएको.<br>२२ नियमावली ७ को व्यवस्थााई नेपाल राष्ट्र बैंकले तोकिदिएको नियमावलीको ढाँचा अनुसार मिलाइएको. |

| | | |
|---|---|---|
| उल्लिखित संख्यामा सञ्चालकहरु उपस्थित नभएमा उपस्थित सञ्चालकहरुले गरेको काम कारबाही तथा निर्णय मान्य हुनेछ ।<br><br>(८)संचालक समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र अध्यक्षले मत बराबर भएमा मात्र निर्णायक मत दिन सक्नेछ ।<br><br>(९)बैठक बस्ने समय, मिति, स्थान, छलफलमा पेश गरिने विषय सूचि समेत खुलाई बैठक बोलाउने पदाधिकारीले बैठक हुनु भन्दा कम्तीमा ७ दिन अगावै सञ्चालकहरुलाई सूचना पठाउनु पर्नेछ र यस्तो सूचना फ्याक्स वा ईमेल मार्फत पनि पठाउन सकिने छ । यसरी बोलाइएको बैठकमा विषय सूचीमा नपरेका विषयहरुमा पनि अध्यक्षले अनुमती दिएमा छलफल गर्न सकिनेछ ।<br><br>(१०)उप नियम (९) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै आकस्मिक विषयमा सञ्चालक समितिको बैठक बोलाउन आवश्यक देखिएमा अध्यक्षको आदेश वा स्विकृतिले ७ दिनको पूर्व सूचना बिना पनि सञ्चालक समितिको बैठक बोलाउन सकिनेछ ।<br><br>(११)सञ्चालक समितिको बैठकमा उपस्थित सञ्चालकरु, छलफल भएको विषय र तत्सम्बन्धमा भएको निर्णयको विवरण (माइन्यूट) छुट्टै किताबमा लेखी अभिलेख राख्नु पर्नेछ र सो निर्णय विवरणमा बैठकमा उपस्थित सम्पूर्ण सञ्चालकहरुको कम्तीमा ६० प्रतिशतले सही गर्नु पर्नेछ ।<br><br>तर कुनै विषयमा छलफल गर्दा कुनै संचालकले निर्णयको विपरित वा त्यस्तो निर्णय हुने कुरा भन्दा फरक विचार राखेमा सोही कुरा निजले अभिलेखमा उल्लेख गर्न सक्नेछ ।<br><br>(१२)निर्णय पुस्तिका (माइन्युट बुक) गोप्य राख्नु पर्नेछ । | **२३. गणपूरक संख्या** : बाँडफाँड भएको कूल शेयर संख्याको पचास प्रतिशत भन्दा बढि शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरू मध्ये कम्तीमा तीन जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित नभई साधारण सभाको काम कारवाही प्रारम्भ हुने छैन ।<br><br>तर नियम १८ को उपनियम (६) मा उल्लेख भए बमोजिम पुनः बोलाइएको साधारण सभामा बाँडफाँड भएको कूल शेयर संख्याको पच्चीस प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कम्तीमा तीन जना शेयरधनीहरू स्वयम् वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित भएमा सभा सञ्चालन गर्न बाधा पर्ने छैन ।<br><br>**२४. प्रोक्सी मत सम्बन्धी व्यवस्था**: (१) उपनियम (३) को अधीनमा रही प्रचलित कानून बमोजिम करार गर्न योग्य व्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सकिनेछ ।<br><br>(२) कुनै शेयरधनीले प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेपछि आफु स्वयम् उपस्थित भएमा त्यस्तो प्रतिनिधि स्वतः रद्द भएको मानिनेछ ।<br><br>(३) प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा बैंकको शेयरधनीलाई नै गर्नु पर्नेछ र निजले उक्त शेयरधनीको तर्फबाट समेत मतदान गर्न पाउनेछ ।<br><br>(४) प्रतिनिधि (प्रोक्सी) ले मतदान गर्न पाउने अधिकतम् हद वा सीमा त्यस्तो शेयरधनीले लिन पाउने बैंकको अधिकतम शेयर हिस्साको मतदान सीमा भन्दा बढी हुने छैन ।<br><br>(५) कुनै सञ्चालकलाई बैंकको साधारण सभामा भाग लिनको लागि कुनै शेयरधनीले आफ्नो प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको भएमा आफूलाई नियुक्त गर्ने विषयमा वा आफ्नो स्वार्थ वा व्यक्तिगत फाइदाको कुनै विषयमा त्यस्तो सञ्चालकले उक्त शेयरधनीको प्रतिनिधिको हैसियतले मतदान गर्न पाउने छैन ।<br><br>(६) एक भन्दा बढी व्यक्तिहरुले साझा शेयर लिएको भएमा त्यस्तो व्यक्तिले साधारण सभामा भाग लिने बारेमा साझा गरी एक जना भन्दा बढी व्यक्तिको नाममा शेयर लिएकोमा त्यस्तो साझेदारहरुद्वारा नियुक्त गरिएको साझेदारले वा निजले उपनियम (१) बमोजिम नियुक्त गरेको प्रतिनिधिले र सो | २३ नियमावली ५ को व्यवस्थााई नेपाल राष्ट्र बैंकले तोकिदिएको नियमावलीको ढाँचा अनुसार मिलाइएको.<br><br>२४. नियमावली १४ को व्यवस्थााई नेपाल राष्ट्र बैंकले तोकिदिएको नियमावलीको ढाँचा अनुसार मिलाइएको र प्रोक्सी सम्वन्धि केही व्यवस्था साविकको नियमावली अनुसार राखिएको । |

| | | |
|---|---|---|
| (१३)यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सञ्चालक समितिले गर्न पाउने कुनै कामको सम्बन्धमा सञ्चालक समितिका सबै सदस्यहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक विना पनि गर्न सकिनेछ । त्यसरी भएको सहमतिलाई सञ्चालक समितिको बैठकको निर्णय सरह मानिनेछ ।<br><br>(१४) ुस्थापक शेयरधनी समुह (समूह क) तथा सर्वसाधारण शेयरधनी समुह (समुह ख) को प्रतिनिधित्व गर्ने कुनै सञ्चालकलाई हटाउनु पर्ने अवस्था परेमा साधारण सभामा सम्बद्ध समूहका शेयरधनीहरुको बहुमतबाट प्रस्ताव पारित गरी निजलाई हटाउन सकिनेछ । यसरी रिक्त भएको स्थानमा बाँकी अवधिको लागि सोही समूहले अर्को संचालकको निर्वाचन गर्न समेत सक्नेछ ।<br><br>(१५) सञ्चालक समिति सम्बन्धी अन्य कुराहरू प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून तथा कम्पनी कानूनमा व्यवस्था भए अनुरूप हुनेछ । | बमोजिम कुनै साझेदार नियुक्त हुन नसकेकोमा शेयरधनीहरुको दर्ता किताबमा सो साझेदार मध्ये जसको नाम क्रमानुसार अघि लेखिएको छ सोही साझेदारले दिएको मत वा प्रतिनिधिपत्र मात्र मान्य हुनेछ ।<br><br>(७) प्रतिनिधि नियुक्तिपत्र प्रचलित कम्पनी सम्बन्धी कानूनले तोकेको ढाँचामा हुनुपर्नेछ । त्यस्तो प्रतिनिधिपत्र सभाको लागि तोकेको समय भन्दा कम्तीमा ९६ घण्टा अगावै बैंकको केन्द्रीय कार्यालयमा दर्ता भएको हुनुपर्नेछ ।<br><br>(८) शेयरवालाले प्रतिनिधिलाई दिएको अधिकार बदर गर्न चाहेमा बदर गरेका लिखित सूचना सभा शुरु हुने भनी तोकिएको समय भन्दा कम्तीमा ४८ घण्टा अगावै बैंकको केन्द्रीय कार्यालयमा दर्ता गराउनु पर्नेछ ।<br><br>(९) शेयरवालाले एक भन्दा बढि प्रतिनिधिलाई अख्तियारनामा दिएमा पहिलो पटक दर्ता हुन आएको अख्तियारनामालाई मान्यता दिईनेछ र पछिल्लो पटक दर्ता हुन आएको अख्तियारनामा स्वतः बदर हुनेछ । | |
| ११. सञ्चालक नियुक्ति सम्बन्धी व्यवस्था : (१) बैंकको सञ्चालकहरूको नियुक्ति प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनको अधीनमा रही साधारण सभाबाट हुनेछ र व्यावसायिक विशेषज्ञ सञ्चालकको नियुक्ति सञ्चालक समितिले गर्नेछ । तर, कुनै संगठित संस्था, विदेशी बैंक वा वित्तीय संस्थाले शेयर लिएको अवस्थामा सो संस्थाले आफूले लिएको शेयरको अनुपातमा हुन आउने सञ्चालक नियुक्त गर्न र निजको अनुपस्थितिमा काम गर्न सक्ने गरी वैकल्पिक सञ्चालक समेत नियुक्त गर्न सक्नेछ ।<br><br>(२) सञ्चालकको पदमा नियुक्त हुन देहायको योग्यता पुगेको हुनु पर्नेछ :-<br><br>(क) नियम १३ मा उल्लेखित शेयर आफ्नो नाममा लिएको वा शेयर लिनु नपर्ने छुट भएको, | **२५. <u>मतदान</u> :** (१) ऐन, कम्पनी ऐन, प्रबन्धपत्र तथा यस नियमावलीमा अन्यथा लेखिएकोमा बाहेक प्रत्येक शेयरधनीलाई निजले लिएको प्रत्येक शेयर वापत साधारण सभामा एक मत दिने अधिकार हुनेछ ।<br><br>(२) फरक मताधिकार भएका शेयरहरु हाल जारी गरिएको छैन ।<br><br>(३) साधारण सभामा मताधिकार नहुने शेयर जारी गरिएको छैन ।<br><br>(४) सञ्चालक निर्वाचन गर्दा एक शेयरको एक मत भन्दा बढी हुने गरी मतदान गर्न पाइने छैन ।<br><br>(५) सञ्चालक निर्वाचन गर्दा स्वतन्त्र सञ्चालकको हकमा सञ्चालक समितिद्धारा र अन्य सञ्चालकहरुको हकमा समूहगत मनोनयन वा मतदान प्रक्रियाद्धारा गरिनेछ । | २५. नियमावली १५ को व्यवस्थााई नेपाल राष्ट्र बैंकले तोकिदिएको नियमावलीको ढाँचा अनुसार मिलाइएको. |

| | | |
|---|---|---|
| (ख) प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनले तोकेको योग्यता पुगेको तथा सोही कानून र प्रचलित कम्पनी सम्बन्धी कानून बमोजिम अयोग्य नभएको ।<br><br>(३) संचालकको पदको लागि उम्मेदवार हुन चाहने सर्वसाधारण नेपाली ु खु समूहका शेयरवालाले साधारण सभा शुरु हुनभन्दा कम्तीमा सात दिन अगावै बैंकको केन्द्रीय कार्यालयमा दरखास्त दिनुपर्नेछ । कुनै उम्मेदवारले आफ्नो नाम फिर्ता लिन चाहेमा सभा शुरु हुनुभन्दा कम्तीमा एक दिन अगावै सो को लागि दरखास्त दिनु पर्नेछ । तर अध्यक्षले अनुमति दिएको खण्डमा त्यस्तो म्याद नाघी सकेपछि पनि उम्मेदवारले आफ्नो नाम फिर्ता लिन सक्नेछ ।<br><br>१२. **साधारण सभा तथा सञ्चालक समितिको निर्णयको अभिलेख र त्यसको प्रतिलिपि तथा निरीक्षण सम्बन्धी व्यवस्था** : (१) बैंकले साधारण सभामा भएको काम कारवाहीको विवरण (माइन्युट) एउटा छुट्टै किताबमा राख्नेछ । जसमा सभाका अध्यक्ष र कम्पनी सचिवले सही गर्नेछन् त्यस्तो काम कारवाहीको विवरण (माइन्युट बुक) बैंकको कर्पोरेट अफिसमा राखिनेछ । | २६. **<u>साधारण सभाको निर्णय विवरणको अभिलेख</u>** : (१) कम्पनी ऐन अनुसार खुलाउनु पर्ने कुरा खुलाई साधारण सभाको काम कारबाही तथा निर्णयको विवरणको छुट्टै अभिलेख खडा गरी राखिनेछ । त्यस्तो अभिलेखमा सभाको अध्यक्ष तथा कम्पनी सचिवले हस्ताक्षर गर्नु पर्नेछ । कुनै व्यहोराले सभामा कम्पनी सचिव अनुपस्थित भएको वा कम्पनी सचिवको नियुक्ति नभएको अवस्थामा सभाको अध्यक्ष तथा सभाले नियुक्त गरेको एकजना शेयरधनीले त्यस्तो विवरणमा हस्ताक्षर गर्नु पर्नेछ ।<br><br>(२) उपनियम (१) अनुसार राखिएको साधारण सभाको काम कारबाहीको विवरणको अभिलेख बैंकको रजिष्टर्ड कार्यालयमा राख्नु पर्नेछ । त्यस्तो विवरण कुनै शेयरधनीले कार्यालय समयमा निरीक्षण गर्न चाहेमा कम्पनी सचिव वा बैंकले तोकेको अन्य कर्मचारीले निरीक्षण गर्न दिनु पर्नेछ ।<br><br>**परिच्छेद ४**<br><br>**<u>सञ्चालक समिति</u>** | २६. नेपाल राष्ट्र बैंकले तोकिदिएको नियमावलीको ढाँचा अनुसार मिलाइएको. |
| (२) सञ्चालक समितिको निर्णयको अभिलेख नियम १० बमोजिम निर्णय पुस्तिका (माइन्यूट बुक) मा लेखी हस्ताक्षर समेत गराई राख्नुपर्नेछ ।<br><br>(३) बैंकको साधारण सभाका निर्णयहरु शेयरधनीहरुले हेर्न चाहेमा कम्पनी सचिव वा बैंकले तोकेको अन्य कुनै कर्मचारीले कार्यालय समयभित्र हेर्न दिनेछन् ।<br><br>(४) प्रतिलिपी आवश्यक परी शेयरधनीबाट माग भएमा प्रतिपृष्ठ रु. २।- को दस्तुर लिई कम्पनी सचिवले प्रतिलिपि प्रमाणित गरी उपलब्ध गराउनेछ । | २७. **<u>सञ्चालक समितिको गठन, संख्या र कार्यकाल</u>** : (१) संचालकहरुको नियुक्ति वा निर्वाचन वार्षिक साधारण सभाबाट हुनेछ ।<br>तर स्वतन्त्र सञ्चालकको नियुक्ति समितिले गर्नेछ ।<br><br>(२) यस बैंकमा ७ जनाको सञ्चालक समिति हुनेछ जसमा समुह “क” मा रहेका संस्थापक समुहबाट मनोनित वा निर्वाचित ३ जना, समुह “ख” मा रहेका सर्वसाधारण शेयरधनीहरुबाट निर्वाचित ३ जना र १ जना स्वतन्त्र सञ्चालक हुनेछन् ।<br><br>(३) संचालकको पदावधि ४ वर्षको हुनेछ ।<br><br>(४) वार्षिक साधारण सभा हुन अगावै कुनै कारणले कुनै सञ्चालकको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि सञ्चालकको नियुक्ति जुन प्रकृयाबाट पहिले सञ्चालक नियुक्त | २७ नियमावली ८ को व्यवस्थााई नेपाल राष्ट्र बैंकले तोकिदिएको नियमावलीको ढाँचा अनुसार साथै बैंक तथा वित्तिय संस्था सम्वन्धि ऐन, २०७३ ले गरेको प्रावधान अनुसारको व्यवस्थालाई समावेश गरिएको । |

| | | |
|---|---|---|
| **१३. सञ्चालक हुन लिनु पर्ने न्यूनतम शेयर संख्या** : (१) बैंकको सञ्चालक हुने व्यक्तिले आफ्नो नाममा उपनियम (२) मा उल्लिखित संख्यामा न्यूनतम शेयर लिएको हुनु पर्नेछ ।<br><br>(२) यस बैंकको सञ्चालकको पदमा नियुक्त हुनको लागि आफ्नो नाममा कम्तीमा ५० कित्ता शेयर लिएको हुनु पर्नेछ ।<br><br>तर नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक विशेषज्ञ सञ्चालक तथा विदेशी बैंक वा वित्तीय संस्था वा संगठित संस्थाले बैंकमा शेयर लगानी गरी सञ्चालक मनोनयन गरेको अवस्थामा त्यस्तो सञ्चालकले व्यक्तिगत हैसियतले त्यस्तो न्यूनतम शेयर लिन आवश्यक हुने छैन ।<br><br>**१४. प्रोक्सी मत सम्बन्धी व्यवस्था** : (१) कुनै शेयरधनी स्वयम् साधारण सभामा उपस्थित हुन नसकी सो सभामा उपस्थित हुन र आफ्नो मत प्रयोग गर्न पाउने गरी प्रतिनिधि नियुक्त गर्नुपर्दा बैंकको अर्को कुनै शेयरधनी बाहेक अन्य कसैलाई प्रतिनिधि नियुक्त गर्न (प्रोक्सी दिन) पाइने छैन ।<br>(२) एक भन्दा बढी व्यक्तिहरुले साझा शेयर लिएको भएमा त्यस्तो साझेदारहरुद्वारा नियुक्त गरिएको साझेदारले वा निजले उपनियम (१) बमोजिम नियुक्त गरेको प्रतिनिधिले र सो बमोजिम कुनै साझेदार नियुक्त हुन नसकेकोमा शेयरधनीहरूको दर्ता किताबमा सो साझेदार मध्ये जसको नाम क्रमानुसार अघि लेखिएको छ सोही साझेदारले दिएको मत वा प्रतिनिधिपत्र मात्र मान्य हुनेछ ।<br>(३) प्रतिनिधि नियुक्तिपत्र प्रचलित कम्पनी सम्बन्धी कानूनले तोकेको ढाँचामा हुनुपर्नेछ । त्यस्तो प्रतिनिधिपत्र सभाको लागि तोकेको समय भन्दा कम्तीमा ९६ घण्टा अगावै बैंकको केन्द्रीय कार्यालय वा कर्पोरेट अफिसमा दर्ता भएको हुनुपर्नेछ ।<br>(४) शेयरवालाले प्रतिनिधिलाई दिएको अधिकार बदर गर्न चाहेमा बदर गरेका लिखित सूचना सभा शुरु हुने भनी तोकिएको समय भन्दा कम्तीमा ४८ घण्टा अगावै बैंकको केन्द्रीय कार्यालयमा दर्ता गराउनु पर्नेछ । | भएको थियो सोही प्रकृया र समुहबाट गरिनेछ । कुनै संचालकको कार्यकाल पूरा नहुँदै बीचमा पद रिक्त भई सो पदमा रिक्त भएको सञ्चालकको कार्यकाल जुन सञ्चालकको पद रिक्त भई भएको हो सो सञ्चालकको बाँकी कार्यकालसम्मको लागि मात्र हुनेछ ।<br><br>तर वार्षिक साधारण सभाद्धारा नियुक्त गरिएको सञ्चालकको पद कुनै व्यहोराले रिक्त भएमा सो रिक्त स्थानमा अर्को साधारण सभासम्मको लागि समितिले सोही समुहबाट सञ्चालक नियुक्त गर्नेछ ।<br><br>(५) कुनै संगठित संस्था, विदेशी बैंक वा वित्तीय संस्थाले बैंकको शेयर लिएको भए आफुले लिएको शेयरको अनुपातमा संचालक नियुक्ति गर्दा निजको अनुपस्थितिमा काम गर्न सक्ने गरी वैकल्पिक संचालक समेत नियुक्त गर्न सक्नेछ ।<br><br>(६) वार्षिक साधारण सभा हुनुभन्दा अगावै कुनै संचालकको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि संचालकको नियुक्ति संचालक समितिद्वारा गर्न सकिनेछ । कुनै संचालकको पद त्यसरी रिक्त भएमा नयाँ नियुक्त संचालकको कार्यकाल रिक्त भएको संचालकको बाँकी कार्यकाल सम्मका लागि मात्र हुनेछ ।<br><br>(७) सञ्चालकको निर्वाचनको लागि समितिले निर्वाचन निर्देशिका बनाई लागु गर्न सक्नेछ ।<br><br>(८) सञ्चालकहरुले आफुमध्येबाट बहुमतले छानेको कुनै एक जना व्यक्ति समितिको अध्यक्ष हुनेछ ।<br><br>(९) यस बैंकको वार्षिक साधारण सभा नभएसम्म नेपाल राष्ट्र बैंकले तोके बमोजिम हुनेछ ।<br><br>२८. <u>**सञ्चालक हुन लिनूपर्ने न्यूनतम शेयर संख्याः**</u> यस बैंकको सञ्चालकको पदमा नियुक्त हुनको लागी कुनै पनि शेयरधनीले आफनो नाममा ५० कित्ता शेयर लिएको हुनुपर्नेछ ।<br><br>तर स्वतन्त्रसञ्चालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यबस्था लागु हुने छैन । | २८. नियमावली १३ को व्यवस्थााई नेपाल राष्ट्र बैंकले तोकिदिएको नियमावलीको ढाँचा अनुसार मिलाइएको. |

| | | |
|---|---|---|
| (५) शेयरवालाले एक भन्दा बढि प्रतिनिधिलाई अख्तियारनामा दिएमा पहिलो पटक दर्ता हुन आएको अख्तियारनामालाई मान्यता दिईनेछ र पछिल्लो पटक दर्ता हुन आएको अख्तियारनामा स्वतः बदर हुनेछ ।<br>(६) सभा शुरु हुनु भन्दा अगावै प्रतिनिधिलाई दिएको अधिकार बदर गरेको लिखित सूचना बैंकको केन्द्रीय कार्यालय वा कर्पोरेट अफिसमा प्राप्त नभएको वा सम्बन्धित शेयरवालाको मृत्यू भएको सूचना प्राप्त नभएको अवस्थामा पनि शेयरवालाको प्रतिनिधिले गरेको मतदान बदर हुने छैन ।<br>(७) नावालक शेयरधनीको संरक्षकले सभामा उपस्थित हुन र मतदान गर्न वा निजको तर्फबाट प्रोक्सी नियुक्त गर्न सक्नेछ । | **२९. <u>स्वतन्त्र सञ्चालकको नियुक्ती, संख्या, कार्यकाल, योग्यता, तथा नियुक्ति प्रकिया सम्बन्धी व्यबस्था</u>:** (१) ऐनको दफा १७ मा व्यबस्था गरे बमोजिम संचालक हुन योग्य भएको व्यक्ति मध्येबाट ऐनको दफा १४ उपदफा (३) बमोजिम समितिले एक जना स्वतन्त्र सञ्चालक नियुक्ति गरी सोको जानकारी त्यस्तो नियुक्ति पछि बस्ने पहिलो साधारण सभामा दिनु पर्नेछ ।<br>(२) निजको एक कार्यकाल बढीमा ४ वर्षको हुनेछ र पदावधि समाप्त भएमा सञ्चालकको पदमा पुनः निर्वाचित वा नियुक्त हुन सक्नेछ । अध्यक्ष तथा सञ्चालक लगातार दुइपटक भन्दा बढी उक्त पदमा निर्वाचित, मनोनित वा नियुक्त हुन सक्ने छैन ।<br>(३) स्वतन्त्र संचालकको काम, कर्तव्य र अधिकार अन्य संचालक सरह हूनेछ । | २९. नियमावली नियम १७ तथा बैंक तथा वित्तिय संस्था सम्वन्धि ऐनको व्यवस्था अनुसार मिलाइएको |
| **१५. मतदान गर्ने अधिकार** : (१) शेयरधनीको प्रतिनिधिले मताधिकार प्रयोग गर्न नपाउने गरी यस नियमावलीमा प्रतिबन्ध लगाएको अवस्थामा बाहेक कुनै पनि शेयरधनीले साधारण सभामा उपस्थित हुन र आफ्नो मत प्रयोग गर्न पाउने गरी कुनै व्यक्तिलाई आफ्नो प्रतिनिधि नियुक्त गर्न सक्नेछ ।<br>(२) प्रचलित कम्पनी कानून वा यस नियमावलीमा अन्यथा लेखिएकोमा बाहेक प्रत्येक शेयरधनीले आफूले लिएको प्रत्येक शेयर बापत एउटा मत दिने अधिकार हुनेछ ।<br>(३) फरक मताधिकार भएका शेयरहरु जारी गरिएको छैन । | **३०. <u>सञ्चालक पुनः नियक्त हुन सक्ने वा नसक्ने</u>:** (१) सञ्चालकको कार्यकाल बढीमा चार वर्षको हुनेछ र निज पुनः नियुक्ति तथा मनोनित हुन सक्नेछ ।<br>(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी अध्यक्ष वा प्रबन्ध संचालक लगातार दुई कार्यकालसम्म मात्र रहन सक्नेछ एक पटक सञ्चालक भइसकेको व्यक्ति पुनः सञ्चालकमा नियुक्त हुन सक्नेछ । | ३०. नेपाल राष्ट्र बैंकले तोकिदिएको नियमावलीको ढाँचा अनुसार मिलाइएको. |
| **१६.शेयरधनी बाहेकको अन्य कुनै व्यावसायिक व्यक्तिलाई सञ्चालक नियुक्ति गर्ने भए निजहरुको संख्या, कार्यकाल, योग्यता तथा नियुक्ति प्रक्रिया सम्बन्धी व्यवस्था :** (१) प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनले व्यवस्था गरे बमोजिम नेपाल राष्ट्र बैंकले कायम गरेको व्यावसायिक विशेषज्ञहरूको सूचीबाट सञ्चालक समितिले एक (१) जना व्यावसायिक सञ्चालक नियुक्त गर्नेछ ।<br>(२) निजको कार्यकाल ४ वर्षको हुनेछ र लगातार दुई पटकभन्दा बढी उक्त पदमा मनोनित वा नियक्त हुन सक्ने छैन ।<br>(३) निजको काम, कर्तव्य, अधिकार तथा सुविधा अन्य संचालक सरह हुनेछ ।<br>(४) निजको सुविधा अन्य सञ्चालक सरह हुनेछ । | **३१. <u>सञ्चालकको नियुक्ती सम्बन्धि कुनै खास व्यवस्था गर्ने भए सो कुरा खुलाउने</u>:** समितिमा सञ्चालकहरुको नियुक्ती गर्दा समूहगत रुपमा प्रतिनिधित्व हुने गरी देहाय बमोजिम गरिने छ ।<br>(क) संस्थापक समूह “क” बाट जम्मा ३ जना सञ्चालकहरु आपसी समझदारीबाट मनोनित वा निर्वाचित हूनेछन् । यस समूहमा संस्थापकहरु बीच आपसी सहमती हुन नसकी निर्वाचन हूने भएमा सोही समूहका संस्थापक शेयरधनीहरुको मात्र सो समूहमा मतदान गर्ने अधिकार हुनेछ ।<br>(ख) समुह “ख” का सर्वसाधारण शेयरधनीहरुबाट निर्वाचित ३ जना । | ३१. नेपाल राष्ट्र बैंकले तोकिदिएको नियमावलीको ढाँचा अनुसार मिलाइएको र बैंक तथा वित्तिय संस्था सम्वन्धि ऐन अनुसार मिलाइएको |

| | | |
|---|---|---|
| **१७. स्वतन्त्र सञ्चालक सम्बन्धी व्यवस्था, संख्या र योग्यता** : बैंकमा नेपाल राष्ट्र बैंकले प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनले तोकेको व्यवस्थाको अधिनमा रही कायम गरेको व्यवसायिक विशेषज्ञहरूको सूचीबाट सञ्चालक समितिले नियुक्ति गरेको १ जना व्यावसायिक सञ्चालक नै स्वतन्त्र सञ्चालकको रुपमा रहनेछ । निजको काम, कर्तव्य, अधिकार तथा सुविधा र कार्यकाल नियम १६ मा उल्लेख भए बमोजिम हुनेछ ।<br><br>**१८. प्रबन्ध संचालक (कार्यकारी अध्यक्ष/कार्यकारी प्रमुख/कार्यकारी संचालक) सम्बन्धी व्यवस्था** बैंकको दैनिक काम कार्यवाही सुचारु रुपले संचालन गर्न संचालक समितिले 'क' समूहको प्रतिनिधित्व गर्ने संचालकको सिफारिशमा कार्यकारी प्रमुखको रुपमा कामकाज गर्ने गरी संचालकहरु मध्ये कुनै एक संचालकलाई प्रबन्ध संचालकको रुपमा नियूक्त गर्न सकिन्छ ।<br><br>**१९.प्रबन्ध संचालकको योग्यता, पारिश्रमिक तथा सेवाका अन्य शर्त र काम, कर्तव्य, अधिकारः**<br>१) संचालक समितिले ुकु समूहको प्रतिनिधित्व गर्ने संचालकको सिफरिशमा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनमा तोकिएको योग्यता पुगेको संचालकलाई नियम १८ बमोजिम बैंकको प्रबन्ध संचालकमा नियूक्त गर्नेछ ।<br>२) प्रबन्ध संचालक बैंकको प्रमुख प्रशासक हुनेछ<br>३) प्रबन्ध संचालकको पारिश्रमिक र सेवाको अन्य शर्त संचालक समितिले तोकेबमोजिम हुनेछ ।<br>४) प्रबन्ध संचालकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ । | **३२. <u>सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यबस्थाः</u>**(१) संचालकले पाउने मासिक पारिश्रमिक, बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा साधारण सभाले तोके अनुसार देहाय बमोजिम हुनेछ ।<br>(क) दैनिक कार्य संचालनमा कार्यकारी प्रमुखको हैसियतले प्रत्यक्ष रुपमा संलग्न सञ्चालकले मासिक पारिश्रमिक पाउनेछ र स्वदेश तथा विदेशको भ्रमण खर्च टिकट बमोजिमको वास्ताविक खर्च भएको रकमको आधारमा भुक्तानी दिनेछ ।<br>(ख) सञ्चालक समितिको प्रत्येक बैठकमा उपस्थित भए वापत अध्यक्षले पाउने बैठक भत्ता रू.८,०००/- र संचालकले पाउने बैठक भत्ता रू. ६,०००/- हुनेछ ।<br>(ग) बैंकको कामको सिलसिलामा सञ्चालक तथा अध्यक्षलाई प्रदान गरिने दैनिक भत्ता देहाय बमोजिम हुनेछ ।<br><br>**नेपाल भित्र :**<br>(अ) होटल तथा खाना खर्च बिल बमोजिम ।<br>(आ) दैनिक भत्ता रू.२,०००/- प्रति दिन ।<br>(इ) यातायात टिकट खर्च बिल टिकट बमोजिम ।<br><br>उपरोक्त बमोजिम भत्ता काठमाडौं उपत्यका बाहिर घर भएका अध्यक्ष वा सञ्चालक काठमाडौंमा सञ्चालक समितिको बैठकमा भाग लिन आउँदा तथा काठमाडौं बाहिर सञ्चालक समितिको बैंठक बस्दा सम्बन्धित ठाउँमा घर नभएका अध्यक्ष वा सञ्चालकहरुले समेत पाउने छन् । | ३२. नियमावली नियम ३१ त्था नेपाल राष्ट्र बैंकले तोकिदिएको नियमावलीको ढाँचा अनुसार मिलाइएको. |

| | | |
|---|---|---|
| क) सञ्चालक समितिको निर्णय लागू गर्ने र प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, प्रबन्धपत्र र यस नियमावलीको अधीनमा रही बैंकको काम कारवाही तथा कारोबारको रेखदेख र नियन्त्रण गर्ने,<br><br>ख) बैंकको वार्षिक बजेट र कार्ययोजना तयार गरी स्वीकृतिको लागि सञ्चालक समिति समक्ष पेश गर्ने,<br><br>ग) बैंकको कर्मचारी विनियमावलीको अधिनमा रही आवश्यक जनशक्ति व्यवस्थापन गर्ने,<br><br>घ) सञ्चालक समिति र साधारण सभाद्वारा गरिएका निर्णय र नेपाल राष्ट्र बैंकद्वारा दिईएका निर्देशनहरु कार्यान्वयन गर्ने, गराउने,<br><br>ङ) प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, प्रबन्धपत्र र यस नियमावलीको अधीनमा रही बैंकले नेपाल राष्ट्र बैंक वा अन्य कुनै निकायमा पेश गर्नुपर्ने विवरण, कागजात, निर्णय आदि यथासमयमा पेश गर्ने, गराउने,<br><br>च) बैंक सञ्चालन गर्ने सम्बन्धमा तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।<br><br>५) प्रबन्ध संचालक आफ्नो कामको निमित्त संचालक समिति प्रति उत्तरदायी हुनेछ ।<br><br>**२०. प्रमुख कार्यकारी अधिकृत सम्बन्धी व्यवस्थाः**<br><br>१) बैंकमा प्रबन्ध संचालक नरहेको अवस्थामा बैंकको कार्यकारी प्रमुखको रुपमा बैंकको दैनिक प्रशासन संचालन गर्न संचालक समितिले प्रमुख कार्यकारी अधिकृतको नियुक्ति गर्न सक्नेछ । निजको योग्यता प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनमा तोकिए बमोजिम हुनेछ । | **अमेरीका, ओपेक मूलुकहरु (ईन्डोनेसिया बाहेक), यूरोपियन मूलुकहरु, जापान, अष्ट्रेलिया, न्यूजिल्याण्ड र दक्षिण कोरीया का लागि**<br><br>अ) होटल वास खर्च वास्तविक<br><br>आ) दैनिक भत्ता यू.एस. डलर १००।- प्रति दिन<br><br>इ) स्थानिय यातायात खर्च एक पटक लाई यू.एस. डलर ४०।-<br><br>ई) यातायात खर्च विल/टिकट बमोजिम<br><br>**माथि उल्लेखित बाहेकका मूलुकहरुका लागि**<br><br>अ) होटल वास खर्च वास्तविक<br><br>आ) दैनिक भत्ता यू.एस. डलर ७५।- प्रति दिन<br><br>इ) स्थानिय यातायात खर्च एक पटक लाई यू.एस. डलर २०।-<br><br>ई) यातायात खर्च विल/टिकट बमोजिम<br><br>**भारतको लागि**<br><br>अ) होटल वास खर्च वास्तविक<br><br>आ) दैनिक भत्ता भा.रु. २,०००।- प्रति दिन<br><br>इ) स्थानिय यातायात खर्च एक पटक लाई भा.रु.२००।-<br><br>ई) यातायात खर्च विल/टिकट बमोजिम<br><br>(घ) सञ्चालकहरुले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पत्र-पत्रिका, टेलिफोन र मोबाईलको सुविधा पाउने छन् । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पत्र-पत्रिका, टेलिफोन र मोबाईलको लागि अध्यक्ष लगायत सञ्चालकहरुले मासिक रू.६,०००/- खर्च पाउनेछन् । अन्य सुविधाहरु साधारण सभाले समय-समयमा निर्धारण गरे बमोजिम हुनेछ । | |

| | | |
|---|---|---|
| २) उपनियम (१) बमोजिम नियुक्त प्रमुख कार्यकारी अधिकृतको पदावधि ४ वर्षको हुनेछ र निजको पुनर्नियुक्ति हुन सक्नेछ ।<br><br>३) प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक र सेवाको अन्य शर्त संचालक समितिले तोकेबमोजिम हुनेछ ।<br><br>४) प्रमुख कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकार प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून तथा नेपाल राष्ट्र बैंकको निर्देशनको अधीनमा रही संचालक समितिले निर्धारण गरे बमोजिम हुनेछ । | (२) उप-नियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पहिलो साधारणसभा नभएसम्म त्यस्तो पारिश्रमिक, बैठक भत्ता, दैनिक भत्ता, भ्रमण भत्ता र अन्य सुविधा समितिले तोकी प्रथम साधारण सभाबाट समर्थन गराउनु पर्नेछ । तर यसरी एक पटक तोकिएको पारिश्रमिक भत्ता तथा सुविधा सर्वसाधारणको लगि छुट्याईएको शेयर जारी नभएसम्म परिवर्तन गर्न सकिने छैन ।<br><br>(३) संचालकले यस नियमावलीमा लेखिएदेखि बाहेक कुनै व्यक्तिगत फाइदा वा सुविधा लिएको पाइएमा ऐन बमोजिम कसूर गरेको मानी त्यस्तो रकम निजबाट असूल उपर गरिनेछ । | |
| **२१. सञ्चालक समितिको अधिकार र कर्तव्य** :<br><br>(१) सञ्चालक समितिको अधिकार र कर्तव्य प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनमा उल्लेख भए बमोजिम देहाय अनुरुप हुनेछ । | **३३.** **<u>समितिको काम कर्तव्य र अधिकारहरु</u>** : समितिको काम, कर्तव्य र अधिकार ऐन, वा राष्ट्र बैंकवाट जारी नियमन तथा निर्देशन अनुरुप हुनेछ र सोमा उल्लेख नभएकोमा कम्पनी ऐनमा व्यवस्था गरिए अनुरुप हुनेछ । | ३३. नियमावली नियम २१ तथानेपाल राष्ट्र बैंकले तोकिदिएको नियमावलीको ढाँचा अनुसार मिलाइएको. |
| (क) शेयरधनीको साधारण सभाबाट हुने काम बाहेक प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, प्रचलित कानून तथा प्रबन्धपत्र र नियमावलीको अधीनमा रही बैंकले गर्नुपर्ने सबै काम र प्रयोग गर्ने सम्पूर्ण अधिकार समितिमा निहित रहनेछ ।<br><br>(ख) खण्ड (क) बमोजिम आफूले गर्नुपर्ने काम सुव्यवस्थित रुपले संचालन गर्न समितिले आवश्यक विनियम बनाउन सक्नेछ । | **३४.** **<u>अधिकार प्रत्यायोजन सम्बन्धी व्यवस्था</u>** : (१) ऐन तथा कम्पनी ऐनको अधीनमा रही समितिले आफ्नो अधिकारमध्ये केही बैंकका अन्य संचालक, पदाधिकारी, उपसमितिलाई प्रत्यायोजन गर्न सक्नेछ।<br><br>(२) ऐन तथा कम्पनी ऐनको अधीनमा रही समितिले विषय, व्यक्ति, समिति, उपसमिति खुलाई निर्णय गरे बमोजिम अधिकार प्रत्यायोजन गर्न सक्नेछ । | ३४. नियमावली नियम १७ तथा बैंक तथा वित्तिय संस्था सम्वन्धि ऐनको व्यवस्था अनुसार मिलाइएको |
| (ग) प्रबन्धपत्र र नियमावलीमा अन्यथा भएकोमा बाहेक समितिले आफूमध्येका कुनै संचालकलाई वा बैंकको कुनै पदाधिकारीलाई एक्लै वा संयुक्त रुपमा बैंकको तर्फबाट लेखापढी गर्न वा विनिमय अधिकारपत्र वा चेक आदिमा सहीछाप गर्न समेत सबै वा केही अधिकार सुम्पी आफ्नो प्रतिनिधि खडा गर्न सक्नेछ । | **३५.** **<u>प्रबन्ध संचालक सम्बन्धी व्यवस्था</u>** : (१) नियम ३६ बमोजिम प्रमुख कार्यकारी अधिकृत नियुक्त नभएको अवस्थामा संचालकहरुले आफू मध्येबाट एक जनालाई प्रबन्ध संचालक पदमा बढीमा चार वर्ष सम्मको लागि नियुक्त गर्न सक्नेछन् ।<br><br>(२) प्रबन्ध संचालकको काम कर्तव्य तथा अधिकार समितिले लिखित सम्झौता गरी तोके बमोजिम हुनेछ । | ३५. नियमावली १९ को व्यवस्थाई नेपाल राष्ट्र बैंकले तोकिदिएको नियमावलीको ढाँचा मिलाइएको । |

| | | |
|---|---|---|
| (२) सञ्चालक समितिको अख्तियार प्रत्यायोजनः<br><br>(क) समितिले आफ्नो रेखदेख वा निर्देशनमा काम गर्ने गरी आफ्नो केही अधिकार अध्यक्ष, संचालक, खण्ड (ग) बमोजिम गठित उपसमिति, कार्यकारी प्रमुख वा कार्यकारी प्रमुख भई काम गर्ने कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई प्रत्यायोजन गर्न सक्नेछ ।<br><br>(ख) खण्ड (क) बमोजिम अध्यक्ष, संचालक, खण्ड (ग) बमोजिम गठित उपसमिति, कार्यकारी प्रमुख वा कार्यकारी प्रमुख भई काम गर्ने कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले आफूले पाएको अख्तियारी आफ्नो जवाफदेहीमा आफू मातहतका कर्मचारीलाई सुम्पन सक्नेछ ।<br><br>(ग) समितिले कुनै खास प्रयोजनको लागि आवश्यकता अनुसार एक वा एकभन्दा बढी उपसमिति गठन गर्न सक्नेछ । यस अन्तर्गत गठन भएको उपसमितिको काम, कर्तव्य, अधिकार, कार्यावधि र बैठकमा भाग लिए वापत पाउने पारिश्रमिक वा भत्ता समितिले तोकेबमोजिम हुनेछ ।<br><br>२२. **शेयरमा लियन रहने कुरा** : शेयरधनीहरुले बैंकलाई तिर्न बांकी रहेको शेयरको रकम वा कानून बमोजिम बैंकलाई बुझाउनु पर्ने बांकी रकम वापत निजहरुका नाममा दर्ता भएको शेयर र सो वापत बांडिने लाभांश समेतमा बैंकको लियन वा दावी रहनेछ ।<br><br>२३. **विभिन्न वर्गका शेयर जारी गर्ने भए सो को विवरण र शेयरधनीको हक तथा विशेष सुविधाको विवरण** : साधारण शेयर बाहेक अन्य वर्गका शेयरको सम्बन्धमा हाललाई कुनै व्यवस्था गरिएको छैन । साधारण शेयरको समूहगत संरचना प्रबन्धपत्रको दफा ५ मा उल्लेख गरिए बमोजिम हुनेछ ।<br><br>२४. **अग्राधिकार शेयर सम्बन्धी व्यवस्थाः** बैंकको सम्पूर्ण शेयरहरु साधारण शेयरले बनेको हुँदा हाल अग्राधिकार शेयर सम्बन्धी व्यवस्था गरिएको छैन । सो शेयर सम्बन्धी व्यवस्था गर्नु परेको खण्डमा प्रचलित कानूनको अधीनमा रही नेपाल राष्ट्र बैंकको | (३) प्रवन्ध संचालकको पारिश्रमिक तथा अन्य सुविधा नियम ३२ वमोजिम हुनेछ ।<br><br>(४) कुनै एक बैंक तथा वित्तीय संस्थाको संचालक वा प्रवन्ध संचालक पदमा कार्यरत व्यक्तिलाई एकै समयमा अर्को बैंक तथा वित्तीय संस्थाको प्रवन्ध संचालक पदमा नियुक्त गर्न सकिने छैन<br><br>**३६.** **<u>प्रमुख कार्यकारी अधिकृत सम्वन्धी व्यवस्था</u>** : (१) समितिले ऐन र नियमावलीको अधिनमा रही बैंकको कार्यकारी प्रमुखको रुपमा प्रमुख कार्यकारी अधिकृतको नियुक्ती गर्नेछ ।<br><br>(२) कार्यकारी प्रमुख बैंकको प्रमुख प्रशासक हुनेछ र निजको योग्यता ऐनमा उल्लेख भए वमोजिम हुनेछ ।<br><br>(३) कार्यकारी प्रमुखको कार्यकाल बढीमा चार वर्षको हुनेछ र निज अर्को एक कार्यकालका लागि पुनः नियुक्ति हुन सक्नेछ । तर नीज लगातार दुइपटक भन्दा उक्त पदमा नियुक्त हुन सक्ने छैन ।<br><br>(४) कार्यकारी प्रमुखको पारिश्रमिक र सेवाको अन्य शर्त संचालक समितिले तोके वमोजिम वा करारद्धारा निश्चित हुनेछ ।<br><br>तर संचालक कार्यकारी प्रमुखको रुपमा नियुक्ति भएमा निजको पारिश्रमिक तथा सुविधाहरु नियम ३२ अनुसार साधारण सभाले तोके वमोजिम हुनेछ :<br><br>(५) कार्यकारी प्रमुखको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :<br>(क) समितिको निर्णय लागु गर्ने र ऐन, कम्पनी ऐन, प्रवन्धपत्र र यस नियमावलीको अधिनमा रही बैंकको काम कारवाही तथा कारोवारको रेखदेख र नियन्त्रण गर्ने,<br><br>(ख) बैंकको वार्षिक वजेट र कार्ययोजना तयार गरी स्वीकृतीको लागी समिति समक्ष पेश गर्ने, | ३६. नियमावली नियम २० को व्यवस्थाई नेपाल राष्ट्र बैंकले तोकिदिएको नियमावलीको ढाँचा मिलाइएको |

| | | |
|---|---|---|
| स्वीकृति लिई अग्राधिकार शेयर जारी गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न सकिने छ ।<br><br>**२५. शेयर वापतको रकमको भुक्तानीको माग तथा शेयर जफत सम्बन्धी व्यवस्था** : प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून र प्रचलित कम्पनी सम्बन्धी कानूनको अधीनमा रही बैंकले आवश्यकतानुसार शेयर वापतको रकमको भुक्तानी माग गर्नेछ । शेयर वापतको रकमको भुक्तानी तथा शेयर जफत सम्बन्धी अन्य कुरामा प्रचलित कम्पनी सम्बन्धी कानूनमा गरिएको व्यवस्था लागू हुनेछ ।<br>**२६. शेयर हस्तान्तरण तथा शेयर सम्बन्धी व्यवस्था** : (१) बैंकको कुनै शेयरधनीले आफ्नो शेयर अर्को व्यक्तिलाई बिक्री गरेमा शेयर खरीद गर्ने व्यक्तिले त्यस्तो शेयर दाखिल खारेज गर्नको निमित्त तोकिएको ढाँचामा, तोकिएको दस्तुर, शेयर खरीद बिक्रीसंग सम्बन्धित लिखत र शेयरको प्रमाण पत्र सहित बैंकको रजिष्टर्ड कार्यालयमा निवेदन दिनु पर्नेछ ।<br><br>(२) उपनियम (१) बमोजिम निवेदन परेमा बैंकले प्रवन्धपत्रको दफा ७ को अधीनमा रही दर्ता किताबमा साविक शेयरधनीको नाम खारेज गरी हालको शेयरधनीको नाम दर्ता गर्नेछ ।<br><br>(३) शेयर बाँडफाँड भएको मितिले दुई महिनाभित्र प्रत्येक शेयरधनीलाई निजले लिएको शेयर वापत कुनै संचालक वा बैंकको कार्यकारी प्रमुख वा कम्पनी सचिव मध्ये कुनै दुई जनाको दस्तखत र बैंकको छाप लगाई शेयर प्रमाणपत्र दिईनेछ । शेयरको बाँडफाँड भए पश्चात् नेपाल धितोपत्र विनिमय वजार लिमिटेड, काठमाण्डौंमा सूचिकरण गराई खरीद बिक्रीको व्यवस्था मिलाईनेछ । साधारण शेयरहरु कारोवार गर्दा कम्तीमा १० कित्ताको लट कायम गरी कारोवार गरिनेछ । शेयर प्रमाणपत्र सम्बन्धी अन्य व्यवस्था प्रचलित कम्पनी सम्बन्धी कानूनमा उल्लेख भए बमोजिम हुनेछ । | (ग) बैंकको कर्मचारी विनियमावलीको अधिनमा रही आवश्यक जनशक्ति व्यवस्थापन गर्ने,<br><br>(घ) समिति र साधारण सभाद्धारा गरिएका निर्णय र राष्ट्र बैंकद्धारा निर्देशित कुराहरु कार्यान्वयन गर्ने, गराउने ,<br><br>(ङ) ऐन, प्रवन्धपत्र र यस नियमावलीको अधिनमा रही बैंकले राष्ट्र बैंक वा अन्य कुनै निकायमा पेश गर्नुपर्ने विवरण, कागजात, निर्णय आदि यथासमयमा पेश गर्ने,<br><br>(च) बैंक संचालन गर्ने सम्वन्धमा तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने,<br><br>(छ) कार्यकारी प्रमुख आफ्नो कामको निमित्त समिति प्रति उत्तरदायी हुनेछ ।<br><br>**३७. <u>समितिको बैठक कसले वोलाउने</u> :** समितिको बैठक अध्यक्षको आदेश वमोजिम कम्पनी सचिवले वोलाउनेछ र कम्पनी सचिव नियुक्त नभएको वा अनुपस्थित भएको अवस्थामा कार्यकारी प्रमुखले बैठक वोलाउन सक्नेछ ।<br><br>**३८. <u>समितिको बैठक सम्वन्धी कार्यविधि</u>** : (१) समितिको बैठक दुईवटा बैठक वीचको फरक दुई महिना भन्दा वढी नहुने गरी वर्षमा कम्तिमा वाह्र पटक बैठक वस्नु पर्नेछ । नियम ३७ मा लेखिएको पदाधिकारीले समितीको बैठक वोलाउनेछ । त्यसरी बैठक नवोलाएमा कुल संचालक संख्याको कम्तीमा एक तिहाई प्रतिशत संचालकहरुले लिखित अनुरोध गरेमा अध्यक्षले जुनसुकै बखत समितिको बैठक वोलाउनुपर्नेछ । यसरी माग गर्दा पनि अध्यक्षले बैठक नवोलाएमा सो कुरा खुलाई कम्तीमा पच्चीस प्रतिशत संचालकले बैठकमा छलफल हुने विषय र बैठक वस्ने समय तथा स्थान उल्लेख गरी समितिको बैठक वोलाउन सक्नेछन् । यसरी वैठक वोलाउँदा अन्य संचालकहरुलाई उपनियम (२) अनुसार बैठकको सूचना दिनुपर्नेछ । | ३७. नियमावली नियम ९ को व्यवस्थाई नेपाल राष्ट्र बैंकले तोकिदिएको नियमावलीको ढाँचा मिलाइएको<br><br>३८. नियमावली नियम १० को व्यवस्थाई नेपाल राष्ट्र बैंकले तोकिदिएको नियमावलीको ढाँचा मिलाइएको |

| | | |
|---|---|---|
| (४) प्रचलित कम्पनी सम्बन्धी कानूनले तोकेको ढाँचामा शेयरधनीहरुको दर्ता किताब तयार गरी बैंकको कर्पोरेट अफिसमा राखिनेछ ।<br><br>(५) प्रत्येक शेयरधनीले आफ्नो नाम तथा वतन बैंकमा दर्ता गराउनु पर्नेछ । यसरी दर्ता गराएको वतनमा कुनै परिवर्तन भएमा त्यस सम्बन्धमा बैंकलाई तुरुन्तै जानकारी गराउनु पर्नेछ ।<br><br>(६) साझा गरी लिएको शेयरमा यस बैंकको यति भाग छ भन्ने रित पूर्वका लिखित नभएमा जति जवानको नाममा शेयर रहेका छ उति जवानको बराबर हिस्सा भएको मानिनेछ ।<br><br>(७) दुई वा त्यस भन्दा बढी व्यक्तिहरुले साझा गरी लिएको शेयर वापत शेयर प्रमाणपत्र दिंदा निजहरुको नाम प्रमाणपत्रमा जनाई साझा गरी लिएको शेयरको प्रमाणपत्र शेयरवालाहरुको दर्ता किताबमा जसको नाम अघि छ सोही साझेदारहरुलाई दिईनेछ । त्यस्तो शेयर संचालन गर्ने बारेमा कुनै व्यवस्था गरिएको रहेनछ भने शेयरवालाहरुको दर्ता किताबमा जसको नाम अघि छ सो साझेदारले त्यस्तो शेयरको संचालनको बारेमा गरेका काम सदर हुनेछ तर कुनै शेयरवाला नावालक वा मानसिक सन्तुलन नभएको व्यक्ति रहेछ भने प्रचलित कानून बमोजिम संरक्षक तोकिएको व्यक्तिले त्यस्तो नावालक वा मानसिक संतुलन नभएको व्यक्तिको तर्फबाट शेयर संचालन गर्न सक्नेछ ।<br><br>(८) नावालक वा मानसिक संतुलन नभएको शेयरवालाको संरक्षक निजका आमा वावु बाहेक अन्य कुनै व्यक्ति रहेछ भने प्रचलित कानून अन्तर्गत तोकिएको अधिकारीले सो कुरा प्रमाणित गरिदिएको हुनुपर्नेछ ।<br><br>(९) साझा गरी शेयर लिने शेयरधनीहरु विचको संझौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक सबै साझेदारहरुको त्यस्तो शेयरमा बराबर हक भएको मानिनेछ र कुनै साझेदारको | (२) समितिको बैठकको सूचना संचालकले उल्लेख गरेको ठेगानामा लिखित रुपमा वा विद्युतिय संचार माध्यमवाट दिन सकिनेछ ।<br><br>(३) संचालकहरु समितीको बैठकमा स्वयम् उपस्थित हुनुपर्नेछ । तर वैकल्पिक संचालक नियुक्त गर्ने संगठित संस्थाको प्रतिनिधित्व गर्ने संचालक अनुपस्थित भएको अवस्थामा निजको बैकल्पिक संचालक उपस्थित हुन सक्नेछ ।<br><br>(४) संचालकहरुको संख्याको कम्तिमा एकाउन्न प्रतिशत संचालकहरु उपस्थित नभई समितिको बैठक वस्न सक्ने छैन र गणपूरक संख्या नपुगी समितिको बैठक हुन नसकेमा कम्तीमा तीन दिनको सूचना दिई अको बैठक बोलाउन सकिनेछ ।<br><br>(५) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ । निजको अनुपस्थितीमा बैठकमा उपस्थित संचालकहरुले आफुमध्ये वाट वहुमतले छानेको संचालकले अध्यक्षता गर्नेछ ।<br><br>(६) समितिको बैठकमा वहुमतको निर्णय मान्य हुनेछ र मत वरावर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।<br><br>तर संचालक समितिको बैठकमा आफ्ना निजी सरोकार वा स्वार्थ भएको विषयमा हुने छलफलमा कुनै संचालकले भाग लिन वा मतदान गर्न पाउने छैन ।<br><br>(७) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि समितिले गर्न पाउने कुनै कामको सम्वन्धमा समितिका सबै सदस्य लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक विना पनि गर्न सकिनेछ । त्यस्तो सहमतिलाई समितिको बैठकको निर्णय सरह मानिनेछ ।<br><br>**३९. <u>समितिको निर्णयको अभिलेख:</u>** (१) समितिको बैठकमा उपस्थित संचालकको नाम, छलफल भएको विषय र तत् सम्वन्धमा भएको | ३९. नेपाल राष्ट्र बैंकले तोकिदिएको नियमावलीको ढाँचा मिलाइएको |

| | | |
|---|---|---|
| मृत्यू भई निजको हकदारको टुङ्गो लाग्न लामो समय लाग्ने भएमा सवै साझेदार शेयरधनीहरु बीच शेयरको मूल्य समान रुपमा भागवण्डा लगाई मृत्यु भएको शेयरधनीको भाग छुट्याईनेछ र बाँकी रहेको मूल्य बाँकी रहेका शेयरधनीहरुको नाममा हस्तान्तरण गरिनेछ र त्यसपछि सो शेयर संचालन गर्न निजहरुलाई अनुमति दिईनेछ ।<br><br>(१०) शेयरको सिलसिलेवार संख्या तथा बैंकको छाप भएको शेयर प्रमाणपत्रमा जुन व्यक्तिको नाम रहेको छ वा जुन व्यक्तिको नाममा शेयर हस्तान्तरण भएको छ, सोही व्यक्ति त्यस्तो शेयरको धनी भएको मानिनेछ । तर कुनै नावालक वा मानसिक संतुलन नभएको व्यक्तिको शेयर निजको संरक्षकको नाममा दर्ता भएमा त्यस्तो नावालक वा मानसिक संतुलन नभएको व्यक्ति नै शेयरको धनी मानिनेछ ।<br><br>(११) शेयर पूँजीमा भएको वृद्धिको कारणले जारी हुने शेयर प्रचलित कम्पनी सम्बन्धी कानून तथा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनको अधीनमा रही विद्यमान शेयरधनीहरु बीच बाँडफाँड गरिनेछ । तर संचालक समितिले त्यस्तो शेयरको ५ प्रतिशतमा नबढ्ने गरी बैंकका कर्मचारीको लागि शेयर छुट्याउन सक्नेछ ।<br><br>(१२) शेयर प्रमाणपत्र हराएमा वा नष्ट भएमा त्यसरी हराएको वा नष्ट भएको शेयर प्रमाणपत्रको सट्टामा नयाँ प्रमाणपत्र लिन चाहने सम्बन्धित शेयरधनीले सो हराएको वा नष्ट भएको कुरा थाहा पाएको ३५ दिनभित्र त्यस्तो हराएको वा नष्ट भएको व्यहोरा उल्लेख गरी बैंकको कर्पोरेट अफिसमा दरखास्त दिनु पर्नेछ ।<br><br>(१३) उपनियम (१२) बमोजिम कुनै दरखास्त पर्न आएमा बैंकले सो सम्बन्धमा आवश्यक सवै कुरा बुझी दरखास्तमा उल्लेखित व्यहोरा मनासिव देखिए प्रतिलिपि वापत रु ५०।( प्रति कपि दस्तुर लिई दरखास्तवालालाई अर्को शेयर प्रमाणपत्र दिइनेछ र सो कुरा शेयरवालाको दर्ता किताबमा पनि जनाई राख्नेछ । | निर्णयको विवरण (माईन्युट) छुट्टै किताबमा अभिलेख राख्नु पर्नेछ र सो अभिलेखमा बैठकमा उपस्थित सम्पूर्ण संचालकले दस्तखत गरेको हुनु पर्नेछ ।<br><br>तर कुनै विषयमा छलफल गर्दा कुनै संचालकले निर्णयको विपरित वा त्यस्तो निर्णय हुने कुरा भन्दा फरक विचार राखेमा सोही कुरा निजले अभिलेखमा उल्लेख गरी दस्तखत गर्नुपर्नेछ ।<br><br>(२) विद्युतिय संचार साधन वा कम्प्युटरको प्रयोग गर्ने भए त्यस्तो विद्युतिय संचार साधन, कम्प्युटरको माध्यमवाट पनि निर्णयको विवरण राख्न सकिनेछ। यसरी निर्णयको विवरण राख्ने भए निर्णयको व्यहोरा फेरवदल गर्न नपाउने पर्याप्त व्यवस्था गर्नुपर्नेछ ।<br><br>(३) कुनै शेयरधनीले संचालक समितिको निर्णय कार्यालय समयभित्र निरीक्षण गर्न सक्नेछ ।<br><br>**परिच्छेद ५**<br>**<u>हिसाव किताव, लेखा तथा लेखापरीक्षण</u>**<br><br>**४०. <u>बैंकको हिसाव किताव, लेखा तथा लेखापरीक्षणः</u>**(१) बैंकले आफ्नो हिसाव किताव, खाता, वही, श्रेस्ता, लेखाको अभिलेख यथार्थ र दुरुस्त रुपमा प्रतिविम्वित हुने गरी दोहोरो लेखा प्रणालीमा आधारित सर्वमान्य सिद्धान्त र अधिकार प्राप्त निकायले लागु गरेको लेखामान ( एकाउण्टिंग स्ट्याण्डर्ड) अनुरुप अद्यावधिक रुपमा राख्नु पर्नेछ । र यस्तो लेखा, राष्ट्र बैंकले अन्यथा स्वीकृती दिएकोमा वाहेका आफ्नो रजिष्टर्ड (केन्द्रिय) कार्यालयमा राख्नु पर्नेछ ।<br><br>(२) बैंकले आफ्नो वासलात र नाफा नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण लगायतका अन्य वित्तीय विवरण राष्ट्र बैंकले तोकिदिएको ढाँचा र तरीका अनुरुप राख्नुपर्नेछ ।<br><br>(३) बैंकले आर्थिक वर्ष समाप्त भएको पाँच महिना भित्र वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण लगायतका अन्य वित्तीय विवरण राष्ट्र बैंकले तोकिदिएको ढाँचा र तरीका अनुसार | ४०. नियमावली नियम ३३ को व्यवस्थाई नेपाल राष्ट्र बैंकले तोकिदिएको नियमावलीको ढाँचा मिलाइएको |

| | | |
|---|---|---|
| तर, विद्यमान शेयरधनीहरुले आफ्नो एकमुष्ट रहेको शेयर कित्तालाई टुक्राइ नयाँ प्रमाणपत्र माग गरेमा त्यस्तो शेयर टुक्रा गरी नयाँ प्रमाणपत्र दिंदा संचालक समितिले समय समयमा तोके अनुसारको शुल्क लिइने छ ।<br><br>(१४) बैंकको कुनै पनि संचालक, कार्यकारी प्रमुख, लेखापरीक्षक तथा व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्ति वा कम्पनी सचिवले आफू बैंकमा वहाल रहँदाको बखत वा त्यस्तो पदबाट अवकाश प्राप्त गरेको कम्तीमा १ वर्षसम्म बैंक वा सो को सहायक कम्पनीको धितोपत्र आफ्नो वा आफ्नो परिवारको वा आफ्नो वा आफ्नो परिवारको नियन्त्रणमा रहेको फर्म, कम्पनी वा संस्थाको नाममा खरीद बिक्री गर्न गराउन, धितो बन्धक राख्न, राख्न लगाउन, दान वकस लिन, दिन वा लेनदेन गर्नु हुँदैन ।<br><br>तर नयाँ शेयर (हकप्रद शेयर वा बोनस शेयर) जारी गरिएको अवस्थामा तथा मृत्यु नामसारी, अंश बण्डा वा अदालतबाट हक प्राप्त भई प्राप्त हुन आउने शेयरको हकमा यो प्रतिबन्ध लागू हुने छैन ।<br><br>(१५) संस्थापक वर्गको शेयर हस्तान्तरण तथा शेयर सम्बन्धी अन्य व्यवस्था प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, प्रचलित कम्पनी सम्बन्धी कानून तथा धितोपत्र सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ ।<br><br>२७. **शेयर पूंजी थपघट गर्ने कुरा** : बैंकको शेयर पूँजी थप घट गर्ने व्यवस्था प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, नेपाल राष्ट्र बैंकबाट जारी गरिएको निर्देशन र प्रचलित कम्पनी सम्बन्धी कानूनमा उल्लेखित प्रावधान अनुरुप हुनेछ ।<br><br>२८. **आफ्नो शेयर आंफै खरिद गर्ने सम्बन्धी व्यवस्था** : बैंकले आफ्नो शेयर आफैं खरिद गर्दा बैंक तथा वित्तीय संस्था तथा कम्पनी सम्बन्धी प्रचलित कानूनी व्यवस्थाको अधीनमा रही गरिनेछ । | तयार गरी आफ्नो हिसाव किताबको लेखापरीक्षण गराउने छ । यस्तो वित्तीय विवरणमा कम्तीमा दुई जना संचालक, कार्यकारी प्रमुख र लेखापरीक्षकको सही भएको हुनु पर्नेछ ।<br><br>(४) लेखापरीक्षकको नियुक्ती बैंकको साधारण सभावाट हुनेछ । तर प्रथम साधारण सभा हुनुभन्दा अघि समितिले लेखापरीक्षक नियुक्ति गर्नेछ र एउटै लेखापरीक्षकलाई लगातार तीनपटक भन्दा वढी अवधिको लागी नियुक्त गर्न सकिने छैन ।<br><br>(५) साधारण सभाले उपनियम (४) वमोजिम लेखापरीक्षक नियुक्ति गर्दा राष्ट्र बैंकले स्वीकृत गरेको लेखापरीक्षकको सूचीमा समावेश रहेका लेखापरीक्षक मध्येवाट गर्नुपर्नेछ र त्यसरी नियुक्त भएको मितिले पन्ध्र दिनभित्र निजको नाम राष्ट्र बैंक र कम्पनी रजिष्ट्रार कार्यालयमा पठाउनु पर्नेछ ।<br><br>(६) उपनियम (३) वमोजिमको अवधिभित्र लेखापरीक्षण गराउन नसकेमा बैंकले मनासिव कारण सहित म्याद थपको लागी राष्ट्र बैंकमा अनुरोध गर्नु पर्नेछ र राष्ट्र बैंकले वढीमा तीन महिनाको अवधि थप गरि दिन सक्नेछ ।<br><br>(७) लेखापरिक्षकले आफूले गरेको लेखापरीक्षण प्रतिवेदनको एक/एक प्रति बैंक र राष्ट्र बैंकमा पेश गर्नुपर्नेछ । बैंकले त्यस्तो प्रतिवेदनको प्रतिलिपी वार्षिक साधारण सभाको सूचनासंग संलग्न गरी प्रत्येक शेयरधनी र कम्पनी रजिष्ट्रारको कार्यालयमा समेत प्रचलित कानुन वमोजिम पठाउनु पर्नेछ ।<br><br>(८) लेखापरिक्षण सम्वन्धी अन्य व्यवस्था ऐन, कम्पनी ऐन तथा प्रचलित कानुन वमोजिम हुनेछ ।<br><br>(९) बैंकको अद्यावधिक हिसाव किताव कुनै शेयरधनीले हेर्न चाहेमा यथाशिघ्र हेर्न दिनु पर्नेछ ।<br><br>४१. **<u>लेखापरिक्षण समिति सम्वन्धी व्यवस्था :</u>** (१) बैंकले राष्ट्र बैंकले जारी गरेको निर्देशनको अनुकुल हुने गरी लेखापरीक्षण समितिको व्यवस्था गर्नेछ । | ४१. नियमावली नियम ३४ को व्यवस्थाई नेपाल राष्ट्र बैंकले तोकिदिएको नियमावलीको ढाँचा मिलाइएको |

| | | |
|---|---|---|
| २९. **विभिन्न वर्गका शेयर जारी गर्ने सम्बन्धमा** : बैंकले हाल साधारण शेयर वाहेक अन्य वर्गका शेयर जारी गरेको छैन । | (२) समितिले प्रचलित कानुनको अधिनमा रही उपनियम (१) वमोजिम गठित समितिको काम कर्तव्य र अधिकार तोक्न सक्नेछ । | |
| ३०. **विभिन्न वर्गका शेयरधनीहरुका विशेष अधिकार र सुविधा :** बैंकको विभिन्न वर्गका शेयरधनीहरुको विशेष अधिकारको व्यवस्था गरिएको छैन । | **परिच्छेद ६**<br>**<u>विविध</u>** | |
| ३१. **सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था** : (१) सञ्चालकले पाउने मासिक पारिश्रमिक, बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा देहाय बमोजिम हुनेछ :-<br>(क) दैनिक कार्यसंचालनमा कार्यकारी प्रमुखको हैसियतले प्रत्यक्ष रुपमा संलग्न सञ्चालकले सञ्चालक समितिले निर्धारण गरेबमोजिमको मासिक पारिश्रमिक पाउने छ ।<br>(ख) सञ्चालकले बैंकको काम गर्दाको पारिश्रमिक सञ्चालक समितिले तोके बमोजिम हुनेछ ।<br>(ग) सञ्चालक समितिको प्रत्येक बैठकमा उपस्थित भए वापत अध्यक्षले पाउने बैठक भत्ता रू.८,०००/- र संचालकले पाउने वैठक भत्ता रू. ६,०००/- हुनेछ । | ४२. **<u>लाभांश सम्वन्धि व्यवस्था :</u>** (१) बैंकले लाभांश वितरण गर्ने निर्णय भएको पैंतालिस दिन भित्र लाभांश वितरण गर्नुपर्नेछ ।<br>(२) उपनियम (१) वमोजिमको अवधिभित्र लाभांश वितरण नगरेमा दश प्रतिशतका दरले लाभांशको व्याज समेत थप गरी लाभांशको रकम भुक्तानी गर्नु पर्नेछ ।<br>(३) ऐन तथा नेपाल राष्ट्र बैंकवाट जारी निर्देशनहरुको अधिनमा रही बैंकले अन्तरिम लाभांश वितरण गर्न सक्नेछ ।<br>(४) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि बैंकले शेयर वापत माग गरेको रकम चुक्ता नगर्ने शेयरधनीलाई प्राप्त हुने लाभांश रोक्का राख्न सक्नेछ । | ४२ नियमावली नियम ३७ को व्यवस्थाई नेपाल राष्ट्र बैंकले तोकिदिएको नियमावलीको ढाँचा मिलाइएको |
| (घ) बैंकको कामको सिलसिलामा सञ्चालक तथा अध्यक्षलाई प्रदान गरिने दैनिक भत्ता देहाय बमोजिम हुनेछ ।<br>**<u>नेपाल भित्र :</u>**<br>(अ) होटल तथा खाना खर्च बिल बमोजिम ।<br>(आ) दैनिक भत्ता रू.२,०००/- प्रति दिन ।<br>(इ) यातायात टिकट खर्च बिल टिकट बमोजिम । | ४३. **<u>शेयरधनी, डिबेञ्चरवाला, संचालक र पदाधिकारीलाई दिईने तथा निजवाट प्राप्त हुने सूचना:</u>** बैंकले शेयरधनी, डिवेञ्चरवाला, संचालक वा पदाधिकारीहरुलाई र शेयरधनी वा डिवेन्चरवालाहरुले बैंकका संचालक वा बैंकका पदाधिकारीलाई कुनै सूचना वा जानकारी वा विद्युतिय वा अन्य कुनै माध्यमवाट दिन सक्नेछ । | ४३. नेपाल राष्ट्र बैंकले तोकिदिएको नियमावलीको ढाँचा मिलाइएको |
| उपरोक्त बमोजिम भत्ता काठमाडौं उपत्यका बाहिर घर भएका अध्यक्ष वा सञ्चालक काठमाडौंमा सञ्चालक समितिको बैठकमा भाग लिन आउँदा तथा काठमाडौं बाहिर सञ्चालक समितिको बैंठक बस्दा सम्बन्धित ठाउँमा घर नभएका अध्यक्ष वा सञ्चालकहरुले समेत पाउने छन् । | ४४. **<u>कम्पनी सचिव सम्वन्धि व्यवस्था</u>** : (१) कम्पनी ऐनले तोकेको योग्यता पुगेको नेपाली नागरिकलाई समितिले बैंकको कम्पनी सचिवको पदमा नियुक्त गर्नेछ । | ४४. नियमावली नियम ४० को व्यवस्थाई नेपाल राष्ट्र बैंकले तोकिदिएको नियमावलीको ढाँचा मिलाइएको |
| **<u>अमेरीका, ओपेक मूलुकहरु (ईन्डोनेसिया बाहेक), यूरोपियन मूलुकहरु, जापान, अष्ट्रेलिया, न्यूजिल्याण्ड र दक्षिण कोरीया का</u>** | (२) उपनियम (१) वमोजिम कम्पनी सचिवको नियुक्ती गर्दा बैंकमा कार्यरत योग्यता पुगेको कर्मचारीलाई समेत कम्पनी सचिवको काम गर्ने जिम्मेवारी दिन सकिनेछ । | |

| | | |
|---|---|---|
| **लागि**<br>अ) होटल वास खर्च वास्तविक<br>आ) दैनिक भत्ता यू.एस. डलर १००।- प्रति दिन<br>इ) स्थानिय यातायात खर्च एक पटक लाई यू.एस. डलर ४०।-<br>ई) यातायात खर्च विल/टिकट बमोजिम<br><br>**माथि उल्लेखित बाहेकका मूलुकहरुका लागि**<br>अ) होटल वास खर्च वास्तविक<br>आ) दैनिक भत्ता यू.एस. डलर ७५।- प्रति दिन<br>इ) स्थानिय यातायात खर्च एक पटक लाई यू.एस. डलर २०।-<br>ई) यातायात खर्च विल/टिकट बमोजिम<br><br>**भारतको लागि**<br>अ) होटल वास खर्च वास्तविक<br>आ) दैनिक भत्ता भा.रु. २,०००।- प्रति दिन<br>इ) स्थानिय यातायात खर्च एक पटक लाई भा.रु.२००।-<br>ई) यातायात खर्च विल/टिकट बमोजिम | तर उल्लेखित योग्यता पुगेको बैंकमा कार्यरत कर्मचारी वाहेक कुनै पनि नेपाली नागरिकलाई कम्पनी सचिवको पदमा नियुक्त गर्दा निजको पदावधी, सेवा र शर्त सम्वन्धि व्यवस्था समितिले तोके वमोजिम हुनेछ ।<br><br>(३) कम्पनी सचिवको काम, कर्तव्य र अधिकार कम्पनी ऐनमा उल्लेख भए वमोजिम हुनेछ । | |
| ङ) सञ्चालकहरुले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पत्र-पत्रिका, टेलिफोन र मोबाईलको सुविधा पाउने छन् । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पत्र-पत्रिका, टेलिफोन र मोबाईलको लागि अध्यक्ष लगायत सञ्चालकहरुले मासिक रू.६,०००/- खर्च पाउनेछन् । अन्य सुविधाहरु साधारण सभाले समय-समयमा निर्धारण गरे बमोजिम हुनेछ । | **४५. बैंकको छाप सम्वन्धी व्यवस्था** : (१) बैंकको छाप कार्यकारी प्रमुखको मातहतमा रहेनछ, जसको प्रयोग बैंकको कारोवारको प्रयोजनको लागी गरिनेछ । निजले बैंकका अन्य कर्मचारीलाई छापको प्रयोग गर्ने गरी जिम्मेवारी सुम्पन सक्नेछ<br><br>(२) बैंकको छाप अनाधिकृत रुपमा प्रयोग गरी बैंकलाई कुनै दायित्व सृजना भएमा सो छाप जिम्मा लिने व्यक्तिवाट त्यस्तो दायित्व वापत सृजना हुने रकम असुल उपर गरिनेछ । | ४५. नेपाल राष्ट्र बैंकले तोकिदिएको नियमावलीको ढाँचा मिलाइएको |
| (२) संचालकले यस नियममा लेखिएको बाहेक कुनै व्यक्तिगत फाईदा वा सुविधा लिएको पाईएमा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून बमोजिम कसूर गरेको मानी त्यस्तो रकम निजबाट असुल उपर गरिनेछ ।<br><br>**३२. बैंकको छापको प्रयोग** : (१) बैंकको छाप कार्यकारी प्रमूखको मातहतमा रहनेछ, जसको प्रयोग बैंकको कारोबारको प्रयोजनको लागि गरिनेछ । निजले बैंकका अन्य कर्मचारीहरुलाई छापको प्रयोग गर्ने गरी जिम्मेवारी सुम्पन सक्नेछ । | **४६ प्रतिलिपी दस्तुर सम्वन्धी व्यवस्था** : (१) बैंकको प्रवन्धपत्र, नियमावली, वार्षिक आर्थिक विवरण, लेखापरिक्षण प्रतिवेदन, संचालकको लगत, शेयरधनीको दर्ता किताव, दर्ता प्रमाणपत्र वा बैंकको तर्फवाट कार्यालयमा पेश गरिएको कुनै लिखतको प्रतिलिपी कुनै शेयरधनी वा अरु सरोकारवालाले माग गरेमा प्रति पृष्ठ रु. १०/- दस्तुर लिई प्रतिलिपी दिनु पर्नेछ ।<br><br>(२) बैंकको साधारण सभाको काम कारवाहीको विवरणको प्रतिलिपी प्राप्त गर्न प्रति पृष्ठ रु. १०/- दस्तुर लाग्नेछ ।<br><br>(३) बैंकको समितिको निर्णयको प्रतिलिपी प्राप्त गर्न प्रति पृष्ठ रु. १०/- दस्तुर लाग्नेछ ।<br><br>(४) शेयर प्रमाणपत्रको प्रतिलिपी प्राप्त गर्न रु. २५/- दस्तुर लाग्नेछ ।<br><br>(५) शेयरधनी वा डिवेन्चरवालाको दर्ता किताबको प्रतिलिपी प्राप्त गर्न प्रतिपृष्ठ रु. १०/- दस्तुर लाग्नेछ । | ४६. नेपाल राष्ट्र बैंकले तोकिदिएको नियमावलीको ढाँचा मिलाइएको |

| | | |
|---|---|---|
| (२) बैंकको छाप अनाधिकृत रुपमा प्रयोग गरी बैंकलाई कुनै दायित्व श्रृजना भएमा सो छाप जिम्मा लिने व्यक्तिबाट त्यस्तो दायित्व वापत श्रृजना हुने रकम असुल उपर गरिनेछ ।<br><br>**३३. बैंकको लेखा, हिसावकिताव र लेखापरीक्षण :** (१) बैंकले आफ्नो हिसाव किताव, खाता, वही, श्रेस्ता, लेखाको अभिलेख यथार्थ र दुरुस्त रुपमा प्रतिबिम्बित हुने गरी प्रचलित कानून अनुसार अधिकार प्राप्त निकायले लागू गरेको लेखामान (एकाउण्टिङ्ग स्ट्याण्डर्ड) अनुरुप अद्यावधिक रुपमा राख्नु पर्नेछ र यस्तो लेखा बैंकको कर्पोरेट अफिसमा राख्नेछ ।<br>(२) बैंकले आफ्नो वासलात र नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण लगायतका अन्य वित्तीय विवरण नेपाल राष्ट्र बैंकले तोकिदिएको ढाँचा र तरीका अनुरुप राख्नेछ ।<br>(३) बैंकको लेखा तथा हिसाब किताबहरु नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम अंग्रेजी वा नेपाली भाषामा राखिनेछ ।<br>(४) बैंकले आर्थिक वर्ष समाप्त भएको पाँच महिनाभित्र वासलात, नाफा-नोक्सान हिसाव र नगद प्रवाह विवरण लगायतका अन्य वित्तीय विवरण नेपाल राष्ट्र बैंकले तोकिदिएको ढाँचा र तरीका अनुसार तयार गरी आफ्नो हिसाव कितावको लेखापरीक्षण गराउने छ । यस्तो वित्तीय विवरणमा कम्तीमा दुई जना सञ्चालक, कार्यकारी प्रमुख र लेखापरीक्षकको सही भएको हुनु पर्नेछ ।<br>(५) लेखापरीक्षकको नियुक्ति बैंकको साधारण सभाबाट हुनेछ । तर प्रथम साधारण सभा हुनुभन्दा अघि सञ्चालक समितिले लेखापरीक्षक नियुक्ति गर्नेछ र एउटै लेखापरीक्षकलाई लगातार तीनपटक भन्दा बढी अवधिको लागि नियुक्त गर्न सकिने छैन ।<br>(६) साधारण सभाले उपनियम (५) बमोजिम लेखापरीक्षक नियुक्ति गर्दा नेपाल राष्ट्र बैंकले स्वीकृत गरेको लेखापरीक्षकको सूचीमा समावेश रहेका लेखापरीक्षक मध्येबाट गर्नु पर्नेछ र त्यसरी नियुक्त भएको मितिले १५ दिनभित्र निजको नाम नेपाल राष्ट्र बैंक र कम्पनी रजिष्ट्रार कार्यालयमा पठाउनु पर्नेछ । | **४७. <u>बैंक गाम्ने/ गाभिने व्यवस्था</u>** : (१) यस बैंकमा कुनै अर्को बैंक वा वित्तीय संस्थालाई वा यस बैंकलाई अर्को कुनै बैंकमा गाभ्न आवश्यक भएमा बैंकको साधारण सभाले विशेष प्रस्ताव पारित गरी नेपाल राष्ट्र बैंक ऐन, २०५८, ऐन, कम्पनी ऐन तथा अन्य प्रचलित कानुन वमोजिम अर्को बैंक वा वित्तीय संस्थालाई गाभ्न वा आफु अर्को बैंकमा गाभिन सक्नेछ ।<br><br>(२) यस बैंक अर्को बैंक संग गाभिंदा शेयरको हेरफेर, हस्तान्तरण वा बैंकको सम्पूर्ण जायजेथा विक्रीमा सहमति नजनाउने शेयरधनीको हकमा राष्ट्र बैंकको स्वीकृती लिई कुनै विशेष व्यवस्था गर्न सकिने छ । | ४७, नियमावली नियम ३६ को व्यवस्थाई नेपाल राष्ट्र बैंकले तोकिदिएको नियमावलीको ढाँचा मिलाइएको |
| | **४८. <u>बैंकको खारेजी</u>** : (१) राष्ट्र बैंकको पूर्व स्वीकृती विना बैंक स्वेच्छाले खारेज हुन सक्ने छैन ।<br><br>(२) उपनियम (१) वमोजिम बैंकको स्वेच्छिक खारेजीको लागी साधारण सभाले निर्णय गरी राष्ट्र बैंकको स्वीकृतीको लागी निवेदन दिनु पर्नेछ ।<br><br>(३) बैंकको खारेजी सम्वन्धि अन्य व्यवस्था ऐन, कम्पनी ऐन तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ । | ४८, नियमावली नियम ४२ को व्यवस्थाई नेपाल राष्ट्र बैंकले तोकिदिएको नियमावलीको ढाँचा मिलाइएको |
| | **४९. <u>कुनै खास व्यवसाय गर्ने कम्पनीको नियमावलीमा खुलाउनु पर्ने भनी प्रचलित कानूनमा कुनै व्यवस्था गरिएको भए त्यस्तो कुरा</u>** : (१) यो बैंक कम्पनी ऐन अन्तगर्त कम्पनी रजिष्ट्रारको कार्यालयमा पव्लिक लिमिटेड कम्पनीको रुपमा संस्थापित भई ऐन अन्तर्गत बैंकिङ्ग तथा वित्तीय कारोवार गर्ने बैंक हुनेछ ।<br><br>(२) राष्ट्र बैंकले निर्देशन दिए वमोजिम तोकिदिएको मिति भित्र तोकिएको ढाँचामा बैंकले आफ्नो वित्तीय विवरण र अन्य आवश्यक विवरणहरु नियमित रुपले राष्ट्र बैंकमा पेश गर्नेछ ।<br><br>(३) बैंकमा रहेको निक्षेप उपर सो निक्षेप राख्ने व्यक्ति वाहेक अरु कसैको हक दावी लाग्ने छैन । निक्षेप राख्ने व्यक्तिको मृत्यु भएमा | ४९, नियमावली नियम ३८ को व्यवस्थाई नेपाल राष्ट्र बैंकले तोकिदिएको नियमावलीको ढाँचा मिलाइएको |

| | | |
|---|---|---|
| (७) उपनियम (४) बमोजिमको अवधिभित्र लेखापरीक्षण गराउन नसकेमा बैंकले मनासिव कारण सहित म्याद थपको लागि नेपाल राष्ट्र बैंकमा अनुरोध गर्नु पर्नेछ र यस्तो थप अवधी बढीमा तीन महीनाको हुनेछ ।<br>(८) लेखापरीक्षकले आफूले गरेको लेखापरीक्षण प्रतिवेदनको एक/एक प्रति बैंक र नेपाल राष्ट्र बैंकमा पेश गर्नु पर्नेछ । बैंकले त्यस्तो प्रतिवेदनको प्रतिलिपि वार्षिक साधारण सभाको सूचनासँग संलग्न गरी प्रत्येक शेयरधनी र कम्पनी रजिष्ट्रारको कार्यालयमा समेत प्रचलित कानून बमोजिम पठाउनु पर्नेछ ।<br>(९) लेखापरीक्षण सम्बन्धी अन्य व्यवस्था प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून तथा कम्पनी सम्बन्धी कानून अनुरूप हुनेछ ।<br><br>**३४. लेखापरीक्षण समिति सम्बन्धी व्यवस्था** : बैंकले प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून अनुकूल हुने गरी लेखापरीक्षण समितिको व्यबस्था गर्नेछ ।<br><br>**३५. ऋण वा डिवेञ्चर सम्बन्धी व्यवस्था** : बैंकले डिवेञ्चर उठाउँदा नेपाल राष्ट्र बैंकको स्वीकृति लिई प्रचलित कम्पनी सम्बन्धी कानूनको अधिनमा रही गरिनेछ ।<br><br>**३६. बैंक गाभिने कुरा** : यस बैंकमा कुनै अर्को बैंक/ वित्तीय संस्थालाई वा यस बैंकलाई कुनै अर्को बैंक/वित्तीय संस्थामा गाभ्न आवश्यक भएमा प्रचलित बैंक तथा वित्तीय संस्था तथा कम्पनी सम्बन्धी कानून बमोजिमको प्रक्रिया पूरा गरी गाभ्न सकिनेछ ।<br><br>**३७. लाभांश सम्बन्धी व्यवस्था** :<br>(१) प्रचलित कानून अन्तर्गत पुरा गर्नुपर्ने शर्तहरु पुरा गरी बैंकले आफ्नो खुद मुनाफामध्येबाट लाभांश वा अन्तरिम लाभांश घोषणा गर्नेछ ।<br><br>(२) वार्षिक साधारण सभाले लाभांशको घोषणा गर्नेछ तर संचालक समितिले सिफारिस गरेको भन्दा बढि लाभांश | निजले कसैलाई ईच्छाएको भए त्यस्तो ईच्छाईएको व्यक्तिको र त्यस्तो ईच्छाईएको व्यक्तिको पनि मृत्यु भएको रहेछ वा कसैलाई ईच्छाईएको रहेनछ भने देहायको व्यक्ति मध्ये प्राथमिकता क्रमानुसार जुन व्यक्ति जीवित छ सोही व्यक्तिको त्यस्तो निक्षेप उपर पहिलो हक दावी लाग्नेछ :<br><br>(क) सगोलको पति वा पत्नी,<br><br>(ख) सगोलको छोरा वा छोरी, धर्मपुत्र वा धर्मपुत्री वा विधवा बुहारी,<br><br>(ग) सगोलको बाबु, आमा, नाति वा नातिनी,<br><br>(घ) भिन्न बसेको पति वा पत्नी, छोरा, छोरी, बाबु वा आमा, छोरा, बुहारी वा विवाहित छोरी,<br><br>(ङ) सगोलको बाजे, बज्यै, दाजु, भाइ, भदै, भदैनी, दिदी वा बहिनी, भिन्न बसेका बाजे, बज्यै,<br><br>(च) सगोलको सौतेनी आमा, भिन्न बसेको छोरा पट्टिको नाति वा अविवाहित नातिनी,<br><br>(छ) भिन्न बसेको दाजु वा भाइ, भदै, भदैनी, दिदी, बहिनी, भतिजा, भतिजी<br><br>(ज) सगोलको काका, बिधवा काकी, भाउजु, भाई बुहारी वा नातिनी बुहारी,<br><br>(झ) विवाहित दिदी, बहिनी, भिन्न बसेको नातिनी बुहारी ।<br><br>तर उपरोक्त प्राथमिकता क्रममा पर्ने कोही व्यक्ति नभएको अवस्थामा त्यस्तो निक्षेप उपर हकवालाको दावी रहनेछ र हकवाला पनि नभएको अवस्थामा सो निक्षेप नेपाल सरकारको हुनेछ । | |

| | | |
|---|---|---|
| प्रदान गर्ने निर्णय गर्न सकिने छैन । लाभांश वितरण गर्ने निर्णय भएको पैंतालीस दिन भित्र वितरण गर्नु पर्नेछ<br>(३) उपनियम (२) बमोजिम लाभांश वितरण नगरेमा दश प्रतिशतका दरले लाभांशको व्याज समेत दिनु पर्नेछ ।<br>(४) बैंकले प्रचलित कानूनको अधिनमा रही लाभांश वा अन्तरिम लाभांश घोषणा तथा वितरण गर्नु पूर्व नेपाल राष्ट्र बैंकको स्वीकृति लिनेछ ।<br>(५) यस नियमावलीमा अन्यत्र जुन सुकै कुरा लेखिएको भए तापनि बैंकले शेयरबापत माग गरेको रकम चुक्ता नगर्ने शेयरधनीलाई सो हदसम्म निजको लाभांश रोक्का राख्न सक्नेछ<br>(६) लाभांशको घोषणा हुंदाको बखत शेयरवालाहरुको दर्ता किताबमा नाम दर्ता भएको शेयरवालाहरुको मात्र त्यस्तो लाभांशमा हक पुग्नेछ ।<br>(७) लाभांशको कुपन शेयरवालाहरुको दर्ता गरिएको ठेगानामा पठाइनेछ ।<br>(८) लाभांश कुपनमा प्रमुख कार्यकारी अधिकृत वा निजले तोकेको पदाधिकारी र कम्पनी सचिवको दस्तखत हुनु पर्नेछ ।<br>(९) लाभांश सम्बन्धी अन्य व्यवस्था प्रचलित कम्पनी सम्बन्धी कानून तथा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।<br><br>३८. **कुनै खास व्यवसाय गर्ने कम्पनीको नियमावलीमा खुलाउनु पर्ने भनी प्रचलित कानूनमा कुनै व्यवस्था गरिएको भए त्यस्तो कुरा** : (१) यो बैंक प्रचलित कम्पनी सम्बन्धी कानून अन्तर्गत कम्पनी रजिष्ट्रार कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रुपमा संस्थापित भई प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून अन्तर्गत संचालित बैंकिङ व्यवसाय गर्ने कम्पनी हो ।<br>(२) नेपाल राष्ट्र बैंकले निर्देशन दिए बमोजिम तोकिदिएको मितिभित्र तोकिएको ढाँचामा बैंकले आफ्नो वित्तीय विवरण र अन्य आवश्यक विवरणहरू नियमित रूपले नेपाल राष्ट्र बैंकमा पेश गर्नु पर्नेछ ।<br>(३) बैंकमा रहेको निक्षेप उपर सो निक्षेप राख्ने व्यक्ति बाहेक अरू कसैको हक दावी लाग्ने छैन । निक्षेप राख्ने व्यक्तिको | (४) बैंकमा रहेको निक्षेप हक पुग्ने ब्यक्तिको मञ्जुरीले वाहेक अन्य कुनै व्यक्तिलाई दिईने छैन ।<br><br>(५) बैंकमा रहेको निक्षेप हक पुग्ने व्यक्तिको मञ्जुरीले वाहेक अन्य कुनै प्रकारले जफत गरिने छैन । तर बैंकमा निक्षेप राखेको रुपैया नै धितो वा जमानत राखी लेनदेन कारोवार गरेको वा प्रचलित कानून बमोजिम जफत हुने अवस्थामा त्यस्तो निक्षेप जफत गर्न यस उपनियमले वाधा पुऱ्याएको मानिने छैन ।<br><br>(६) बैंकले दश वर्ष देखि चल्तीमा नभएको तथा ऐन बमोजिम हक दावी नपरेका निक्षेप खाताहरुको विवरण प्रत्येक आर्थिक वर्षको पहिलो महिना भित्र राष्ट्र बैंकमा पठाउनु पर्नेछ ।<br><br>(७) राष्ट्र बैंक ऐन, २०५८, वा सो अन्तर्गत बनेका नियम/विनियमहरु बमोजिम नेपाल सरकार वा नेपाल राष्ट्र बैंकले दिएको कुनै आदेश वा निर्देशनको पालना गर्दा कसैलाई कुनै किसिमको हानी नोक्सानी भएमा र बैंकमा भएको करारमा वा बैंकको अरु व्यवस्थामा जुनसुकै कुरा लेखिएको भएतापनि अनाधिकार प्रयोग गरेको अवस्थामा वाहेक क्षतिपुर्तीको दावी लाग्ने छैन ।<br><br>(८) आफ्नो काम कारोवार सुव्यवस्थित रुपले संचालन गर्न तथा ऐनको उदेश्य कार्यान्वयन गर्न नेपाल राष्ट्र बैंकको स्वीकृती लिई बैंकले विनियम वनाउन सक्ने छ । समितिले आवश्यकता अनुसार कार्याविधि, निर्देशिका एवं निति वनाई लागु गर्न सक्नेछ ।<br><br>(९) बैंकको काम कारोवार संचालन गर्नुको लागी संघ–संस्था, विशेषज्ञ वा अन्य कुनै दक्ष व्यक्तिबाट व्यवस्थापन सम्बन्धी सर सल्लाह लिन सक्ने छ । बैंकको संचालन वा व्यवस्थापन गर्न उचित शर्तहरुको आधारमा व्यवस्थापन सम्झौता गरी जिम्मा दिन सक्नेछ तथा आवश्यकतानुसार माथि उल्लेखित सबै वा केहि उदेश्यहरुको परिपुर्ति गर्नको लागी आवश्यक सम्पूर्ण कार्यहरु गर्न सक्ने छ । | |

| | | |
|---|---|---|
| मृत्यु भएमा निजले कसैलाई इच्छाएको भए त्यस्तो इच्छाइएको व्यक्तिको र त्यस्तो इच्छाइएको व्यक्तिको पनि मृत्यु भएको रहेछ वा कसैलाई इच्छाइएको रहेनछ भने देहायको व्यक्ति मध्ये प्राथमिकता क्रमानुसार जुन व्यक्ति जीवित छ सोही व्यक्तिको त्यस्तो निक्षेप उपर पहिलो हक दावी लाग्नेछः-<br><br>(क) सगोलको पति वा पत्नी,<br><br>(ख) सगोलको छोरा, धर्मपुत्र वा छोरी वा धर्मपुत्री,<br>(ग) सगोलको बाबु, आमा, छोरा पट्टीको नाति वा नातिनी,<br>(घ) भिन्न बसेको पति वा पत्नी, छोरा, अविवाहिता छोरी, बाबु वा आमा,<br>(ङ) सगोलको बाबुपट्टिको बाजे, बज्यै, दाजु, भाइ, अविवाहिता दिदी वा बहिनी,<br>(च) सगोलको भतिजा, भतिजी, सौतेनी आमा, भिन्न बसेको छोरा पट्टीको नाति वा अविवाहिता नातिनी,<br>(छ) संगोलको काका, विधवा, काकी, भाउज्यू, भाइ-बुहारी वा नातिनी-बुहारी,<br>(ज) भिन्न बसेको दाजु वा भाइ,<br>(झ) विवाहिता दिदी, बहिनी, भिन्न बसेका बाजे, बज्यै, विधवा छोरा-बुहारी, नातिनी-बुहारी वा भतिजा ।<br>तर उपरोक्त प्राथमिकताक्रममा पर्ने कोही व्यक्ति नभएको अवस्थामा त्यस्तो निक्षेप उपर हकवालाको दावी रहनेछ र हकवाला पनि नभएको अवस्थामा सो निक्षेप नेपाल सरकारको हुनेछ ।<br>(४) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि बैंकमा रहेको निक्षेप हक पुग्ने व्यक्तिको मञ्जुरीले वाहेक अन्य कुनै व्यक्तिलाई दिइने छैन ।<br>(५) बैंकमा रहेको निक्षेप हक पुग्ने व्यक्तिको मञ्जुरीले बाहेक अन्य कुनै प्रकारले जफत गरिने छैन । तर बैंकमा निक्षेप राखेको रूपैया नै धितो वा जमानत राखी लेनदेन कारोवार गरेको वा प्रचलित कानून बमोजिम जफत हुने अवस्थामा त्यस्तो निक्षेप जफत गर्न यस उपनियमले बाधा पुऱ्याएको मानिने छैन । | (१०)बैंकले आफ्नो कूल सम्पती र वासलात वाहिरको कारोवारको दायित्व सम्बन्धि जोखिमलाई खाम्न सक्ने गरी राष्ट्र बैंकले तोकिदिए बमोजिमको अनुपातमा जोखिम व्यहोर्ने कोष राख्नेछ ।<br><br>(११)बैंकले आफ्नो कूल जोखिम सम्पतीको आधारमा राष्ट्र बैंकले तोकिदिएको अनुपातमा पूँजीकोष कायम गर्नेछ ।<br><br>५०. **<u>अन्य आवश्यक कुरा :</u>** (१) बैंकको आर्थिक बर्ष श्रावण १ गते देखि अर्को वर्षको आषाढ मसान्त सम्म हुनेछ ।<br><br>(२) बैंकको शेयर चल सम्पती मानिने छ र ऐन, कम्पनी ऐन, धितो पत्र कारोवार सम्बन्धी कानून तथा प्रबन्धपत्र र यस नियमावलीको अधिनमा रहि बैंकको शेयर धितोबन्धक राख्न वा सोको विक्रि गरी हक हस्तान्तरण गर्न सकिने छ ।<br><br>(३) लाभांश घोषणा गर्दाको समयमा शेयर लगत कितावमा जसको नाममा शेयर रहेको छ, सो शेयर धनी लाभांशको हकदार हुनेछ ।<br><br>(४) बैंकका संचालक तथा कर्मचारीले आफ्नो ओहदा सम्हाल्नु पुर्व तोकिए बमोजिम गोपनीयता र ईमान्दारीताको सपथ गर्नु पर्ने छ ।<br><br>(५) बैंकका कुनै संचालक वा कर्मचारीले वा अन्य सम्बध पक्षले आफ्नो कामको सिलसिलामा थाहा पाएको कुनै पनि सुचना वा जानकारी वा गोप्य कुराहरु कानुनले छुट दिएको अवस्थामा वाहेक अन्य अनाधिकृत व्यक्तिलाई थाहा दिनु हुदैन ।<br><br>(६) समितिले संचालकहरुको निर्वाचन सम्बन्धी निर्वाचन निर्देशिका वनाई लागु गर्न सक्नेछ ।<br><br>(७) संचालकको नियुक्ति वा समितीको गठनमा भएको अनियमितता वा कुनै संचालकको पद रिक्त रहेको कारणले समितिको कुनै काम कारवाही वदर हुने छैन । | ५०, नियमावली नियम ४१ को व्यवस्थाई नेपाल राष्ट्र बैंकले तोकिदिएको नियमावलीको ढाँचा मिलाइएको । |

| | | |
|---|---|---|
| (६) बैंकले दश वर्षदेखि चल्ती नभएका तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून बमोजिम हक दावी नपरेका निक्षेप खाताहरूको विवरण प्रत्येक आर्थिक वर्षको पहिलो महिनाभित्र नेपाल राष्ट्र बैंकमा पठाउनु पर्नेछ ।<br>(७) नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक प्रचलित तथा वित्तीय संस्था सम्बन्धी कानून वा सो अन्तर्गत बनेका नियम/विनियमहरू बमोजिम नेपाल सरकार वा नेपाल राष्ट्र बैंकले दिएको कुनै आदेश वा निर्देशनको पालना गर्दा कसैलाई कुनै किसिमको हानी नोक्सानी भएमा बैंकसँग भएको करारमा वा बैंकको अरू व्यवस्थामा जुनसुकै कुरा लेखिएको भए तापनि अनाधिकार प्रयोग गरेको अवस्थामा बाहेक क्षतिपूर्तिको दावी लाग्ने छैन ।<br>(८) आफ्नो काम कारोवार सुव्यवस्थित रूपले सञ्चालन गर्न तथा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनको उद्देश्य कार्यान्वयन गर्न नेपाल राष्ट्र बैंकको स्वीकृति लिई बैंकले विनियम बनाउन सक्नेछ । सञ्चालक समितिले आवश्यकता अनुसार कार्यविधि, निर्देशिका एवं नीति बनाई लागू गर्न सक्नेछ ।<br>(९) बैंकको काम कारोवार सञ्चालन गर्नको लागि संघ, संस्था, विशेषज्ञ वा अन्य कुनै दक्ष व्यक्तिबाट व्यवस्थापन सम्बन्धी सरसल्लाह लिन सक्नेछ । बैंकको सञ्चालन वा व्यवस्थापन गर्न उचित शर्तहरूको आधारमा व्यवस्थापन सम्झौता गरी जिम्मा दिन सक्नेछ तथा आवश्यकतानुसार माथि उल्लेखित सबै वा केही उद्देश्यहरूको परिपूर्ति गर्नको लागि आवश्यक सम्पूर्ण कार्यहरू गर्न सक्नेछ ।<br>(१०) बैंकले आफ्नो कूल सम्पत्ति र वासलात बाहिरको कारोवारको दायित्व सम्बन्धी जोखिमलाई खाम्न सक्ने गरी नेपाल राष्ट्र बैंकले तोकि दिए बमोजिमको अनूपातमा जोखिम व्यहोर्ने कोष राख्नेछ ।<br>(११) बैंकले आफ्नो कूल सम्पत्तिको कूल जोखिम सम्पत्तिको आधारमा नेपाल राष्ट्र बैंकले तोकिदिएको अनुपातमा पूंजीकोष कायम गर्नेछ ।<br>३९. शेयर तथा डिवेञ्चर दर्ता किताबको निरीक्षण : (१) बैंकको शेयरवाला तथा डिवेञ्चरवालाले शेयर वा डिवेञ्चर दर्ता किताव निरीक्षण गर्न चाहेमा बैंकले निरीक्षण गर्न दिनुपर्नेछ । | (८) बैंकले संचालक, शेयर धनी, कर्मचारी वा बैंक संग सम्बन्धीत विषयको सम्बन्धमा कुनै सुचना, म्याद, बन्द सवाल आदि तामेल गर्दा कम्पनी कानून तथा विधुत्तीय (ईलेक्ट्रोनीक) कारोवार सम्बन्धी प्रचलीत कानूनको व्यवस्था बमोजीम गर्न सकिने छ ।<br>(९) राष्ट्र बैंक ऐन, २०५८ र कम्पनी ऐनमा परिभाषित शब्द वा शब्दावलीहरुलाई यस नियमावलीले समेत सोहि अर्थमा प्रयोग भएको मानिने छ ।<br>**५१. <u>नियमावली संशोधन भएमा लागु हुने अवस्था:</u>**(१) बैंकले यस नियमावलीमा कुनै संशोधन गर्नु पर्ने भएमा ऐन र कम्पनी ऐन को व्यवस्थाको अधिनमा रहि साधारण सभामा विशोष प्रस्ताव परित गरी राष्ट्र बैंकको स्वीकृति लिई कम्पनी रजिष्ट्रार कार्यालयमा अभिलेख भएपछि मात्र नियमवलीमा संशोधन भएको मानिनेछ ।<br>(२) नेपाल राष्ट्र बैंक ऐन, २०५८, ऐन, कम्पनी ऐन तथा धितोपत्र कारोवार सम्बन्धी प्रचलीत कानुन संशोधन भएको खण्डमा यो नियमावली पनि सोहि बमोजिम संशोधन भएको मानिने छ र यस नियमावलीमा समेत सोहि अनुरुप संशोधन गरीने छ ।<br>(३) खारेजी र बचाउः (क) ऐन बमोजिम बैंकको नियमावली संशोधन गरी ईजाजतपत्र प्राप्त गर्नु भन्दा अगावै नेपाल बैंक अफ सिलोन लि. को नामबाट मिति आषाढ १६, २०५३ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको र मिति भदौ २४, २०५९ मा नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि. मा नाम परिवर्तन भई संचालित यस बैंक लिमिटेडको साविकको नियमावली खारेज गरिएको छ ।<br>(ख) माथि खण्ड (क) अन्तर्गत खारेज गरिएको नियमावली बमोजिम भए गरेका काम कारवाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ<br>(गं) खण्ड (क) अन्तर्गत खारेज गरिएको नियमावली बमोजिम कम्पनी संस्थापना हुँदाका बखत कायम रहेका संस्थापकहरु र निजहरुले तत्काल लिन कबुल गरेको शेयर संख्या, सहिछाप, साक्षीहरु तथा | ५१, नियमावली नियम ४४ को व्यवस्थाई नेपाल राष्ट्र बैंकले तोकिदिएको नियमावलीको ढाँचा मिलाइएको |

| | | |
|---|---|---|
| तर बैंकले राष्ट्रिय स्तरको पत्रिकामा सात दिन अगावै सूचना प्रकाशन गरी एक वर्षमा पैंतालीस दिनमा नबढाई एक पटकमा बढीमा तीस दिनसम्म दर्ता किताबको निरीक्षण बन्द गर्नसक्नेछ ।<br>(२) कसैले शेयरवालाको दर्ता किताबको प्रतिलिपि लिन चाहेमा उपनियम (१) को प्रतिबन्धात्मक व्यवस्था बमोजिम निरीक्षण बन्द गरिएको अवस्थामा बाहेक प्रतिपृष्ठ रु. २।- दस्तुर लिई प्रतिलिपि दिइनेछ ।<br><br>४०. **कम्पनी सचिव सम्बन्धी व्यवस्था** : (१) प्रचलित कम्पनी कानूनले तोकेको योग्यता पुगेको नेपाली नागरिकलाई सञ्चालक समितिले बैंकको कम्पनी सचिवको पदमा नियुक्त गर्नेछ ।<br>(२) उपनियम (१) बमोजिम कम्पनी सचिवको नियुक्ति गर्दा बैंकमा कार्यरत कर्मचारीलाई समेत कम्पनी सचिवको काम गर्ने जिम्मेवारी दिन सकिनेछ ।<br>तर उल्लिखित योग्यता पुगेको बैंकमा कार्यरत कर्मचारी बाहेक कुनै पनि नेपाली नागरिकलाई कम्पनी सचिवको पदमा नियुक्त गर्दा निजको पदावधि, सेवा र शर्त सम्बन्धी व्यबस्था सञ्चालक समितिले तोके बमोजिम हुनेछ ।<br><br>(३) कम्पनी सचिवको काम, कर्तव्य र अधिकार प्रचलित कम्पनी सम्बन्धी कानूनमा उल्लेख भए बमेजिम हुनेछ ।<br><br>४१. **अन्य आवश्यक कुराहरु** : (१) नेपाल राष्ट्र बैंक, ऐन २०५८, बैंक तथा वित्तीय संस्था र कम्पनी सम्बन्धी प्रचलित कानूनमा परिभाषित शब्द वा शब्दावलीहरुलाई यस नियमावलीमा समेत सोही अर्थमा प्रयोग भएको मानिनेछ ।<br>(२) बैंकको आर्थिक वर्ष श्रावण १ गतेदेखि अर्को वर्षको आषाढ मसान्तसम्म हुनेछ ।<br>(३) बैंकको शेयर चल सम्पत्ति मानिनेछ र प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, कम्पनी तथा धितोपत्र सम्बन्धी प्रचलित कानून तथा प्रबन्धपत्र र यस नियमावलीको अधीनमा रही बैंकको शेयर धितो बन्धक | निजहरुको सहिछाप, सम्बन्धी सम्पूर्ण विवरणहरु यसै नियमावलीको नियम ५३ मा उल्लेख भए बमोजिम कायम रहेको मानिनेछ ।<br><br>५२. **<u>नियमावली बाझिएको हद सम्म अमान्य हुने</u>** : यस नियमावलीमा उल्लेख भएका कुराहरु नेपाल राष्ट्र बैंक ऐन, २०५८, ऐन, कम्पनी ऐन तथा धितोपत्र कारोवार सम्बन्धी प्रचलीत कानून संग वाझिएमा वाझिएको हद सम्म स्वत: निष्कृय हुनेछ र यस नियमावलीमा उल्लेख नभएका कुराहरुको हकमा सोहि कानुन वा ऐनहरुमा उल्लेख भए बमोजिम हुनेछ ।<br><br>५३. **<u>संस्थापकले तत्काल लिन कबुल गरेको शेयर संख्या र उद्घोषण</u>** : हामी नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेडको संस्थापकहरुले यो बैंक संस्थापना गरी प्रचलित कानून बमोजीम संचालन गर्न मन्जुर गरेका छौं । यो नियमावलीमा उल्लेखित हाम्रो नाम, ठेगाना, हस्ताक्षर, हामीले लिन कबुल गरेको शेयर र साक्षि सम्बन्धी व्यहोरा ठीक साँचो हो । कुनै कारणले झुट्टा ठहरीन गएमा बैंक दर्ता पश्चात श्रृजना हुने दायित्व व्यहोर्न हामी तयार छौं । यो नियमावलीमा लेखिएका कुरा साँचो हो, झुट्टा ठहरे कानून बमोजीम सहन बुझाउन मन्जुर छौ भनि सहि छाप गरेका छौं । | ५२, नियमावली नियम ४३ को व्यवस्थााई नेपाल राष्ट्र बैंकले तोकिदिएको नियमावलीको ढाँचा मिलाइएको<br><br>५३, नियमावली नियम ४५ को व्यवस्थाई नेपाल राष्ट्र बैंकले तोकिदिएको नियमावलीको ढाँचा मिलाइएको |

राख्न वा सो को बिक्री गरी हक हस्तान्तरण गर्न सकिनेछ ।

(४) बैंकका सञ्चालक तथा कर्मचारीहरुले आफ्नो ओहदा सम्हाल्नु पूर्व तोकिए बमोजिम गोपनियता र इमान्दारीताको सपथ गर्नु पर्नेछ ।

(५) बैंकका कुनै सञ्चालक वा कर्मचारीले वा अन्य सम्बद्ध पक्षले आफ्नो कामको सिलसिलामा थाहा पाएको कुनै पनि सूचना वा जानकारी वा गोप्य कुराहरु कानूनले छुट दिएको अवस्थामा बाहेक अन्य अनधिकृत व्यक्तिलाई थाहा दिनु हुँदैन ।

(६) सञ्चालक समितिले सञ्चालकहरुको निर्वाचन सम्बन्धी निर्वाचन निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(७) सञ्चालकको नियुक्ति वा सञ्चालक समितिको गठनमा भएको अनियमितता वा कुनै सञ्चालकको पद रिक्त रहेको कारणले सञ्चालक समितिको कुनै कामकारवाही बदर हुने छैन ।

(८) बैंकले सञ्चालक, शेयरधनी, कर्मचारी वा बैंकसँग सम्बन्धित विषयको सम्बन्धमा कुनै सूचना, म्याद, बन्दसवाल आदि तामेल गर्दा प्रचलित कम्पनी सम्बन्धी कानून तथा विद्युतीय (इलेक्ट्रोनिक) कारोवार सम्बन्धी प्रचलित कानूनको व्यवस्था बमोजिम गर्न सकिनेछ ।

(९) प्रचलित कानूनमा जुनसुकै लेखिएको भएता पनि बैंक र ग्राहक बीचको सम्बन्ध तथा बैंकको हिसाब किताब, खाता वही, श्रेस्ता र लेखाको विवरण सम्बन्धित वाहेक अन्य कसैलाई थाहा दिईने छैन ।

(१०) साधारण सभाबाट स्वीकृत लाभांश बाहेक बैंकले आफ्नो कोषमा व्ययभार पर्ने गरी शेयरधनीहरुलाई नगद वा जिन्सिको रुपमा कुनै पनि रकम भुक्तानी गर्न वा वितरण गर्न सक्ने छैन ।

(११) बैंकले आफ्नो व्यवसाय सुचारु रुपले संचालन गर्नको लागि आफ्नो आवश्यकता अनुसार कर्मचारीहरु नियुक्त गर्नेछ । कर्मचारीहरुको सेवाका शर्तका सम्बन्धमा संचालक समितिले कर्मचारी सेवा नियम/विनियमहरु बनाउनेछ ।

(१२) नेपाल राष्ट्र बैंक, ऐन २०५८, प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून वा सो अन्तर्गत बनेका नियम वा विनिमय वा सो अन्तर्गत जारी गरिएका आदेश वा निर्देशन

| सि. नं. | संस्थापकहरु को नाम थर वतन र सहिछाप | लिन कबुल गरेको शेयर संख्या | संस्थापक प्रतिनिधिहरु को हस्ताक्षर | साक्षीको नाम थर वतन र सहीछाप |
|---|---|---|---|---|
| १ | बैंक अफ सिलोन, श्रीलंका | २०,००,००० | द.आर. आशिर्वादम् | जनार्दन श्रेष्ठ, डिल्ली बजार |
| २ | एन.वि.ग्रुप (नेपाल) प्रा. लि, बागबजार | २०,००० | द. लक्ष्मी बहादुर श्रेष्ठ | पूजा जोशी, टंगाल |
| ३ | श्री हरि शंकर त्रिपाठी, हाडीगाँउ | ५,००० | द. हरि शंकर त्रिपाठी | प्रकाश श्रेष्ठ, टंगाल वार्ड नं. ५ |
| ४ | श्री नरेन्द्र भट्टराई, ज्ञानेश्वर | १,००,००० | द. नरेन्द्र भट्टराई | सुन्दर राज पुडासैनी, बागबजार |
| ५ | श्रीमती बिनु श्रेष्ठ, कमलादी | ४,८०,००० | द. बिनु श्रेष्ठ | बाबु काजी श्रेष्ठ, का.न.पा. ३१ |
| ६ | श्री बाबु काजी श्रेष्ठ, कमलादी | ४,९८,००० | द. बाबु काजी श्रेष्ठ | कमल गौतम, सानेपा, ललितपुर |
| ७ | श्रीमती कृष्णा श्रेष्ठ, कमलादी | ३,८५,००० | द. कृष्णा श्रेष्ठ | खिम ब.डी.सी, बानेश्वर १० |
| ८ | श्री भरतनरसिंह जोशी, जावलाखेल | ५,००० | द. भरतनरसिंह जोशी | प्रेम कष्ण, ल.पु., सुन्धारा |
| ९ | श्री रुबी जोशी, डिल्लीबजार | ७,००० | द. श्री रुबी जोशी | अर्जुन थापा, जावलाखेल |
| **जम्मा** | | **३५,००,०००** | | |

ईतिसम्वत् २०...साल....महिना...गते...रोज. शुभम्

| | | |
|---|---|---|
| वा यस नियमावली बमोजिम असल नियतले गरेको कुनै काम कार्यवाहीका सम्बन्धमा बैंकका संचालक, पदाधिकारी वा कर्मचारी सामुहिक वा व्यक्तिगत रुपले जवाफदेही हुने छैनन् ।<br>(१३) खारेजी र बचाउः (क) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ३० को उपदफा (२) बमोजिम बैंकको नियमावली संशोधन गरी ईजाजतपत्र प्राप्त गर्नु भन्दा अगावै नेपाल बैंक अफ सिलोन लि. को नामबाट मिति आषाढ १६, २०५३ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको र मिति भदौ २४, २०५९ मा नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि. मा नाम परिवर्तन भई संचालित यस बैंक लिमिटेडको साविकको नियमावली खारेज गरिएको छ ।<br>(ख) माथि खण्ड (क) अन्तर्गत खारेज गरिएको नियमावली बमोजिम भए गरेका काम कारवाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।<br>(गं) खण्ड (क) अन्तर्गत खारेज गरिएको नियमावली बमोजिम कम्पनी संस्थापना हुँदाका बखत कायम रहेका संस्थापकहरु र निजहरुले तत्काल लिन कबुल गरेको शेयर संख्या, सहिछाप, साक्षीहरु तथा निजहरुको सहिछाप, सम्बन्धी सम्पूर्ण विवरणहरु यसै नियमावलीको नियम ४५ मा उल्लेख भए बमोजिम कायम रहेको मानिनेछ ।<br><br>४२. **बैंकको खारेजी :** (१) नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति विना बैंक स्वेच्छाले खारेज हुन सक्ने छैन ।<br>(२) बैंकको खारेजी सम्बन्धी अन्य व्यवस्था प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, प्रचलित कम्पनी सम्बन्धी कानून तथा अन्य प्रचलित कानून अनुरूप हुनेछ ।<br><br>४३. **नियमावली बाझिएको हदसम्म निष्कृय हुने** : यस नियमावलीमा उल्लेख भएका कुराहरू नेपाल राष्ट्र बैंक ऐन, २०५८, प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, प्रचलित कम्पनी सम्बन्धी कानून, धितोपत्र कारोवार सम्बन्धी प्रचलित कानून तथा अन्य प्रचलित नेपाल कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ र यस नियमावलीमा | | |

उल्लेख नभएका कुराहरूको हकमा सोही कानून वा ऐनहरूमा उल्लेख भए बमोजिम हुनेछ ।

४४. **नियमावलीमा संशोधन भएमा लागू हुने अवस्था** : (१) बैंकले यस नियमावलीमा कुनै संशोधन गर्नुपर्ने भएमा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, प्रचलित कम्पनी सम्बन्धी कानूनको व्यवस्थाको अधीनमा रही गरिनेछ र सो संशोधन कम्पनी रजिष्ट्रार कार्यालयमा अभिलेख भएपछि मात्र नियमावली संशोधन भएको मानिनेछ ।

(२) नेपाल राष्ट्र बैंक ऐन, २०५८, प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, कम्पनी तथा धितोपत्र कारोवार सम्बन्धी प्रचलित कानून संशोधन भएको खण्डमा यो नियमावली पनि सोही बमोजिम संशोधन भएको मानिनेछ र यस नियमावलीमा समेत सोही अनुरुप संशोधन गर्नु पर्नेछ ।

**संस्थापकहरुले तत्काल लिन कबुल गरेको शेयर संख्या** : हामी नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड नामक कम्पनीका संस्थापकहरुले देहाय बमोजिमको संख्यामा शेयर लिन कबुल गरी देहायका साक्षीको रोहबरमा यस नियमावलीमा सहीछाप गरेका छौं ।

| सि. नं. | संस्थापकहरुको नाम थर वतन र सहिछाप | लिन कबुल गरेको शेयर संख्या | संस्थापक प्रतिनिधिहरुको हस्ताक्षर | साक्षीको नाम थर वतन र सहीछाप |
|---|---|---|---|---|
| १ | बैंक अफ सिलोन, श्रीलंका | २०,००,००० | द.आर. आशिर्वादम् | जनार्दन श्रेष्ठ, डिल्ली बजार |
| २ | एन.वि.ग्रुप (नेपाल) प्रा. लि, बागबजार | २०,००० | द. लक्ष्मी बहादुर श्रेष्ठ | पूजा जोशी, टंगाल |
| ३ | श्री हरि शंकर | ५,००० | द. हरि शंकर | प्रकाश श्रेष्ठ, टंगाल वार्ड |

| | | | | |
|---|---|---|---|---|
| | त्रिपाठी, हाडीगाँउ | | त्रिपाठी | नं. ५ |
| ४ | श्री नरेन्द्र भट्टराई, ज्ञानेश्वर | १,००,००० | द. नरेन्द्र भट्टराई | सुन्दर राज पुडासैनी, बागबजार |
| ५ | श्रीमती बिनु श्रेष्ठ, कमलादी | ४,८०,००० | द. बिनु श्रेष्ठ | बाबु काजी श्रेष्ठ, का.न.पा. ३१ |
| ६ | श्री बाबु काजी श्रेष्ठ, कमलादी | ४,९८,००० | द. बाबु काजी श्रेष्ठ | कमल गौतम, सानेपा, ललितपुर |
| ७ | श्रीमती कृष्णा श्रेष्ठ, कमलादी | ३,८५,००० | द. कृष्णा श्रेष्ठ | खिम ब.डी.सी, बानेश्वर १० |
| ८ | श्री भरतनरसिंह जोशी, जावलाखेल | ५,००० | द. भरतनरसिंह जोशी | प्रेम कष्ण, ल.पु., सुन्धारा |
| ९ | श्री रुबी जोशी, डिल्लीबजार | ७,००० | द. श्री रुबी जोशी | अर्जुन थापा, जावलाखेल |
| **जम्मा** | | **३५,००,०००** | | |

ईति सम्वत् २०...साल....महिना...गते...रोज. शुभम्

नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि.
NEPAL CREDIT & COMMERCE BANK LTD.